# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

सोमबार, वैशाख ३, २०७५ | Monday, April 16, 2018 | www.newsofnepal.com | नेसं ११३८ चौलागा ३० | वर्ष २४, अंक ९६ | पृष्ठ १२ | मूल्य रू १०/–



२ { ५ वर्षे रोडम्याप कुरा छ काम के हुन्छ

५ { गुण्डागर्दीमा सम्झौता नगर्न महानिरीक्षकको निर्देशन

९ { 'कर्णालीको विकासका लागि बस्ती विकास गर्नुपर्छ'

११ { विद्युत् बक्यौता ११ अर्ब


एमाले-माओवादी केन्द्र एकता प्रकरण

# वैशाख ९ मा एकता हुनेमा आशंका

**नेपाल समाचारपत्र**

काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच आउँदो ९ गते पार्टी एकता हुनेमा आशंका बढेको छ। पार्टी एकताका लागि वैचारिक र सैद्धान्तिक विषयमा मोटामोटी सहमति भए पनि सांगठानिक विषयमा सहमति जुट्न नसक्दा एकताको मिति लम्बिने भएको हो।

दुवै पार्टीले औपचारिक मिति सरेको घोषणा नगरे गृहकार्य कम हुने भएकाले केही सातापछि मात्र पार्टी एकता गर्ने तयारी दुवै दलबीच शुरु भएको छ। वैशाख ९ गते कम्युनिस्ट पार्टी स्थापना भएको अवसर पारेर दुवै दलले पार्टी एकताको घोषणा गर्ने घोषणा गरे पनि आन्तरिक तयारीको कारण पार्टी एकता घोषणा प्रक्रिया लम्बिने माओवादी केन्द्रका एक नेताले बताए। ती नेताले भने- 'पार्टी एकता हतारोमा हुने विषय होइन, यसका लागि समय लाग्छ, पार्टी एकता गरेर पछि किचलो गर्नुभन्दा अहिले नै विवादित विषयमा सहमति जुटाएर नै एकता गर्नुपर्छ।'

पार्टी एकताका लागि पछिल्लो समयमा प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका कारण दुई पार्टीबीच छलफल हुन सकेको छैन। गत चैत २७ गते एकता संयोजक समितिको बैठक बस्ने पूर्वसहमति भए पनि एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीको कार्यव्यस्थताका कारण सर्दै आएको छ।

सांगठनिक र वैचारिक कार्यदलले दिएको प्रतिवेदनमाथि एकता संयोजक समितिको बैठकमा

- पचास/पचासमा माओवादीको अडान
- एकता संयोजक समितिको बैठक नै बस्न सकेन
- माओवादीले अझै केन्द्रीय सदस्य टुंगो लगाउन सकेन
- एमालेले बोलायो केन्द्रीय कमिटीको बैठक
- माओवादी पर्ख र हेरको रणनीतिमा

छलफल नै हुन सकेको छैन। एकताका लागि खाका तयार भए पनि माओवादी केन्द्रले ५०/५० को आधारमा एकता हुनुपर्ने अडान लिएको छ। तर, एमालेले भने ५०/५० को आधारभन्दा पनि पार्टीको हैसियतको आधारमा एकता हुनुपर्नेमा जोड दिँदै आएको छ।

माओवादी केन्द्रले पदाधिकारी, स्थायी समिति र केन्द्रीय समितिमा बराबरी संख्याको आधारमा एकता गर्नुपर्ने बताएको छ। प्रदेश र जिल्ला तहको कमिटीमा पुनर्विचार गर्न सकिने भए पनि पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म समान हैसियतमा सदस्यहरू हुनुपर्ने अडानका कारण एमाले झस्किएको छ।

नेकपा माओवादी केन्द्रले साढे तीन लाख साधारण सदस्य र एमालेले चार लाख भन्दा बढी साधारण सदस्य रहेको दाबी गरेका छन्।

माओवादीभित्र केन्द्रीय सस्यको संख्या कति बनाउने भन्ने विषयमा अहिलेसम्म टुंगो लाग्न सकेको छैन। एकता संयोजक समितिको बैठकमा केन्द्रीय सदस्य, स्थायी समिति र पदाधिकारीको टुंगो लागेपछि मात्र कति जना केन्द्रीय सदस्य बनाउने भन्ने विषयमा माओवादीले छलफल गर्ने भएको छ।

माओवादी केन्द्रका नेता देवेन्द्र पौडेलले ९ गतेको तयारी भए पनि समय अलिकता अभाव हुने हो कि भन्ने आशंका गर्नुभयो। उहाँले पार्टी एकता गर्ने भन्ने विषयमा कुनै आशंका नरहेको बताउँदै गृहकार्य नपुगेको कारण केही दिन लम्बिन पनि सक्ने संकेत गर्नुभयो।

एमाले र माओवादी केन्द्रभित्र जनयुद्ध शब्द राख्ने कि जनक्रान्ति, चुनावी चिहन के राख्ने र सम्मानजनकरूपमा पार्टी एकता गर्ने विषयमा विवाद रहेको छ। मुख्य तीन विषयको विवाद समाधान गर्न बस्ने भनिएको एकता संयोजक समितिको बैठक बस्न सकेको छैन।

(क्रमशः पृष्ठ ९ मा)

# सरकारी कार्यालय हस्तान्तरणमा अन्योल

**सुनील महर्जन, काठमाडौं**

औपचारिकरूपमा जिल्लास्थित सरकारी कार्यालय खारेज भए पनि व्यावहारिक कठिनाइले स्थानीय तहलाई हस्तान्तरण गर्न भने अझै केही समय लाग्ने भएको छ।

सरकारले गत चैत २८ गते बुधबार जिल्लास्थित अधिकांश सरकारी कार्यालयहरू औपचारिकरूपमा खारेज गरेको थियो। खारेज गरिएका कार्यालयहरूमा जिल्लास्थित मालपोत कार्यालय, नापी कार्यालय, भूमि सुधार कार्यालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, वन कार्यालय, सिँचाइ कार्यालय, भू-संरक्षण कार्यालय, महिला विकास कार्यालय, सहकारी डिभिजन कार्यालय, खानेपानी कार्यालयलगायत तीन दर्जन कार्यालय रहेका छन्। कानुनतः खारेज भएका ती कार्यालयहरू क्रमशः हस्तान्तरण गर्दै जाने नीति सरकारले लिएको छ।

त्यसै गरी जिल्लास्थित शिक्षा कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय जिल्ला समन्वय समिति संयोजनमा यथावत् राखिएको छ। जिल्लास्थित प्राविधिक कार्यालय क्रमशः हस्तान्तरण गर्दै लगिने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका रुद्रसिंह तामाङले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

> कतिपय कार्यालयको म्याद थपिएको तथा कतिपय स्थानमा कर्मचारी खटाउने जस्ता मुख्य काम हुन नसक्दा ढिलो हुन गएको बताइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०४ अनुसार जिल्लास्तरीय सबै कार्यालय खारेज हुनुपर्ने हो। स्थानीय तहलाई अधिकार हस्तान्तरण गर्ने कतिपय काम पूरा भइनसकेकाले खारेजीमा ढिलाइ हुन लागेको मन्त्रालयले जनाएको छ। कतिपय कार्यालयको म्याद थपिएको तथा कतिपय स्थानमा कर्मचारी खटाउने जस्ता मुख्य काम हुन नसक्दा ढिलो हुन गएको बताइएको छ। स्थानीय तहले स्वामित्व ग्रहण गर्न पनि समय लाग्ने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले अधिकार हस्तान्तरण गर्ने र लिने दुवै पक्ष पूर्णरूपमा तयार भइनसकेकाले कतिपय ठाउँमा व्यवस्थापन गर्न समय लाग्ने बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# सरकारी कार्यालयमा खाली खुट्टा

**गंगा बराल, काठमाडौं**

सुन्दा अचम्म लाग्न सक्छ, सरकारी कार्यालयमा सेवा लिन जाँदा खाली खुट्टा जानुपर्छ। तर, यो सत्य हो बबरमहलमा रहेको न्याय सेवा तालिम केन्द्रमा ८ वर्षदेखि यस्तो व्यवस्था गरिएको छ।




केन्द्रका सूचना अधिकारी रमेशकुमार उपाध्याय लुइँटेलका अनुसार सेवा लिन जो गए पनि जुत्ता चप्पल फुकालेर भित्र पस्नुपर्छ। 'सानो ठूलो मान्छे भन्ने नै हुँदैन, यो हाम्रो नियम नै हो, प्रधानमन्त्री आउँदा पनि जुत्ता चप्पल खोलेरै भित्र पस्नुहुन्छ, शुरुमा यो अभियान कस्तो होला भन्ने लागेको थियो तर अब स्वाभाविक लागेको छ', लुइँटेलले भन्नुभयो- 'शुरुमा असहज जस्तो लागे पनि प्रयोग गर्दै गएपछि साँच्चै राम्रो काम गरेछौं भन्ने लागेको छ।' तालिम प्रमुख रामकुमार आचार्य रहँदा १ चरणमा कार्यालयभित्र आन्तरिक छलफल गरेर यस्तो अभियानको थालनी गरिएको हो।

'जो आए पनि राम्रो काम भनेका छन्, अरूले पनि यस्तै अभियान चलाउने प्रतिबद्धता जनाएर जानुहुन्छ', उहाँले भन्नुभयो- 'कसैलाई भन्नै पर्दैन बाहिर सूचना छ, अरूले गरेको देखेर पनि व्यवहारमा उतार्नुहुन्छ।'

केन्द्रमा करारसहित २१ जनाको दरबन्दी रहेको छ। तालिम प्रमुख कलानिधि पौडेल प्रदेश सचिव भएर गएपछि अहिले पुष्करराज नेपाल निमित्तको जिम्मेवारीमा हुनुहुन्छ। यहाँ बाहिर २२ जोर चप्पल राखिएका छन् तर कर्मचारीबाहेक अरूले प्रयोग गर्न पाउँदैनन्। शौचालय पनि घर जस्तै राम्रो बनाउनुपर्छ भनेर सबै कर्मचारीले विशेष ध्यान दिँदै आएको कार्यालयले जनाएको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयअन्तर्गत २०३८ सालमा स्थापना भएको यो केन्द्रले विशेष गरी विभिन्न समयमा दक्षता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ। 'पहिला एकदम फोहोर हुन्थ्यो, सफा गरेर सम्भव नै हुँदैनथ्यो, आजभोलि न त फोहोर हुन्छ न त सफा गर्ने झन्झट नै छ।'

(क्रमशः पृष्ठ ९ मा)

नयाँ भर्ना अभियान

# को-को बने अभिभावक ?

**ईश्वरराज ढकाल, काठमाडौं**

प्रधानमन्त्री केपी शर्मा ओलीले मुगुको बुद्ध मावि माग्रीमा ५ वर्षीय बालक ठिन्ले साङ्मु तामाङको भर्ना गरी यो वर्षको भर्ना अभियान शुरु गर्नुभएको छ। रारा पर्यटन महोत्सवलाई सम्बोधन गर्न गएका बेला उहाँले सो अभियान शुरु गर्नुभएको हो।

सोही क्रममा उहाँकी पत्नी राधिका शाक्य पनि सोही विद्यालयका छिरिङ छेमजोङ लामाको अभिभावक बन्नुभयो। मुख्यसचिव लोकदर्शन रेग्मीले भर्ना अभियानका लागि आग्रह गरेपछि केही सचिव र सहसचिवले ६ लाख रुपियाँ जुटाइसकेका छन्।

रक्षामन्त्री ईश्वर पोखरेल मुगु मुर्मास्थित नेरा माविमा सूर्यदेवी रोकाया र पुष्कर रोकाया, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल बुद्ध माविमा कर्मा सांगिन लामा, पर्यटनमन्त्री रवीन्द्र अधिकारी मुगुको पुन्नबहादुर कुमाल, ६ नम्बर प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही सरोज नेपाली, पूर्वसभामुख सुवास नेम्वाङ विनीता नेपाली र पूर्वमन्त्री जनार्दन शर्मा सन्तोष भियालको अभिभावक बन्नुभयो। कर्णाली प्रदेशका भूमि व्यवस्थामन्त्री विमला केसी, पर्यटनमन्त्री नन्दसिंह बुढा, आर्थिक मामलामन्त्री प्रकाश ज्वाला र सामाजिक विकासमन्त्री दल रावल मुगुकै बालबालिकाको अभिभावकत्व ग्रहण गर्नुभयो।

यस्तै शिक्षा सचिव खगराज बरालले पर्वत, विभागका महानिर्देशक बाबुराम पौडेलले कास्की, शिक्षा मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालले गोरखा, डा. हरि लम्सालले तनहुँ र पाल्पा, बालकृष्ण पन्थीले रूपन्देही, सूर्यप्रसाद गौतम बर्दिया, दीपक शर्माले काभ्रे, केशवप्रसाद दाहालले खोटाङ र टेकनारायण पाण्डेले खगेन्द्र नवजीवन जोरपाटीका विद्यालयमा भर्ना गर्ने कार्यक्रम रहेको शिक्षा विभागले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)




# महानगर

संघ, प्रदेश र स्थानीय तहमा शैक्षिक सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन तत्काल गरिने, विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी एवं दातृ निकायबाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालनका निम्ति समन्वय र नीति निर्देशन गर्न उच्चस्तरीय संयन्त्र बनाइने कुरा सो मागचित्रका उठाइएको छ।

# ५ वर्षे रोडम्याप
# कुरा छ काम के हुन्छ ?

शिक्षकको विज्ञता परीक्षण र विद्यालयका प्रधानाध्यापको नेतृत्व परीक्षण गर्ने, नतिजा सूचकसहितको स्कूल चार्टर निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था अनिवार्य गरिनेछ।



ईश्वरराज ढकाल
ishwor32@gmail.com

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सार्वजनिक गर्नुभएको ५ वर्षे मार्गचित्रमा अधिकांश अधिकार मन्त्रालयमै केन्द्रित छ।

उक्त मार्गचित्रमा स्थानीय तहमा गइसकेको माध्यमिक शिक्षालाई केन्द्रबाटै कार्यान्वयन गर्ने गरी बढी जोड दिइएको छ। विद्यालयको पाठ्यक्रमलाई समसामयिक परिवर्तन गर्ने, प्रधानाध्यापकले शिक्षकसँग नतिजामूलक कार्यसम्पादन सम्झौता गरी सोअनुरूप कार्य सञ्चालन गरी मूल्यांकनका आधारमा नतिजामा आधारित प्रोत्साहन व्यवस्था गर्ने, शिक्षकको कार्य समय मापन गरी नियमित पठनपाठन सुनिश्चित गर्ने कुरा मार्गचित्रमा उल्लेख छ।

यसै गरी शिक्षकको हातमा पाठ्यक्रम र विद्यार्थीको हातमा पाठ्यपुस्तक व्यवस्था गर्ने, आर्थिकरूपमा विपन्न, सीमान्तकृत र लक्षित समूहका बालबालिकाको पढ्ने अधिकार सुनिश्चितताका लागि अभिभावक सहायता कार्यक्रम सञ्चालनमा ल्याइनेलगायत स्थानीय निकायसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू मार्गचित्रमा समावेश गरिएका छन्।

मार्गचित्रमा समेटिएका अन्य विषयमा राष्ट्रिय शिक्षा आयोगलाई पुनर्गठन गरी आयोगको सिफारिसको आधारमा समाजवाद उन्मुख राष्ट्र र संघीय व्यवस्था अनुकूलको शिक्षा नीति निर्माण गर्ने, कक्षा १ देखि १२ सम्मको शिक्षालाई नि:शुल्क र अनिवार्य गर्ने, एक वर्षभित्र औपचारिक, अनौपचारिक र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको गुणस्तर सुनिश्चितताका लागि राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप निर्माण गरी कार्यान्वयन गर्ने आदि रहेका छन्।

एक महिनाभित्र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन र ६ महिनाभित्र मानव स्रोत प्रक्षेपणसहितको मानव संसाधन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, हरेक प्रदेशमा एक/एक वटा आवासिय मातृभाषी विद्यालय स्थापना गरी विद्यार्थीको रुचि, क्षमता र बौद्धिकतालाई सम्बोधन गर्न कला, खेलकुदलगायतका विशिष्टिकृत विद्यालय स्थापना र सञ्चालन गर्न अघि बढाइने जस्ता सवाल मार्गचित्रले उठाएको छ।

मन्त्री पोखरेलले प्रारम्भिक बाल विकास, हामी सबैको प्रतिबद्धता सार्वजनिक शिक्षाको गुणस्तरीयता, निजी शिक्षाको नियमन, सम्वृद्ध राष्ट्र निर्माणको आधार, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, उच्च शिक्षा, विज्ञान र प्रविधि र सुशासन तथा व्यवस्थापन गरी १० बुँदे मार्गचित्र सार्वजनिक गर्नुभएको थियो।

मार्गचित्रमा संविधानको संघीय मर्मबमोजिम शिक्षा मन्त्रालयको पुनर्संरचना गरिने, राष्ट्रिय शिक्षा आयोगको अधिकार क्षेत्रभित्र राख्ने गरी सबै विश्वविद्यालयलाई संस्थागत र विधिगतरूपमा सञ्चालन गर्न एकीकृत ऐन निर्माण गर्ने, संविधानको संघीय मर्मअनुरूप शिक्षा मन्त्रालय र त्यसअन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक सांगठनिक संरचना यथासक्य चाँडो निर्माण गरिने कुरा उल्लेख छ।

साथै संघ, प्रदेश र स्थानीय तहमा शैक्षिक सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन तत्काल गरिने, विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी एवं दातृ निकायबाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालनका निम्ति समन्वय र नीति निर्देश गर्न उच्चस्तरीय संयन्त्र बनाइने कुरा सो मार्गचित्रका उठाइएको छ।

यसै गरी उच्च हिमाली, दुर्गम क्षेत्र, विपन्न र भौगोलिकरूपमा विद्यालयबाट टाढा रहेका विद्यार्थीका निम्ति आवासीय सुविधासहितको शिक्षाको विस्तार गरिने, परिवर्तित विद्यालय संरचनाअनुरूप विद्यालय तहको पाठ्यक्रममा समसामयिक परिमार्जन गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम र कक्षा शिक्षण वा बहुकक्षा शिक्षण व्यवस्था र माध्यमिक तहमा एकल पथिय पाठ्यक्रम लागू गरिनेछ।

शिक्षकको विज्ञता परीक्षण र विद्यालयका प्रधानाध्यापको नेतृत्व परीक्षण गर्ने, नतिजा सूचकसहितको स्कुल चार्टर निर्माण गरी कार्यन्वयन गर्ने व्यवस्था अनिवार्य गरिनेछ। विद्यालय उमेर समूहका सडक बालबालिका र बाल श्रमिकलाई आवासीय सुविधासहित शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने जस्ता विषय मार्गचित्रमा उल्लेख छ।

मार्गचित्रका अनुसार निजी विद्यालयलाई नियमन गर्न कम्पनी ऐनअन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरूलाई गुठी वा सहकारीमार्फत सञ्चालन गर्न आह्वान गर्ने, निजी क्षेत्रबाट सञ्चालित विद्यालय तथा उच्च शिक्षाको प्रभावकारी नियमनको प्रबन्ध मिलाई निजी क्षेत्रबाट हुने लगानीलाई सेवामूलक बनाइने, सार्वजनिक निजी साझेदारीअन्तर्गत संस्थागत विद्यालयले हरेक १० जना विद्यार्थी बराबर १ जना विपन्न तथा गरिब विद्यार्थीलाई छात्रवृत्तिसहित अध्यापन गराउने व्यवस्था लागू गरिने रहेका छन्।

उक्त मार्गचित्रमा उच्चशिक्षामा राष्ट्रिय स्वयंसेवा कार्यक्रम सञ्चालन गरिने, विश्वविद्यालयलाई राष्ट्रिय तथा प्रादेशिक विश्वविद्यालयमा वर्गीकरण गरिने, संघीय र प्रादेशिक विश्वविद्यालयका लागि संघीय सरकारमार्फत हुने लगानीको ढाँचा निर्धारण गरिने, संविधानले निर्दिष्ट गरेका समूहका लागि समतामा आधारित नि:शुल्क उच्च शिक्षाको अवसर प्रदान गरिने, विश्वविद्यालयमा पदाधिकारी नियुक्तिका लागि खुला प्रतिस्पर्धात्मक पद्दति अबलम्वन गरिने बताइएको छ।

यस्तै आर्थिकरूपमा विपन्न सीमान्तकृत तथा लक्षित वर्गको उच्च शिक्षामा पहुँच वृद्धि गर्न उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण शैक्षिक ऋण कार्यक्रमलाई कार्यान्वयनमा ल्याइने उल्लेख गरिएको छ। यसै गरी दुई वर्षभित्र साक्षर नेपाल घोषणा गरिने, खुला विद्यालय शिक्षालाई कक्षा १२ सम्म विस्तार गरिनेलगायत छन्।

ECAN
नेपाल शैक्षिक परामर्श संघ


# ई-क्यान
# चुनावी भिडन्त



देवीदास भट्टराई
उपाध्यक्ष

खड्ग ताम्लिङ लिम्बु
उपाध्यक्ष

सपना राजभण्डारी
उपाध्यक्ष



शेषराज भट्टराई
महासचिव

श्यामबहादुर कँडेल (सोम)
सचिव

दीपकराज भुषाल
सचिव

गोविन्द अधिकारी
कोषाध्यक्ष

निरूपमा राजभण्डारी
सहकोषाध्यक्ष

सदस्यहरू



प्रकाश श्रेष्ठ
पुष्पराज भट्टराई
कर्णबहादुर गुरुङ
वासुदेव दाहाल
वाईबी पौडेल



बीके श्रेष्ठ
महेश श्रेष्ठ
सूदन चौहान
सुष्मा आचार्य



विष्णुहरि पाण्डे
अध्यक्ष

नेपाल शैक्षिक परामर्श संघ नेपाल ई-क्यानको अधिवेशनमा दुई प्यानलबीच प्रतिस्पर्धा हुने भएको छ।

यही वैशाख ८ गते राजधानीमा आयोजना हुने निर्वाचनमा विष्णुहरि पाण्डे र सरोज बस्नेतको प्यानलबीच प्रतिस्पर्धा हुने भएको छ। काठमाडौंबाट २ सय ७६ र ललितपुर, पोखरा, चितवन, पूर्वाञ्चल र रुपन्देही समन्वय समितिबाट १ सय ३ गरी ३ सय ७७ प्रतिनिधिले प्रत्यक्ष मतदान गर्नेछन्। निर्वाचनमा विष्णुहरि पाण्डेको प्यानल मजबुत देखिएको छ। २१ वर्ष पूरा गरेको ई-क्यानलाई यो निर्वाचनले नयाँ नेतृत्व दिनेछ। अध्यक्षका प्रत्यासी पाण्डेले ई-क्यानलाई समय सापेक्षरुपमा अघि बढाउन आफ्नो प्यानल चुनावी मैदानमा होमिएको बताउनुभयो।

अर्का प्रत्यासी बस्नेतको प्यानलले '२४ महिना २४ काम सही नेतृत्व साझा ई-क्यान' को नारा दिएर चितवनमा प्यानल घोषणा गरेको थियो।

## पाण्डे प्यानलको प्रतिबद्धता

- वार्षिक कार्ययोजनालाई कार्यान्वयन गर्दै लैजाने।
- वैदेशिक अध्ययनका लागि विद्यार्थी, अभिभावक र परामर्शदातालाई सुसूचीत गर्न सूचनामूलक कार्यक्रमको आयोजना गर्ने।
- विभिन्न देशका दूतावास, उच्च आयोग, कूटनीतिक तथा शैक्षिक निकायहरुसँग सम्पर्क कायम गर्दै सुमधुर सम्बन्ध विस्तार गर्ने।
- शिक्षा सेवा करको रुपमा सरकारले विदेश जाने विद्यार्थीहरुसँग लिने १ प्रतिशत शुल्क विद्यार्थीकै हितका निमित्त प्रयोगका लागि सम्बन्धित निकायसँग पहल गर्ने।
- समग्र विद्यार्थीको भिसा निर्णयमा हुने ढिलाइ तथा ट्युसन फि फिर्तासम्बन्धी विषयमा कूटनीतिक नियोगसँग पहल गर्ने।
- शैक्षिक परामर्श क्षेत्रमा विदेशी एवं अपारदर्शी लगानी बन्द गर्न कानुनी प्रबन्धका निमित्त पहल गर्ने।
- विदेशी शैक्षिक संस्थाहरुले परामर्शदाताबिनाको प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सञ्चालन गर्ने भर्ना प्रक्रिया तथा प्रवर्द्धनात्मक क्रियाकलाप बन्द गर्न पहल गर्ने
- शैक्षिक परामर्श क्षेत्रमा विदेशी लगानी तथा विदेशी परामर्श कम्पनीको नेपाली भू-भागमा शाखा विस्तारका लागि रोक लगाउन पहल गर्ने।
- शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका २०७२ मा व्यवसायीलाई अहित हुने खालका बुँदाहरुलाई परिमार्जन गर्न सम्बन्धित निकायहरुमा दबाब दिई सदस्य मैत्री बनाउने।
- विभिन्न देशका गैरआवासीय नेपाली संघ-संस्थासँग समन्वय गरी अध्ययनरत विद्यार्थी र अध्ययन गर्न जान चाहने विद्यार्थीलाई सहजता प्रदान गर्ने।
- ई-क्यान सदस्य संस्थाहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतामा अझ वृद्धि गर्नका लागि सदस्य संस्थाहरूलाई विभिन्न फोरमहरुमा सदस्यता, लविङ, सहुलियत र उपस्थितिको लागि पहल गर्ने।
- शैक्षिक मेलालाई अझ बढी सूचनामूलक र विद्यार्थी केन्द्रित बनाउन पहल गर्ने, विभिन्न देशका भिसा सेक्सन ल्याउन र नेपालमा भएकालाई यहीं राख्न पहल गर्ने।
- केन्द्रीय र शाखा कार्यालयलाई समायानुकूल नयाँ संरचना प्रदान गर्ने, संघलाई प्रादेशीक स्वरुप तथा शाखालाई सक्षम बनाई स्वायत्तता प्रदान गर्ने।
- शिक्षा मन्त्रालयअन्तर्गत रहेको शैक्षिक परामर्श तथा भाषा शिक्षण क्षेत्रलाई नियमन गर्ने निकायलाई अझ प्रभावकारी तथा सेवाहरु नियमित एवं पारदर्शीरुपमा छिटोछरितो गरी प्रवाह गर्न सक्षम बनाउन प्रयास तथा पहल गरिने।

## बस्नेत प्यानलको प्रतिबद्धता

- राज्य संयन्त्रसँगको आबद्धता ई-क्यानलाई समसामयिकरुपमा अद्यावधिक गराई वर्तमान शासकीय स्वरुप एवं संघीय ढाँचा तथा प्रणालीबमोजिम विकसित गरी राज्यका सबै सम्बन्धित निकायहरुसँग विशेष सम्बन्ध स्थापित गरिने
- प्रतिनिधित्व, पहिचान, पहुँच बढाइने
- प्रभाव, प्रतिष्ठा एवं प्रगतिमा समावेशीता ई-क्यानको वर्तमान अभ्यासमा कार्य समितिका पदाधिकारीहरुले मात्र तुलनात्मकरुपमा बढी अवसर एवं लाभ प्राप्त गर्ने परिपाटी विद्यमान रहेकाले सम्पूर्ण सदस्यको सन्तुलित प्रतिनिधित्व कायम गरिने
- ई-क्यानको विश्वव्यापीकरण गर्ने
- व्यवसाय सहायता केन्द्र गठन गर्ने
- विभिन्न प्रकारका इभेन्ट तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने
- विशेष वित्तीय कोष स्थापना एवं सञ्चालन गर्ने
- विद्यमान कार्यालयको आधुनिक व्यवस्थापन गर्ने
- सहायता कक्ष सञ्चालन गर्ने
- व्यवस्थित शैक्षिक सेवा शुल्क लिने व्यवस्था गर्ने
- सचिवालयको कार्य ढाँचा/कार्य पद्धतिमा सुधार गर्ने
- सम्भावित गन्तव्यहरुको पहिचान गरी विभागहरुको गठन गर्ने
- ई-क्यानको ख्याति एवं उत्कृष्टता कायम गर्ने
- प्रतिभाशाली, गरिब, जेहेन्दार एवं विपन्नलगायत वर्ग समुदायका विद्यार्थीको वस्तुपरक मूल्यांकन गरी छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने
- छात्रवृत्ति वितरण लाभहरुको समन्वय गरी बाँडफाँड एवं पारदर्शिता कायम गर्ने
- विदेश विभाग/उपविभागहरु गठन गर्ने



राजेन्द्र रिजाल
उपाध्यक्ष

महेशबाबु तिमल्सिना
उपाध्यक्ष

उमेश दुंगेल
उपाध्यक्ष



सन्तोष प्याकुरेल
महासचिव

विक्रम केसी
सचिव

ज्ञानेन्द्रमान जोशी
सचिव

सूर्य डाँगी
कोषाध्यक्ष

राकेश श्रेष्ठ
सहकोषाध्यक्ष

सदस्यहरू



प्रकाश साह
मनिराम राउत
दीपक कोइराला
सुनीता श्रेष्ठ
नवराज क्षत्री केसी



हरिराम लामिछाने
शोभित श्रेष्ठ
मनोरथ साह



सरोज बस्नेत
अध्यक्ष



# वर्ष २०७४ ले गुमाएका कलाकर्मी

रश्मी थापा

- अभिनेता तथा फिल्म निर्माता सिहंको मृगौलाको समस्याका कारण गत बैशाख ८ गते ५८ वर्षको उमेरमा भारतको कलकत्तास्थित कलकत्ता मेडीकल एन्ड रीसर्च सेन्टरमा उपचारको क्रममा निधन भयो। २०७२ सालमा मृगौलाले काम गर्न छोडेपछि भारत गएर मृगौला प्रत्यारोपणको क्रममा हृदयघात भएपनि उनी सफल प्रत्यारोपणपछि काठमाडौ फर्केका थिए। तर अचानक स्वास्थ्यमा समस्या आएपछि उनलाई उपचारको लागि भारत लगिएको थियो।
- संगीतकर्मी तथा कलाकार विक्रम परियारको अज्ञात समुहले खुकुरी प्रहार गरी वैशाख ३१ गते हत्या गर्‍यो। स्थानिय तहको निर्वाचनमा भोट हाल्न काठमाडौंबाट गृहजिल्ला तनहँ‘ पुगेका उनीमाथि भोट हालेर फर्कन`क्रममा खुकुरी प्रहार भएको थियो भने उनको शव छाला फयाक्ट्रि नजिकै भेटिएको थियो।
- *पिरती आफैं हँ‘दो रैछ, विरताको चिनो वीरको सन्तान, माया के होला*जस्ता दर्जनौं कालजयी गीतहरूकी गीतकार कुसुम गजमेरको उपचारको क्रममा जेठ १८ गते भारतको मुम्बईमा निधन भयो। कलेजोको समस्याबाट जुध्दै आएकी उनी ७३ वर्षकी थिइन्। उनी ख्यातिप्राप्त संगीतकार रनजीत गजमेरकी पन्ती तथा अभिनेत्री तथा गीतकार भारती घिमीरेकी आमा एवं निर्देशक तुलसी घिमीरेकी सासु हुन्।
- कात्तिक ५ गते जनवादी गायक खुशीराम पाखिनको चितवनमा निधन भयो। माओवादी पोलिटब्युरो सदस्य तथा माओवादी अध्यक्ष प्रचण्डपुत्र स्व. प्रकाश दाहालको चितवनमा आयोजित श्रद्धाञ्जली तथा चुनावी सभामा गीत गाउने क्रममा बेहोस भई ढलेपछि चितवनको नारायणी सामुदायिक अस्पताल लगीएको उनलाई चिकित्सकले मस्तिष्कघातको कारण निधन भएको घोषणा गरेका थिए।
- कात्तिक ३० गते संसारकै सबै भन्दा होचो कदको कलाकरको रूपमा *गिनीज बुक अफ वर्ल्ड रेकर्डस्*मा  नाम लेखाउन प्रयासरत कलाकार दीपेन शाहको ललीतपुरको किष्ट अस्पतालमा निधन भयो। छाती र मृगौलामा ईन्फेक्शन तथा उच्च रत्तचाप भएर ४ दिनसम्म अस्पतालमा उपचाररत उनको अस्पातलमै निधन भएको हो। केवल ३१ ईञ्चका उनले केहि फिल्म तथा हास्य टेलिश्रृङखला *झ्याईंकुटी झ्याईं*मा दीपेन सरको रूपमा अभिनय गरेर दर्शकको मन जित्दै आएका थिए।
- भदौ २६ गते ठाडो भाकाका शिरोमणी भेडीखर्के साईंला (दिर्घराज अधिकारी) को ८४ वर्षको उमेरमा लमजुङको सुन्दर बजारस्थित निवासमा निधन भयो। उनी ठाडो भाकाको लागि प्रख्यात थिए।
- लोकप्रिय रेडियो कार्यक्रम सञ्चालक तथा गायक वासुदेव मुनालको गत भदौमा निधन भयो। ११ वर्ष अघि लडेर ब्रेन ह्याम्ब्रेज भोगेका उनको *उकालीमा पनि हजुर मोटर जाँदो रैछ*जस्ता गीत हिट छन्।
- संगीतकार चन्द्रराज शर्माको पुस ६ गते शिक्षण अस्पताल महाराजगञ्जमा निधन भयो। स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल लगिएको उनलाई अस्पताल पुग्नेवित्तिकै चिकित्सकले मृत घोषणा गरेका थिए। १९९६ मा काठमाडौंको डील्लीबजारको एक संगीतिक घरानामा जन्मिएका उनले *हामी नदिका दुई किनारा, हाम्रो मीलन असम्भव छ, मनमा माया तनमा माया, मेरा माल मलाई फर्काईदेउ बाबु*जस्ता कालजयी गीतहरूमा संगीत दिऐका थिए।
- साहित्यकार तथा नायिका जल शाहकी आमा प्रेमा शाहको पुष ६ गते अमेरिकाको साल्टलेक सिटी युटास्थित ईन्टर माउन्टेन हेल्थ सेन्टरमा उपचारको क्रममा निधन भयो। अस्वस्थताका कारण केहि समयदेखी उनी अस्पतालमै थिइन्। वीरगंजको श्रीपुरमा जन्मिएकी ७५ वर्षिया उनी यौन मनोविज्ञान, विद्रोश तथा नारी सचेतनामुलक साहित्यका लागि लोकप्रिय थिइन्। *पहेलो गुलाब* उनको लोकप्रिय कथासंग्रह हो। जल शाहलाई नायिकाको रूपमा स्थापित गराउन उनले ठुलो भुमिका निर्वाह गरेकी थिइन्।
- पुस १२ गते राजधानीको बत्तीसपुतलीमा भएको सवारी र्द‘घटनामा परी मोडल, रङ्गकर्मी तथा अभिनेत्री विना थापाको निधन भयो। २७ वर्षीया उनले चलाईरहेको स्कुटरलाई पानी ट्याङ्क्रले ठक्कर दिएपछि सख्त घाईते भएकी उनलाई उपचारको लागि वीर अस्पताल पुर्‍याईए पजि उपचारकै क्रममा निधन भएको हो। उनले *रामप्यारी, उर्वशी, डीभोर्स*जस्ता फिल्ममा अभिनय गरेकी थिइन्।
- माघ १ गते घुमघामको सिलसिलामा आफन्तका साथ धनगढीको टीकापुर पुगेका संगीतकार विजयसिंह मुनालको आकस्मिक निधन भयो। अघिल्लो रात रमाइलो गरी सुतेका उनलाई सोमबार बिहान अचानक मृत अवस्थामा भेटिएको थियो। उनी लामो समयदेखि उच्च रक्तचापबाट पीडीत थिए। उनको परिवारमा गायिका पुत्री वृन्दा मुनाल तथा श्रीमती छन्।
- *यादैं यादमा अल्झ्यो मेरो जिन्दगानी*जस्ता लोकप्रिय गीतका गायक तथा संगीतकार रमेश ताम्राकारको हृदयघाटबाट गत माघमा निधन भयो। अचानक छातीमा पीडा भएपछि उनलाई बल्खुस्थित बयोधा अस्पतालमा लगिएको थियो। अस्पताल पुर्याउनुअघि नै उनको निधन भएको जानकारी चिकित्सकहरूले उनको परिवारलाई गराएका थिए। मधुमेहबाट पीडित ताम्राकार साास्कृतिक संस्थानको दोस्रो महाप्रबन्धकका रूपमा समेत काम गरेका थिए। उनले *ईशारा जोडिदियौं तिमीले, बाच्न जन्मेको नेपाली म, आज मैले एउटा सपना देखें, गुन्द्रुक पकाउन पर्दैन, धेरैसँग माया, औंला औंलामा, चाग निगा स्वंङगु होली ए मेला, वइला कन्हे वइला, सललल त्रिशुलीमा जालै हानुकी, हाय रे ज्यापुनी, राजमती कुमती*जस्ता दर्जनौं लोकप्रिय नेपाली र नेवारी गीत गाउनुको साथै संगीतसमेत दिएका थिए।
- लोकगीतकी रानीकी रूपमा ख्याति आर्जन गरेकी गायिका कमला श्रेष्ठको उपचारको क्रममा बाासबारीस्थित शहीद गंगालाल हृदय रोगक केन्द्रमा ६९ वर्षको उमेरमा चैत ५ गते निधन भयो। उनको *परदेशी बाबु आागनमा दिनु हुन्न बास, सल्लाई हो जोवन कल्लाई हो, सहिदिन्छु कुट बरु, सरर मलेवा, शिरफँल लाएर*जस्ता गीतहरू सदावहार गीतका रूपमा रहेका छन्।
- मौलिक धुनका लागि लोकप्रिय सांगीतिक समँह सुरसुधाका संस्थापकमध्येका कुशल सितारवादक विजय वैद्यको उपचारका क्रममा चैत १८ गते ५२ वर्षको उमेरमा निधन भयो। उनले सुरसुधा छोडेपछि विजय वैद्य एन्ड फ्रेन्डस् नामक ब्यान्ड खोलेर *रकस्टार म्युजिक अफ पिस, च्यान्ट अफ हिमालय, द थर्ड आई, माउन्टेन्स अफ नेपाल, विजय द पावर अफ म्युजिक*लगायतका एल्बम निकालेर सांगीतिक यात्रालाई निरन्तरता दिएका थिए।

## केदार सर्लाहीका निरक्षर बालकलाई पढाउँदै

लोकप्रिय हास्य अभिनेता केदार घिमिरेले सरकारको *एक ब्यक्ति एक बिद्यार्थी* अभियानअन्तर्गत सर्लाहीका इन्ताज मोहसिनलाई पढाउने भएका छन्।

सर्लाहीका १३ वर्षिय इन्ताज पिताबिहीन छन्। उनको आमा इटा बोकेर गुजारा गर्छिन् भने इन्ताज नेपाली अक्षरसमेत चिन्दैनन् र वर्कशपमा हेल्परको काम गर्छन्। ‘अरुको मुख ताकेर धेरै पुस्ता बिते, अब आफैं जागौं, सम्बृद्धी हाम्रै पालामा सम्भब छ केदारले फेसबुकमा प्रष्ट्याएका छन् ‘शिक्षासम्बन्धि सरकारी विज्ञापनमा नि:शुल्क अभिनय गर्नेछु।



यसअघि शिक्षा, बिज्ञान तथा प्रविधीमन्त्री गिरिराजमणिले बिद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा कलाकारहरूसँग अन्तक्रिया गरेका थिए। भर्ना अभियानलाई सफल बनाउन र अभियानमा सहभागी हुन मन्त्री पोखरेलले कलाकारहरूलाई आग्रह गरेका छन्। मन्त्री पोखरेलले एक व्यक्तिले एकजना बिद्यार्थी भर्ना गर्न आग्रह गरे।

‘यो अभियान सफल पार्न कलाकारहरूको महत्वपुर्ण भुमिका छु मन्त्री पोखरेलले भने ‘कलाको क्षेत्रबाट बिद्यार्थीलाई बिद्यालयसम्म ल्याउन सहयोग गर्न'होस्।

कार्यक्रममा केदारसँगै कलाकारहरू मनोज गजुरेल, सिताराम कट्टेल (धुर्मस), रमित ढुंगाना, प्रदिप बम्जन, रोजी श्रेष्ठ, टंक आर्चाय लगायतकाको उपस्थिती रहेको थियो। भर्ना अभियानलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै कलाकाहरूले बिद्यार्थी भर्ना गर्ने घोषणासमेत गरे।

कामनाको हरेक अंक विशेष अंक




यस पटक
लक्स कामना
फिल्म अवार्ड
विशेष अंक

सम्मानको मान
स्रष्टाको सम्झना
नयाँदेखि पुराना पुस्ताका गायकगायिकाको अपूर्व संगम
पलदेखि प्रियंका, आँचल र दीपाश्रीसम्मको सानदार प्रस्तुति
प्रियंकाको डबल सरप्राइज
स्वरसम्राट नारायण गोपालको भेषमा रामकृष्ण
केकी राजारामको जोडी बन्दा...
माग्ने बूढा नायक हुन सक्छ, म सक्दिनँ ? : केदारको रोचक कमेडी
होस्टको हानथाप र सरप्राइज
जलपरीको हट डान्स
समारोहको भव्यता, कामनाको डमी कभरमा कलाकार
रेड कार्पेटको रौनक

सर्वत्र बजारमा उपलब्ध छ

अवार्ड विजेताहरूका साथमा हरेक प्रस्तुतिको लोभलाग्दा तस्वीर तथा आकर्षक ब्लोअपसहित दर्शनीय अंक

# विचार

चन्द्रमामाथि कैयौं मान्छे ओर्ले,
तर हामी अझै ढुक्क भएर घरको
भऱ्याङ ओर्लन सक्दैनौं।
- भूपि शेरचन

धनी र गरिबबीचको फरक कति थोरै
छ, एकै दिनको भोक र एकै घण्टाको
प्यासले दुवैलाई समान बनाइदिन्छ।
-खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र

## सिपाही फिर्ता अभियानले सार्थकता पाओस्

सुरक्षा निकायका उच्च अधिकारीले बाँधा मजदुरको रूपमा तल्लो तहका सिपाहीलाई घर–घरमा राखेपछि त्यसको विरोध लामो समयदेखि हुँदै आएको छ। उच्च सुरक्षा अधिकारीका घरमा राखिएका सिपाही फिर्ता अभियानले अहिले फेरि चर्चा पाएको छ। नेकपा माओवादीबाट गृहमन्त्रीमा नियुक्त भएकाहरूले यस विषयलाई पटक–पटक उठाउने गरेका छन्। अहिले पछिल्लोपटक गृहमन्त्रीमा नियुक्त भएका रामबहादुर थापाले विभिन्न उच्च अधिकारीका घरमा राखिएका ३ सय १५ जना सिपाही फिर्ता गर्न प्रहरी प्रधान कार्यालयलाई एक हप्ताको म्याद दिएकोमा सो समय पनि बित्न लागिसकेको छ। त्यसैले यो अभियानले सार्थकता पाउला कि नपाउला भन्नेमा पनि शंकै छ।

प्रहरी प्रधान कार्यालयले अहिलेसम्म को कसको घरमा छन् भनेर छानबिन गरिरहेको छ। यो विषय पटक–पटक उठ्ने तर कहिल्यै समाधान नहुने विषय बनेको छ। सबै सुरक्षा निकायका पूर्वपदाधिकारीहरूलाई दिएको सुरक्षा फिर्ता अभियानले अहिलेसम्म मूर्तरूप लिन नसक्नुलाई दुर्भाग्य नै मान्नुपर्छ। राज्यको सेवा गर्ने नाममा भर्ना भएका तल्ला स्तरका कर्मचारीलाई घरमा मजदुरको रूपमा राखिनु किमार्थ राम्रो विषय होइन। राज्यले यसमा एउटा नीति नै बनाएर अगाडि बढ्न सक्नुपर्छ। कानुनले नै यस्ता विषयवस्तुलाई निषेध गर्न सके मात्रै यस्तो प्रवृत्तिले प्रश्रय पाउने थिएन।

नेपालमा व्यक्ति ‘पपुलर’ हुनका लागि बेला–बेलामा यस्ता प्रकारका समाचार बाहिर आउने गरेका छन्। कानुनी व्यवस्था गरेर लागू गर्ने हो भने कहिल्यै पनि यस्ता समस्या आउने थिएनन्। सुरक्षा निकायमा कायर्यरत रहेर भूतपूर्व भइसकेका पूर्वपदाधिकारीहरूले पनि बेलैमा यस्ता विषयमा सोच्नुपर्दछ। नेपाल प्रहरीको २६ औं प्रहरी महानिरीक्षको रूपमा हालै नियुक्त हुनुभएका प्रहरी प्रमुख सर्वेन्द्र खनालले यसअघि नै यस्ता बेथितिको अन्त्य गर्ने घोषणा गरिसक्नुभएकाले पनि उहाँकै कार्यकालमा प्रहरीले एउटा अग्रगामी फड्को मार्न सक्ने आँकलन गरिएको छ। उहाँले संगठनभित्र धमिराको रूपमा रहेको यो समस्याको समाधानमा सेतुको भूमिका खेल्ने अपेक्षा गरिएको छ। जे होस्, दशकौंदेखि नेपाल प्रहरीमा रहेको बाँधा मजदुरको प्रथा अन्त्य हुने विश्वास गरिएको छ। यो अभियानले सार्थकता पाओस्।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# काठमाडौं : धूलमाडौं, हिलमाडौं र जाममाडौं



विजय ज्ञवाली

अचेल काठमाडौंले आफ्नो परिचय बदलेको छ। हामीले भन्दै, सुन्दै र कल्पना गर्दै आएको काठमाडौंको त्यो परिचय अब हाम्रा सामु रहेन, जुन आशातीत थियो। आजकल मान्छेहरू काठमाडौंलाई बिल्कुलै भिन्न नामबाट चिन्न थालेका छन्। मन्दिरहरूको शहर, कलाहरूको शहर, पौरखीहरूको शहर, स्वच्छ, सफा अनि रमणीय शहरबाट परिचय बदल्दै केही अघिसम्म सपनाको शहरको रूपमा परिचय बनाएको काठमाडौंले आजकल त्यो परिचयबाट पनि अग्रगामी छलाङ मार्दै बिल्कुलै नौलो परिचय स्थापित गरेको छ- धूलमाडौं, मास्कमाडौं र जाममाडौं। यो र यस्तै कोलाजहरूमाझ काठमाडौंको अझ अर्को परिचय पनि छ- हजारौं सपनाहरूले आत्महत्या गर्ने शहर। हो, काठमाडौंले हजार सपनाहरूलाई आत्महत्याको डिलमा पुऱ्याएको छ। कतिपय सपनालाई आत्महत्या गर्न प्रेरित गरेको छ भने कतिपय सपनाहरू अंकुरावस्थामै निर्मम निमोठिएका छन्। अधिकांश सपनाहरूलाई खाडीको राप र तापमा मोलमोलाइ गरेर बेचिरहेको छ काठमाडौं।

काठमाडौं चिसो अवश्य छ र उत्तिकै रापिलो पनि। संवेदनशील छ, कठोर पनि छ। किनकि मान्छेको पहिलो गन्तव्य काठमाडौं हुन थालेको छ भने अन्तिम निशाना पनि काठमाडौं नै हुने गरेको छ। तसर्थ काठमाडौंले धेरै कुरा बेहोर्दै आएको छ र बेहोर्नुपरेको छ। मितेरी गाँस्नेदेखि छातीमा गोली दाग्नेसम्मका निर्णय काठमाडौंमै हुन्छन्। त्यसैले काठमाडौं धेरै संवेदनशील छ।

काठमाडौंको इतिवृत्तान्त खोतल्नुपर्दा यसले धेरै कुरा व्यहोरेको छ, त्यसैले काठमाडौं अनुभवी छ, पाको छ। यसको इतिहास आजको भने कदापि होइन। प्राग् ऐतिहासिक इतिहास भएको यो शहर मध्यकालसम्ममा कान्तिपुर नगरीका रूपमा परिचित थियो। विभिन्न कालखण्डमा भिन्न-भिन्न राजवंशको शासन व्यहोरेको यो शहरले नेपाल एकीकरणदेखिबाट भने राजधानीको दर्जाको उपमा पाएको छ। मानवबस्तीको इतिहास खोतल्दा यहाँ नवपाषाण युगका अवशेषहरू भेटिएका छन्। काठमाडौंको मालीगाउँमा १८५ इस्वी संवत्‌को मूर्ति सबैभन्दा प्राचीनतम तिथिसहितको अवशेष मानिएको छ। चावहिलमा अवस्थित सम्राट अशोककी पुत्रीद्वारा निर्मित धन्दो चैत्य करिब २ हजार वर्ष पुरानो चैत्य हो। त्यसैले काठमाडौं कच्ची मिट्टी अवश्य होइन। काठमाडौंको मजिपात (मञ्जुपतनको अपभ्रंश)मा रहेको मञ्जुश्रीको मन्दिरलाई प्रथम सांस्कृतिक सभ्यताको केन्द्रको रूपमा लिइने गरिएको छ भने विभिन्न राजवंशी, सेनवंशी, ठकुरी, मल्ल, गोपाल, महिषपाल, अमीर, किरात, सोमवंशी, लिच्छवि आदि वंशहरूको शासनपछि राणा र राजाहरूको रजाइँ बेहोर्दै आएको काठमाडौंले अहिले भने गणतन्त्रका नवप्रवेशी ठुल्दाइहरूको हैकम बेहोर्दै छ। यत्ति मात्र होइन, सत्ता उन्माद, शक्ति अनि व्यक्तित्व टकरावमा रगतको होली खेल्ने र खोलो बगाउने धेरै छन् यहाँ। त्यसैले काठमाडौंले राणाकाल भोग्यो, राजतन्त्र भोग्यो, दरबार हत्याकाण्ड भोग्यो, प्रजातन्त्र भोग्यो अनि भोगिरहेछ गणतन्त्र। धेरै अनुभव छ काठमाडौंलाई र त काठमाडौं पाको पनि छ, काँचो पनि छ।

> अचेल काठमाडौं पूरै धूलमाडौंमा परिणत भएको छ। र, त मास्कमाडौंको उपमा पाएको छ। मास्कमाडौंमा मुखौटाहरूको यति तछाँडमछाँड छ कि मानौं अपराधी नै अपराधीले भरिएको शहरझैं लाग्छ काठमाडौं। कसैले कसैको अनुहार प्रस्ट देख्दैन, सबैको अनुहार अपराधीको अनुहारजसरी नै छोपिएको छ। काठमाडौंमा यति धेरै मास्कधारीको बिगबिगी हुनुको कारण धूलो आतंक नै हो।

अचेल काठमाडौं पूरै धूलमाडौंमा परिणत भएको छ। र, त मास्कमाडौंको उपमा पाएको छ। मास्कमाडौंमा मुखौटाहरूको यत्ति तछाँडमछाँड छ कि मानौं अपराधी नै अपराधीले भरिएको शहरझैं लाग्छ काठमाडौं। कसैले कसैको अनुहार प्रस्ट देख्दैन, सबैको अनुहार अपराधीको अनुहारजसरी नै छोपिएको छ। काठमाडौंमा यति धेरै मास्कधारीको बिगबिगी हुनुको कारण धूलो आतंक नै हो। मेलम्चीलाई आतंकको दर्जा दिऔं वा केको दर्जा दिऔं, तर धूलो आतंकको मूल कारण मेलम्ची नै हो। तर सडक विभाग पनि अछूतो छैन, मेलम्चीले जस्तै धूलो र हिलोको महाआतंक झनै सडक विभागले पो मच्चाएको छ। अचेल काठमाडौंमा शायद यस्तो सडक नहोला कि जहाँ धूलो नउडेको होस्, नभत्किएको होस्। जता हेऱ्यो त्यतैका सडक यति नराम्रोसँग भत्काइएको छ कि शायद अब कति वर्ष कुर्नुपर्ने हो, ती सडक धूलो-धुवाँवाट उन्मुक्ति पाउनका लागि। घरबाट बाहिर निस्किनेबित्तिकै अनिवार्य मास्क लगाउनै पर्ने भएको छ। जता गयो उतै धूलो, धुवाँ अनि अस्तव्यस्त सडक। प्रत्येकका मुख मास्कले छोपिएका छन्, अपराधीका झैं। तसर्थ आजकल काठमाडौंको अर्को परिचय थपिएको छ मास्कमाडौं। काठमाडौंको नाम फेरिएको छ, परिचय फेरिएको छ- धूलमाडौं र मास्कमाडौं। यत्ति मात्र कहाँ हो र ? काठमाडौंले अझ अर्को परिचय पनि बनाएको छ- जाममाडौं। यसै त मास्कमाडौंमा दिनहुँको जामले मास्कधारीहरू आक्रान्त छन् अझ त्यसमाथि मेलम्चीरूपी आतंकले गर्दा काठमाडौं जाममाडौंमय भएको छ। अलिकति नाक जोगाउने खालका सडक थिए धूलमाडौं अनि मास्कमाडौंमा, त्यसमा पनि मेलम्ची आयो, डोजर चलायो, सडकको सत्यनाश बनाएरै छाड्यो। सडकैभरि खाल्टाखुल्टी, थुप्राथुप्री अनि तेर्सिएका मेलम्चीका इज्जतदार पाइपहरूले गर्दा सडकमा गुड्ने सवारीले अत्यन्तै सास्ती पाउनुपरेको छ। यसले गर्दा सडकमा झनै जाम हुने गरेको छ। त्यसैले धूलमाडौं र मास्कमाडौं जाममाडौंमा परिणत भएको छ।

विदेशतिर त थोरै थोरै भत्काउने अनि टालिहाल्ने, फेरि अलिकति भत्काउने अनि त्यसलाई टाल्ने वा वैकल्पिक मार्गको प्रयोगद्वारा रातारात सडक दुरुस्तै बनाएर छाड्थे, तर हाम्रोमा निमेषभरमै लथालिंग पाऱ्यो अनि बनाउने बेलामा सर्वोच्चको आदेश कुर्नुपर्ने। यस्तै मेलम्चीले सडक विभाग, सडकले महानगर, महानगरले फलानो, फलानोले फलानोको मुख ताक्यो अन्ततः हात लाग्यो शून्य। यस्तै छ हाम्रो विकासको मोडल, तरिका। शायद विदेशीले पनि हाम्रो विकास गर्ने तरिकाबाट केही सिक्ने कि ? किनकि दह्रो कमिसनको खेल हुन्छ बाबु ! त्यसैले छोड आफ्नो रोलमोडलको विकास, नेपाल आऊ, विकास के हो त्यो सिक, कमिसनको खोलो भनेको के हो, त्यो पनि राम्रोसँग सिकेर जाऊ, आफ्नो देश नेपालजस्तै बनाऊ न, हुँदैन र विदेशी महोदय ?

अलिकति व्यावहारिक पाटोको कुरा गर्ने हो भने, विकासको दीर्घकालीन नीति अवलम्बन गर्नै पर्दछ। मेलम्ची आउँदै छ भनेर सरकार र सडक विभागलाई थाहा नभएको होइन। त्यतिखेर नै सडक बनाउँदा र पिच गर्दा मेलम्ची आयोजनासँग सहकार्य गरेर सडकमा मेलम्चीको पाइप सँगै लैजान सकिन्थ्यो, तर त्यो दूरदृष्टि कसैमा आएन। नआएको त नहोला, तर त्यति खेर सबैका आँखाले भविष्यको कमिसनको बहार देखेका होलान्, त्यसैले त्यति खेर नै त्यो काम नभएको मान्न सकिन्छ। अहिले आएर भएको त्यही छ, मेलम्चीले भटाभट भत्काउँदै गइरहेको छ, अब यता त्यही भत्काएको टाल्न कहाँदेखि कहाँसम्म कमिसनको जालो बिच्छिएको छ, आखिर खोजेकै त्यही हो। नत्र त काठमाडौंमा सडक विस्तारसँगै मेलम्ची आयोजनाका पाइपहरू उक्त आयोजनासँग समन्वय गरेर पहिल्यै गाडिइसकेका हुन्थे अनि सडक विस्तार गरिन्थ्यो। भैगो अब यो त भयो-भयो। यसरी भत्किएका सडक एक वर्षपछि मात्र बनाउने भनेको मात्र छ, बन्ने त कहिले हो राम जाने। तर फेरि अर्को महाकमिसनको चक्कर देख्दै छु म। कुरो के भने, अब फेरि शहर नै कुरूप बनाउने गरी पोलमा तन्द्राङतुन्द्रुङ झुन्ड्याइएका तारहरू जमिनमुनि गाडेर लैजाने प्रस्ताव आयो भने फेरि सडकको यस्तै दूरवस्था हुने होला। फेरि सडक भत्काइने होला, धूलो र हिलोले फेरि पनि काठमाडौं आक्रान्त हुने होला। तसर्थ त्यस्तो दूरवस्था आउनुपूर्व सरकार र सम्बन्धित निकायले बेलैमा सोचेर ध्यान दिनुपर्छ। सडक पिच हुनुभन्दा अगावै यी तारहरूलाई जमिनमुनिबाट विस्तार गरेर मात्र पिच गरेमा धेरै ठूलो काम हुने थियो। नत्र मेलम्चीको जस्तै आतंक तार जमिनमुनिबाट लैजाने बहानामा फेरि दोहोरिनेछ।

काठमाडौंलाई सफा एवं धूलोमुक्त बनाउन हामी नागरिकको भूमिका पनि अहम् रहन्छ। दैनिक हाम्रो सानो प्रयासले पनि काठमाडौंलाई ७५ प्रतिशत सफा राख्न सकिन्छ। त्यसका लागि सडकमै माटो, ढुंगा, गिटी, बालुवा थुपारेर आफ्नो घर या व्यावसायिक भवन बनाएर बाटोको स्वच्छता अनि सुन्दरता बिगार्ने काम कसैबाट हुन भएन। सडक बिग्रिनु, धूलो बढी उड्नु, हिलो जम्नुका मुख्य कारणमध्ये मान्छेको यो चरित्र पनि एक हो। निर्माणको काम सकिइसकेपछि सामान थुपारेको सडकको मर्मत एवं सफाइमा आजसम्म कसैको पनि ध्यान गएको देखिँदैन। हामीलाई शान, रबाफ र सम्मान खुबै चाहिन्छ, तर घरबाहिरको एक इन्च पनि सफा गर्ने नैतिक हिम्मत हामीमा छैन। घर-आँगन चिटिक्क चाहिनेले घरवरपर उस्तै गरेर चिटिक्क पार्ने हो भने राजधानी आधाभन्दा धेरै सफा हुने थियो। घरधनीले आफ्नो घरवरपर पनि कम्तीमा एक-एक मिटरका दरले चिटिक्क पार्ने, खोल्साखोल्सी छन् भने सामूहिकरूपमा सफा गर्ने पद्धतिको विकास गर्ने, नाली-कुलो छ भने पनि साप्ताहिकरूपमा सफा गर्ने नैतिक हिम्मत जुटाउने हो भने काठमाडौं ७५ प्रतिशत सफा हुने थियो। साथै सरकारले खानेपानी, ढल, जमिनमुनि तार बिछ्याउने कार्य र सडक मर्मत एकैपटक हुने गरी समन्वयात्मक भूमिका निर्वाह गरी कार्यान्वयन गराउने हो भने पनि काठमाडौं धूलो, हिलो अनि जाममुक्त हुन मद्दत पुग्ने थियो।

## पाठक पत्र

### २०७५ लाई समृद्धिको वर्ष उद्घोष

हामीले २०७४ साललाई बिदाइ गरेर २०७५ सालमा प्रवेश गरिसकेका छौं। लामो संक्रमणकालपछि संविधान बनेर तीन तहका निर्वाचन सम्पन्न भएको वर्षलाई बिदाइ गरिसकेपछि हामीसँग थप आशा र उमंग पलाएका छन्। अब यो नयाँ वर्षलाई हामीले आर्थिक समृद्धिको वर्ष बनाउने भन्नेमा आमनेपाली सहमत भैसकेका छन्। हाम्रा हरेक काम आर्थिक उपलब्धि र देशको समृद्धिमा केन्द्रित हुनुपर्छ। लामो सशस्त्र द्वन्द्व, संक्रमणकालले बढाएको बेरोजगारी, ध्वस्त भएका संरचनाबाट हामी धेरै पछाडि परिसकेका छौं। तर नेपाली जनतामा नयाँ चेतनाको विकास भएको छ। विकास, समृद्धि, राजनीतिक उचाइबारे नेपाली जनता अब पूर्णरूपमा जानकार भैसकेका छन्। राज्यले काम गरेको/नगरेको मूल्यांकन अब हरेक नागरिकले गर्न सक्ने भएका छन्।

त्यसैले जनतालाई झुक्याउने कुनै पनि बहाना काम लाग्नेछैन। बरु रोगजारीका अवसरहरू खोजी गर्ने, आम्दानीका स्रोत बढाउने र पर्यटकीय गन्तव्यहरू बढाएर धेरैभन्दा धेरै पर्यटक भित्र्याउने काम अहिलेको आवश्यकता हो। प्रधानमन्त्रीले पनि नयाँ वर्षको पहिलो दिन रारातालमा गएर नेपाललाई अब आर्थिक समृद्धिको वर्ष बनाउने उद्घोष गरिसकेका छन्। यो उद्घोषले राजनीतिकरूपमा मात्र अर्थ नराखी आम नेपाली, व्यवसायी, राजनीतिक दललाई पनि नेपालको समृद्धिको पहिलो आधार पर्यटन नै हो भन्ने सिद्ध गरेको छ।

नेपालका हरेक गाउँ, हरेक डाँडाकाँडाहरू पर्यटक भित्र्याउन सकिने सम्भावना बोकेका ठाउँ हुन्। छिमेकी भारतका लाखौं मानिस हिन्दू धर्म मान्छन्। उनीहरू नेपालका मुक्तिनाथ, पशुपतिनाथलगायतका धार्मिक स्थान घुम्न रुचाउँछन्। चीनका लाखौं मानिस बौद्ध धर्म मान्छन्। उनीहरू नेपालको लुम्बिनी, स्वयम्भुजस्ता स्थान घुम्न रुचाउँछन्। त्यसैले तेस्रो मुलुकका गोरो छाला भएका मानिस खोज्नुभन्दा छिमेकीलाई नेपालमा बढीभन्दा बढी भित्र्याउनु नै उत्तम हुनेछ। पर्यटन प्रवर्द्धन नै नेपालको आर्थिक विकासको मेरुदण्ड हो भन्ने हामीले प्रमाणित गरेर देखाउनुपर्नेछ।

*- सुविन राना, भक्तपुर*

### सूर्यविनायक नगरपालिकाको राम्रो काम

वि.सं. २०७५ लाई हनुमन्ते सफाइ वर्ष घोषणा गरेर उदाहरणीय काम भएको छ। सूर्यविनायक नगरपालिकाको नेतृत्वमा भएको हनुमन्ते सफाइ अभियानको सातौं हप्ता वैशाख १ गते हनुमन्ते नदीमा उभिएर प्रतिनिधिसभाका सदस्य महेश बस्नेतले २०७५ साललाई हनुमन्ते सफाइ वर्षको रूपमा मनाइने घोषणा गर्नुभएको थियो। सबै नगरपालिकाले यसरी नै काम गरेमा नेपाललाई हरेक क्षेत्रमा सुधार गर्न र आर्थिक समृद्धिको बाटोमा लाग्न सजिलो हुनेछ।

पवित्ररूपमा स्वच्छ पानी बग्नुपर्ने नदीमा ढल मिसाउने अनि सिसादेखि घरका सबै फोहोर नदीमा फालेर असभ्यता प्रकट मात्रै नगरी रोगसमेत निम्त्याइएको छ। यस्तो गतिविधि हुन नदिन सबै सचेत हुनु जरुरी छ।

*- सावित्रा, बस्नेत, काठमाडौं*

## नर्भिक अस्पतालको एकरात



**पुरुषोत्तमशमशेर जबरा**
कुपन्डोल, ललितपुर


कुरा गत बुधबार (चैत २८ गते) को हो। मलाई सन्चो नभएकाले राजधानीको सुविधा सम्पन्न भनिने गरेको थापाथलीस्थित नर्भिक अस्पतालको इमर्जेन्सीमा लगियो। ९२ वर्ष पूरा गरी ९३ वर्ष लागेको यो वृद्ध उमेरमा कहिलेकाहीँ स्वास्थ्यमा गडबड हुनु स्वाभाविक नै मान्नुपर्छ। र, उपचारका लागि इमर्जेन्सीमा दौडाउनु परिवार एवम् आफन्तको कर्तव्य पनि हो।

सामान्य स्वास्थ्य जाँचपछि मलाई अब्जर्भेसनका त्यहीँ राखियो। त्यहाँ अरु पनि केही बिरामी थिए। मेरो छेउकै बेडमा अलि गम्भीर प्रकृतिको बिरामी राखिएको रहेछ। राति उनलाई निकै साह्रो भएछ। रातिको ड्युटीमा खटिएका नर्सहरू बिरामीको अवस्था देखेर धेरै अत्तालिएको देखियो। डाक्टरको खोजी भयो तर एकजना डाक्टर पनि उपस्थित भएनन्। बिरामीको अन्तिम अवस्था भएछ भनेर म पनि आत्तिएँ। नर्सहरूले हुनेसम्मको सावधानी अपनाए। म आफैं बिरामी, मैले गर्न सक्ने केही थिएन। धन्न भोलिपल्ट डाक्टर आउँदासम्म ती बिरामीलाई केही भएन।

नर्भिक हस्पिटल कुनै हेल्थपोस्टजस्तो होइन, २४ सै घन्टा डाक्टरको सेवा हुनुपर्ने सुविधा सम्पन्न निजी हस्पिटल हो। नाम चलेको नर्भिकमा मलाई राखिएको उपचार कक्ष नर्सहरूको भरमा चलेको देख्दा म निकै आश्चर्यचकित भएँ। भोलिपल्ट मात्र डाक्टर आएर बिरामी हेरे। रातिको अवस्था सम्झिएर म नबोली रहन सकिनँ। मैले भनें- ‘राति डाक्टरको खोजी हुँदा एकजना पनि डाक्टर देखा परेनन्, के बिरामीको सेवाका लागि खटिएका यी भर्खरका नर्सले डाक्टरी उपचार गर्न सक्छन् ?’ म कराएको सुनेर ड्युटीमा रहेका नर्सहरू केही बोल्न सकेनन्। यद्यपि राति डाक्टर भएको/नभएको बताउने आँट पनि गर्न सकेनन्। डाक्टरले अब यस्तो हुनेछैन भनेर माफी मागे। म सामान्य बिरामी भएकाले शुक्रबार नै डिस्चार्ज भएँ। तर ती गम्भीर बिरामीको अवस्था के भयो होला ?

सो रात कुन डाक्टरको ड्युटी हो, उनी किन आएनन् अथवा अन्य स्थानमा व्यस्त थिए कि ? अन्य अस्पतालतिर गएर तैं चुप मै चुप भएको हो कि ? अस्पताल प्रशासन यस कुरामा चनाखो हुनै पर्छ। हामी बिरामी र बिरामीका आफन्तका लागि त को डाक्टर, को नर्स, को हेल्थ असिस्टेन्ट, सेतो कोट लगाएका सबै उस्तै। नर्भिक मात्रै होइन, अब आइन्दा अन्य अस्पतालमा पनि यदि बिरामी राखिन्छ भने २४ सै घन्टा डाक्टरको निगरानी हुने व्यवस्था होस्।

## सामाजिक सञ्जाल



त्यो महान् हो, जसले अरूलाई प्रेरित गरेर हँसाउन सक्छ। तर त्यो नीच हो, जो अरूलाई होच्यायर हाँस्छ।

**titudE KinG**
**@Gaidakot_**



आरक्षण जातको आधार होइन वर्गको आधारमा हुनुपर्छ। सबै दलित गरिब हुँदैनन्, सबै बाहुन धनी हुँदैनन्। दलित हुँदैमा गरिब हो, केही गर्ने सामर्थ्य छैन भनेर सोच्नु खराब हो। बाहुन हो, सबै गर्न सक्छ भनेर सोच्नु पनि खराब हो। योग्य व्यक्ति ठाउँमा पऱ्याउन जातको आधारमा छुट्याएको कोटा खारेज गर्नुपर्छ।

**sarswati subba**
**@SarswatiSubba**

{ एक महिनाअघि बनाएर तेलमा डुबाइराखेको करिब १० इन्च लामो सुइरोले देवगणको पूजा एवं प्रार्थना गरी सयौं मानिसको अगाडि जिब्रो छेडिन्छ।

# छैठौं पटक जिब्रो छेडे बुद्धकृष्णाले


आइतबार ठिमीको बोडेमा जिब्रो छेड्ने जात्रा सम्पन्न भएको छ।वर्षौंदेखि बुद्धकृष्ण बाग श्रेष्ठ र उनको परिवारले जिब्रो छेड्दै यो प्रथा चलाइरहेका छन्। *तस्वीर: मोनिका मल्ल*

**नेपाल समाचारपत्र**

भक्तपुर

भक्तपुरको मध्यपुर थिमीको बोडेमा परम्परादेखि चल्दै आएको जिब्रो छेड्ने जात्रामा यस वर्ष बुद्धकृष्ण बाग श्रेष्ठले जिब्रो छेडाएका छन्। मध्यपुर थिमी-८ बोडेका श्रेष्ठले आइतबार छैठौं पटक जिब्रो छेडाएका हुन्। यसअघि २०६२ देखि २०६५ सालसम्म लगातार ४ वर्षसम्म जिब्रो छेडाएका उनले २०७४ सालमा पनि जिब्रो छेडाएका थिए।

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्राङ्गणमा लिङ्गो उठाएपछि निराहार व्रत बसेका बागश्रेष्ठले दिउँसो सयौं मानिसका अगाडि जिब्रो छेडेका हुन्। बिहानै जिब्रो छेड्ने कर्मी र नाइकेहरूले विभिन्न देवगणको पूजा गरी जिब्रो छेड्ने जात्रा गर्न दिउँसो बोडेको पाँचौं गणेशको दक्षिण फर्केको पाटीमा मञ्च बनाई नायखी बाजागाजाका साथ जिब्रो छेड्ने व्यक्तिलाई मञ्चमा राखिन्छ।

नकर्मीले एक महिनाअघि बनाएर तेलमा डुबाइराखेको करिब १० इन्च लामो सुइरोले देवगणको पूजा एवं प्रार्थना गरी सयौं मानिसको अगाडि जिब्रो छेडिन्छ। जिब्रो छेडेपछि चन्द्राकारको मसालजस्तो बनाइएको भ्वाय् अर्थात् महाद्वीप बोकी टोलटोल घुमेर जिब्रो छेड्ने व्यक्तिद्वारा पुनः भाँगु टोलमा पुगेर पाँचौं गणेश मन्दिरमा जिब्रो छेडेको सुइरो निकालेर महालक्ष्मी मन्दिरको दायाँबायाँ ठोकिन्छ।

जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो फिकेर लगाइ जिब्रो छेड्ने व्यक्तिले नाट्येश्वरको पूजा गर्ने प्रचलन रहेको छ। प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाएर घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनुनपर्ने भनाइ रहेको छ। जिब्रो छेड्ने व्यक्तिको घरमा आउने जति सबैलाई दिनभर भोज खुवाउनुपर्ने परम्परा पनि रहेको छ।

बुद्धकृष्णले यसअघि २०६२ सालदेखि २०६५ सालसम्म ४ वर्ष निरन्तर जिब्रो छेडाएका थिए । जुजुभाइले जिब्रो छेड्नुअघि ४ वर्ष बुद्धकृष्ण बागश्रेष्ठले र १२ वर्ष उनका दाजु कृष्णचन्द्र बागश्रेष्ठले जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएका थिए। परम्परादेखि चल्दैआएको जिब्रो छेड्ने जात्रालाई लोप हुनबाट जोगाउन यसवर्ष बुद्धकृष्ण बागश्रेष्ठले जिब्रो छेड्ने घोषणा गरेका हुन्।

कोरियामैत्री अस्पतालका एम्बुलेन्सचालकसमेत रहेका श्रेष्ठले आफ्नो ठाउँको परम्परा लोप हुनबाट जोगाउन आफूले जिब्रो छेडेको बताए। बुद्धकृष्ण एम्बुलेन्स चालक संघ भक्तपुरका अध्यक्षसमेत रहेका छन्। बोडे स्पोर्ट्स क्लबका अध्यक्ष लिकृष्ण प्रजापतिले बोडेको नीलबाराहीसँग यो जात्रा जोडिएकाले पनि यो जात्रालाई निरन्तरता दिन सके बोडे बासिन्दाका लागि शुभ हुने विश्वास रहँदैआएको बताए।

## गणपति तालिम सम्पन्न



काठमाडौं, (नेस)

सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा सञ्चालित सिसं २ गणपति तालिमको समापन गर्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा वैशाख २ गते आयोजित तालिमको समापन समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक खनालले तालिमका उत्कृष्ट प्रशिक्षार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो। उक्त तालिममा सशस्त्र प्रहरी नायव उपरीक्षक किरण बस्नेत सर्वप्रथम भएका छन् भने रिसर्च पेपरतर्फ सशस्त्र प्रहरी नायव उपरीक्षक सूर्यबहादुर सेन वली उत्कृष्ट ठहरिएका छन्।

सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक खनालले कमान्डर तहका अधिकृतहरूलाई व्यावसायिक क्षमतायुक्त सक्षम र दक्ष बनाउँदै उनीहरूको वृत्तिविकासमा टेवा पुऱ्याउने अभिप्रायले गणपति तालिम सञ्चालन गरिएको बताउनुभयो।

विगतका विधि र प्रक्रियालाई समयसापेक्ष परिस्कृत गर्दै संगठन एउटा पद्धतिअनुसार अगाडि बढ्ने उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले भन्नुभयो- 'संगठनका कामकारबाहीहरू विधिले सञ्चालन हुनेछन्, कार्यक्षेत्रमा जसले राम्रो काम गर्छ उसैको वृत्तिविकास हुन्छ।'

उहाँले कमान्डर भएर फिल्डमा खटिँदा मातहतका कर्मचारीको परिचालन तथा आवश्यक रणनीति तयार गर्दै उपलब्ध साधनस्रोतको अधिकतम उपयोग गरी राष्ट्र र नागरिकको हितमा उत्कृष्ट भूमिका निर्वाह गर्न सक्ने धैर्यवान्, व्यावसायिक, इमानदार एवं कर्तव्यनिष्ठ अधिकृत उत्पादनमा यो तालिम परिलक्षित रहेको उल्लेख गर्नुभयो।

सो प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेलले धन्यवाद ज्ञापनका क्रममा संगठनको नीतिनिर्देशन एवं म्यान्डेटभित्रको कार्यलाई त्रुटिरहित ढंगबाट पूरा गर्न सक्ने नेतृत्व क्षमता, कार्यकुशलता र दक्षता अभिवृद्धिका लागि यस किसिमको तालिम ज्यादै उपयोगी रहेको चर्चा गर्नुभयो। उहाँले दक्ष जनशक्ति उत्पादनका लागि संगठनले लिएको उद्देश्य परिपूर्तिमा केन्द्रित रही प्रतिष्ठानले विभिन्न किसिमका प्रशिक्षण कार्यलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्दै आइरहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी नायव महानिरीक्षक मन्दीप श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै व्यावसायिकरूपमा सक्षम अधिकृत तयार गर्ने लक्ष्यका साथ सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा प्रशिक्षण प्रदान गरिएको चर्चा गर्नुभयो। तालिममा सहभागी प्रशिक्षार्थीलाई स्टाफ ड्युटी, कमान्ड एन्ड म्यानेजमेन्ट, क्राइम कन्ट्रोल, इन्टेलिजेन्स, अपरेसन अफ वार, ट्याक्टिस, सुरक्षा, विभिन्न ऐननियम तथा सशस्त्र प्रहरी बल नेपालको कामकारबाहीलगायतका विविध विषयवस्तुलाई समेटेर प्रशिक्षण दिइएको थियो।

## गुण्डागर्दीमा सम्झौता नगर्न महानिरीक्षकको निर्देशन



काठमाडौं, (नेस)

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले मानव बेचबिखन, गुण्डागर्दी र लागूऔषधलगायतमा संलग्न अपराधीलाई तत्काल कानुनी दायरामा ल्याउन प्रहरी कर्मचारीहरूले निर्भिक र निडर भई निष्ठाकासाथ काम गर्नुपर्ने बताउनुभएको छ। नेपाल पुलिस क्लब भृकुटीमण्डपमा आइतबार उपत्यकास्थित प्रहरी कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन दिँदै उहाँले उक्त कुरा बताउनुभएको हो।

राष्ट्र र नागरिकको अपेक्षाअनुरूप आफ्नो व्यावसायिक ज्ञान, सीप र दक्षताको उच्च प्रयोग गर्दै पूर्ण इमानदारिताका साथ काम गरी उत्कृष्ट कार्य सम्पादन गर्नुपर्नेमा जोड दिँदै प्रहरी महानिरीक्षक खनालले नयाँ वर्षसँगै नयाँ जोस र उमङ्गकासाथ काम गरी तत्काल नतिजा देखाउनुपर्ने उल्लेख गर्नुभयो।

संगठनले सुम्पेको दायित्वलाई दृढ संकल्पकासाथ पूरा गर्न उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोग गर्दै उच्च मनोबलसहित अगाडि बढ्न उहाँले निर्देशनसमेत दिनुभयो। महिला तथा बालबालिकासम्बन्धी हुने अपराधका विषयमा थप संवेदनशील भएर अनुसन्धान गरी अपराध नियन्त्रणमा जोड दिनुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक खनालले असहायपीडितको गुनासोप्रति चासो दिनुपर्ने, घटनाप्रति मूकदर्शक हुन नहुने र दोषीलाई तत्काल कारबाही गरी कानुनको दायरामा ल्याउनुपर्ने बताउनुभयो। नागरिकलाई सेवा प्रवाह गर्ने क्रममा प्रहरी आचरण र व्यवहार उत्कृष्ट प्रदर्शन गर्नुपर्ने तथा कमीकमजोरीलाई सुधार्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो।

राज्यले सुम्पेको गहन जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने क्रममा आइपर्ने चुनौती र बाधा अड्चनको सामना गर्दै संगठनको छविलाई थप उचाइमा लैजान प्रहरी कर्मचारीहरूमा अझै मिहिनेत र लगनको आवश्यकता रहेको प्रहरी महानिरीक्षक खनालले चर्चा गर्नुभयो। प्रहरी संगठनको सुदृढीकरण, संरचनागत सुधार, प्रहरी कर्मचारीको वृत्तिविकास तथा सेवा सुविधाप्रति संगठन सदैव संवेदनशील रहेको जानकारी दिँदै उहाँले प्रहरी कर्मचारी पनि संगठनको हितप्रति पूर्ण बफादार र निष्ठावान् हुनुपर्ने उल्लेख गर्नुभयो।

## बृहत् रक्तदान सम्पन्न



काठमाडौं, (नेस)

रगतको अभावलाई सहज बनाउन सर्वहित नेपाल मरु, प्याफले वसन्तपुरस्थित महादेव पावर्ती डबलीमा बृहत् रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसञ्चार र ब्लड डोनर एसोसिएसन नेपालसँग समन्वय गरी सो रक्तदान कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा ५९ जनाले रक्तदान गरेका थिए। रक्तदान गर्नुहुने सबैलाई सर्वहित नेपालका अध्यक्ष विनोद तुलाधरले प्रमाणपत्र प्रदान गर्नुभयो।

केन्द्रीय रक्तसञ्चार सेवाका निर्देशक डा. मनिता राजकर्णिकारले स्वास्थ्य परीक्षण गर्नुभएको सो कार्यक्रममा ब्लोदानका महासचिव सानुबाबु प्रजापतिलगायत अन्य पदाधिकारीको उपस्थिति थियो।

**भूल सुधार गरिएको सूचना**

यही मिति २०७५/०१/०१ गते नेपाल समाचारपत्र दैनिकको भित्रि पृष्ठमा प्रकाशित भएको सान्जेन जलविद्युत कम्पनी लिमिटेडको **करार सेवामा जनशक्ति आवश्यकता सम्बन्धी सूचनामा** प्रथम पटक प्रकाशित मिति २०७५/०१/०१ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ साथै सोही सूचनाको विज्ञापन नं २०७४/०७५ प्रा.०८ मा सिनियर कन्स्ट्रक्शन ईन्जिनियर (सिभिल) २ जना हुनु पर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ।

**सान्जेन जलविद्युत कम्पनी लिमिटेड**
केन्द्रिय कार्यलय, महाराजगंज, काठमाडौं।

**मलंगवा नगरपालिका**
नगर कार्य पालिकाको कार्यालय
**२ न. प्रदेश, सर्लाही, नेपाल**

**बोलपत्र स्वीकृति गर्ने आशयको सुचना**

(प्रथम पटक प्रकाशित मिति : २०७५/०१/०३)

यस कार्यालयबाट मिति २०७४/११/१५गतेको नेपाल समाचार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्काहरु सम्बन्धि सुचना अनुसार दर्ता हुन आएका बोलपत्रदाता हरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्युनतम मुल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का न. | कार्यको बिबरण | बोलपत्र दाता को नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| Mlw/BADP/NCB/Works/01-2074/075 | Construction of Brick Masonry Drain on both sides of existing PCC Road, Malangwa - 1, Sarlahi | जितेन्द्र निर्माण सेवा, मलंगवा - १०, सर्लाही | रु. ३६,९९,९५८.३४ |
| Mlw/BADP/NCB/Works/02-2074/075 | Expansion of esixting PCC Road on the both sides and construction of RCC Slab for drain, Malangwa - 1, Sarlahi | एम.एस. कन्स्ट्रकसन, मलंगवा - १०, सर्लाही | रु. ३७,०७,९०६.६७ |
| Mlw/BADP/NCB/Works/03-2074/075 | Construction of Black Topped Road, Malangwa - 02, Sarlahi | बिबेक निर्माण सेवा, गडहिया - ०८, सर्लाही | रु. १८,५१,२४८.०९ |
| Mlw/BADP/NCB/Works/04 -2074/075 | Construction of Black Topped Road, Malangwa - 08, Sarlahi | बिबेक निर्माण सेवा, गडहिया - ०८, सर्लाही | रु. १५,३९,८९३.५३ |

**प्रमुख प्रशाशकिय अधिकृत**

सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहारादि वस्तु प्राप्ति, चिताएको कुरा पुग्ने सम्भावना।
**वृष** : धन खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति।
**कर्कट** : स्वस्थता र आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष।
**सिंह** : राजकाज, मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट, तनाव।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धन-सम्पत्ति प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान ।
**वृश्चिक** : धनलाभ, सफलता, पैसा प्राप्तिको सम्भावना।
**धनु** : बाथ-वायुजन्य रोग, गर्न लागेको काममा बाधा-अड्चन, सन्ताप।
**मकर** : विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता।
**मीन** : नोक्सानी, मानसिक चञ्चलता, निरर्थक धन र समयको बरबाद।



# प्रदेश-३



भूकम्पपछिको पुनर्निर्माणमा सहजता ल्याउन जाईकाले गाउँटोलमा पुनर्निर्माण समिति नै गठन गरी प्राविधिक सहायताको काम शुरु गरेपछि बखतबहादुरका लागि घर रहर पूरा हुँदैछ।



## मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

दोलखा, (नेस)

दोलखाको तामाकोसी गाउँपालिका वडा नम्बर १ भीरकोट सडकखण्डमा शनिबार राति भएको मोटरसाइकल दुर्घटनामा परी दुई जनाको ज्यान गएको छ।

मोटरसाइकल दुर्घटनामा परी चालक रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नम्बर १ का १८ वर्षीय सागर श्रेष्ठ र मोटरसाइकल पछाडि बसेका सिन्धुपाल्चोक जिल्ला साँगाचोकगढी नगरपालिका वडा नम्बर ४ का २५ वर्षीय राजकुमार मोक्तानको मृत्यु भएको प्रहरीले जनाएको छ।

दोलखाको पर्यटकीयस्थल शैलुङको भ्रमण गरी रामेछापतर्फ फर्कँदै गर्दा शनिबार राति बा९२ प७२१४ नम्बरको मोटरसाइकल दुर्घटनामा परी उनीहरूको घटनास्थलमै ज्यान गएको प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले बताए। मोटरसाइकल सडकबाट झण्डै डेढसय मिटर तल खसेको प्रहरीले जनाएको छ। तीव्र गतिका कारण दुर्घटना भएको प्रहरी नायव उपरीक्षक कार्कीले बताए।

## वडा कार्यालयहरू भाडामा

हेटौंडा, (नेस)

स्थानीय तहको नयाँ संरचना र व्यवस्था कायम भएदेखि नै हेटौंडा उपमहानगरपालिका वडा कार्यालयहरूले मासिक १२ हजारसम्म तिरेर भाडाको घरबाट सेवा दिइरहेका छन्।

जिल्लाका अन्य स्थानीय तहमध्ये सम्पन्न मानिएको उपमहानगरपालिका वडा कार्यालय भवन बन्न सकेको छैन। नगरपालिका-५, ९, ११, १३, १४, १६ र १९ वडा कार्यालय भाडाको घरमा सञ्चालित रहेको उपमहानगरपालिकाले जानकारी दिएको छ।

साविकका केही गाविसले हालका वडाको सेवा पुरानै कार्यालयबाट दिँदै आए पनि नगरका आधाभन्दा बढी वडा कार्यालय भाडाका घरमा सञ्चालित छन्। वडा कार्यालयले मासिक १० हजारदेखि १२ हजारसम्म भाडा तिर्छन्।


वडा-१३ को कार्यालय भाडामा छ। स्थानीय घर भाडामा लिएर वडाका कार्यसम्पादन भइरहेको वडा अध्यक्ष मनोज वाईवाले बताउनुभयो। 'कार्यालयका कर्मचारीलाई बस्ने कुर्सीमेत व्यवस्थापन नहुँदा कार्यसम्पादनमा समस्या छ' -वाइबाले भन्नुभयो।

हेटौंडा-११ अध्यक्ष गोकर्णप्रसाद पराजुली भन्नुहुन्छ- 'कार्यालय महिनाको १२ हजार भाडामा छ। त्यही पनि साँघुरो हुँदा सेवा दिन समस्या छ। सेवाग्राही आउँदा लाइनमा बसेर आउजाउ गर्नुपर्ने अवस्था छ। कार्यकक्षमा बस्नै समस्या छ। सेवाग्राहीको भीड हुँदा काम गर्नै नसकिने पराजुलीले बताउनुभयो। खानेपानी र शौचालयसमेतको कठिनाइ हुने गरेको उहाँको गुनासो छ। वडा कार्यालय व्यवस्थापनका लागि नगरपालिकामा पटक-पटक कुरा राख्दा पनि खासै चासो नदेखाइएको अध्यक्ष पराजुलीले दाबी गर्नुभयो।

वडा-१६ अध्यक्ष रामकृष्ण कोइरालाका अनुसार वडाले चार कोठे भवनको मासिक भाडा ११ हजार तिर्छ। उहाँले भन्नुभयो- 'एउटै कोठालाई बारेर ३ वटासम्म कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ।

# असहायका घर बनाउँदै घुम्ती डकर्मी

नानीराम नेपाल, सिन्धुपाल्चोक



बाबुले आत्महत्या गरे, आमाले घर छाडेर अर्कैसँग हिँडिन्। बलेफी गाउँपालिका ४ फुल्पिङडाँडाका ११ वर्षीय हरिबहादुर सुवेदीको बाल्यकाल अत्यासलाग्दो नै छ। त्यसमाथि पनि भूकम्पमा घर भत्किएपछि टहरामा दुःखी जीवन धान्दै आएका उनलाई पुनर्निर्माणको पिरलो थपियो। असहाय बनेर अत्यासलाग्दो जीवन झेलिरहेका उनको मुहारमा थोरै भए पनि खुसी फर्किएको छ यतिबेला। जाईकाले गाउँमै सामुदायिक पुनर्निर्माण सामुदायिक समिति नै गठन गरी उनलाई पुनर्निर्माणमा प्राविधिक सघाउ मात्र गरेन, जाईकाका घुम्ती डकर्मीले नै उनको घरको डीपीसी गरिदिए।

प्राविधिकले उनको घरको दोस्रो किस्ताका लागि सिफारिस गरी पठाइसकेका छन्। 'बाबा बिते, आमाले घर छाडेर गइन्', बुधबार फुल्पिङडाँडास्थित उनको बन्दै गरेको घरमा पुग्दा हरिबहादुर भन्दैथिए- 'घुम्ती डकर्मी र प्रविधिकहरू सहारा बनेर आउनुभयो।' गाउँमा सामुदायिक पुनर्निर्माण समिति गठन भएपछि पुनर्निर्माणमा उल्लेख्य प्रगति भइरहेको जाईकाका इन्जिनीयर प्रदीप शर्मा बताउँछन्।

आफैं गरौं सक्ने होइन, गर्ने भन्ने कोही छैन। भूकम्पमा घर भत्किएपछि टहरोमा टाउको लुकाउँदै आएका बाह्रबीसे नगरपालिका-४ ओखेनीका ७३ वर्षीय बखतबहादुर श्रेष्ठलाई घर भत्कँदाको भन्दा बनाउन नसक्दाको पीडा धेरै छ। न त साथमा पैसा, न कामदार नै छन् गाउँमा। सरकारी अनुदानको पहिलो किस्ता पाएका उनीसँग बाह्रबीसे बजारदेखि गाउँसम्म निर्माण सामग्री लैजाने सामर्थ्यसम्म थिएन।

भूकम्प गएको ३ वर्ष बितिरहँदा पुनर्निर्माण शुरू गर्नै नसकेका असहाय बखतबहादुरका लागि यतिबेला जाईकाका घुम्ती डकर्मी पुनर्निर्माणमा 'भर' भइदिएका छन्। जाईकाका घुम्ती डकर्मीले असहाय बनेर अभावको जीवन झेलिरहेका बखतबहादुरको घर निर्माण शुरू गरिदिएका छन्। 'टहरोमै मरिन्छजस्तो लाग्थ्यो, अब घर बन्ने भयो' -आइतबार ओखेनीमा पुग्दा बखतबहादुरले खुसी पोखे।

भूकम्पपछिको पुनर्निर्माणमा सहजता ल्याउन जाईकाले गाउँटोलमा पुनर्निर्माण समिति नै गठन गरी प्राविधिक सहायताको काम शुरू गरेपछि बखतबहादुरका लागि घर रहर पूरा हुँदैछ। बाह्रबीसे-४ ओखेनीमा गठित ओखेनी सामुदायिक पुनर्निर्माण समितिको बैठकमा पुगेर बखतबहादुरले आफू असहाय रहेको र घर बनाइदिन आग्रह गरेपछि सामुदायिक पुनर्निर्माण समितिले लिखित निर्णय नै गरी उनको घर बनाइदिने निर्णय गरेको थियो।

घुम्ती डकर्मीलेले नै उनका लागि निर्माण सामग्री ल्याइदिए, काम गरेको ज्याला नलिने गरी डीपीसीको काम शुरू गरे। 'पहिलो किस्ताको ४० हजार उहाँसँग बाँकी रहेछ, त्यही पैसाले रड, सिमेन्ट र बालुवा ल्याई डीपीसी गरिदियौं', जाईकाका घुम्ती डकर्मी तीर्थबहादुर राउतले भने- 'उहाँको एककोठे घर हामी नै बनाइदिन्छौं।' सामुदायिक पुनर्निर्माण समितिको निर्णयपछि घुम्ती डकर्मी तीर्थबहादुर र समीर श्रेष्ठले बखतबहादुरको घर डीपीसी गरिदिएका हुन्। बखतबहादुरजस्तै ओखेनीका अर्का वृद्ध असहाय ८५ वर्षीय जयबहादुर राउतका लागि पनि जाईकाका घुम्ती डकर्मीले नै घरको डीपीसी गरिदिए। टहरामा दुःखी जीवन झेल्दै ३ वर्षसम्म पुनर्निर्माण शुरू गर्न नसकेका जयबहादुरको घरको पुनर्निर्माण शुरू भएपछि खुसी फर्किएको छ उनको जीवनमा। 'दुःखी गरिबलाई हेर्ने मान्छेलाई भगवान्ले पनि हेरून्' -घरको डीपीसी भएपछि उनी भन्दैथिए।

घुम्ती डकर्मीहरू स्थानीयस्तरमा असहायका सहारा बनिरहेको जाईकाका प्राविधिक सहायता टिमका इन्जिनियर दीपेन्द्र थापा बताउँछन्। गाउँबस्तीमा पुगेर आफूहरूले भूकम्पपीडितलाई प्राविधिक सहायता प्रदान गर्दै आएको उनी बताउँछन्। स्थानीयस्तरमा डकर्मी छनोट गरी उनीहरूलाई प्रविधिक तालिम दिएर घुम्ती डकर्मीका रूपमा खटाइएको पनि उनले बताए। 'गाउँबस्तीमा घुम्ती डकर्मी खटिएपछि पुनर्निर्माणमा सहजता देखिएको छ' -इन्जिनियर थापाले भने।

## चितवन राष्ट्रिय निकुञ्जका कर्मचारीलाई माछा खान प्रतिबन्ध

नेपाल समाचारपत्र

चितवन




चितवन राष्ट्रिय निकुञ्जले कर्मचारीहरूलाई माछा खान प्रतिबन्ध लगाएको छ। यही वैशाख १ गतेदेखि लागू हुने गरी दुर्लभ वन्यजन्तु जोगाउन निकुञ्जका कर्मचारीलाई थप जिम्मेवार बनाउन माछा खान प्रतिबन्ध लगाएको हो। निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेदकुमार ढकालले घडियाल गोही संरक्षणका लागि कर्मचारीहरूलाई माछा खान प्रतिबन्ध लगाइएको बताए। उनले प्रतिबन्धविपरीत कसैले माछा प्रयोग गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गरिने बताए।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयअन्तरगतका मुख्य कार्यालय, सेक्टर, हात्तीसार शाखा, रेञ्जपोस्ट, प्रवेशद्वार, पोस्ट तथा सुरक्षा पोस्टलगायत नेपाली सेना र निकुञ्ज कार्यालयका कर्मचारी बस्ने कोर एरिया र मध्यवर्ती क्षेत्रमा माछा प्रयोग गर्न पूर्ण प्रतिबन्ध लगाइएको हो। सो क्षेत्रमा पोखरीको माछासमेत खान पाइने छैन। ती क्षेत्रमा निकुञ्जका ३ सय ७६ कर्मचारी र १ हजारभन्दा बढी नेपाली सेना रहेका छन्। यो प्रतिबन्धसँगै निकुञ्जभित्रको भान्छामा अब माछा पाक्ने छैन।

चितवन राष्ट्रिय निकुञ्जले माछा मार्नमा कडाई गरिरहेको छ। अरूलाई माछा मार्न रोक लगाइरहेका बेला आफैंबाट संरक्षणको शुरुआत गर्न लागिएको सहायक प्रमुख संरक्षण अधिकृत नुरेन्द्र अर्यालले बताए। चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने नारायणी, राप्ती र रिउ नदी निकुञ्जभित्र पाइने दुर्लभ वन्यजन्तुहरूको आधार क्षेत्र हो। घडीयाल गोही पूर्णरूपमा नदीमा आश्रित विश्वको संकटापन्न प्रजाति रहेकाले यसको संरक्षणका लागि माछा मार्ने कार्यलाई निकुञ्जले नियन्त्रण गर्दै आइरहेको छ। विगत केही वर्षयता नदीमा तियारी जाल, करेन्ट प्रयोग गरी माछा मार्ने क्रम बढ्दै गएको र तियारी जालमा परी घडियाल गोहीसमेत मर्ने गरेकाले यसको संरक्षणमा विशेष ध्यान दिइएको निकुञ्ज प्रमुख संरक्षण अधिकृत ढकालले बताए।

## एघार महिनादेखि करणी

हेटौंडा, (नेस)

मकवानपुरको बकैया गाउँपालिका-१२ बस्ने वर्ष १५ की किशोरीलाई उनका भिनाजुले ११ महिनादेखि करणी गर्दै आएको खुलेको छ।

सोही ठाउँ बस्ने वर्ष ३६ का भिनाजु रत्नबहादुर घलेले वैशाखदेखि फागुनसम्म पटक-पटक आफ्नो घरमा जबरजस्ती करणी गर्ने गरेको सूचनाका आधारमा उनलाई पक्राउ गरिएको हो।

इलाका प्रहरी कार्यालय ठिंगनबाट खटिएको प्रहरीले बिहीबार पक्राउ गरी जिल्ला अदालतमा पेस भएर जबरजस्ती करणी मुद्दामा ५ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

# चितवनमा सवारी दुर्घटना बढ्यो

कृष्ण आचार्य, चितवन

चितवनमा पछिल्लो ९ महिनामा १ सय ९५ वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा परी ९७ जनाको मृत्यु भएको छ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक सन्तोष पन्तले गतवर्ष भन्दा यसवर्ष सवारी दुर्घटनामा केही वृद्धि भए पनि मानिसको मृत्युदर भने घटेको बताए। 'सवारी दुर्घटना न्यूनीकरणका प्रयासधेरै गर्‍यौं, तर दुर्घटना केही बढे पनि मानिसको मृत्युदर भने केही घटेको छ' -ट्राफिक प्रमुख पन्तले भने। उनले नयाँ वर्ष २०७५ मा सचेत भएर सवारीसाधन चलाउन सबैमा आग्रह गरे।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनको तथ्यांकअनुसार २०७४ वैशाख १ देखि चैत मसान्तसम्ममा विभिन्न ठाउँमा गरी १ सय ९५ वटा सवारी दुर्घटनामा परी ९७ जनाले ज्यान गुमाए। ती दुर्घटनामा परी तीन सय ७१ जना घाइते भएका छन्। गत वर्ष २०७३ वैशाखदेखि चैत मसान्तसम्ममा १ सय ८२ वटा सवारी दुर्घटना भएका थिए। त्यस दुर्घटनामा परी १ सय २९ जनाले ज्यान गुमाएको ट्राफिक प्रहरीको तथ्यांकमा उल्लेख छ।

यस्तै २०७४ चैत मसान्तसम्ममा ट्राफिक नियम उल्लंघन गर्ने ३० हजार १ सय सवारीसाधन कारबाहीमा परे। मादकपदार्थ सेवन (मापसे) गरी सवारी चलाउने मात्रै ५ सय ९१ जना कारबाहीमा परेको ट्राफिक प्रहरीले जनाएको छ। यसवर्ष मात्रै ट्राफिक प्रहरीले २ करोड २४ लाख ५१ हजार रुपियाँ राजस्व उठाएको छ।

गतवर्ष २०७३ चैतसम्ममा ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लंघन गर्ने ३२ हजार २ सय ५० सवारी र मादक पदार्थ सेवन

**नौ महिनामा १ सय ९५ सवारी दुर्घटना, ९७ जनाको मृत्यु**

(मापसे) गरी सवारी चलाउने मात्रै १ हजार १ सय ८६ जनालाई कारबाही गर्दै २ करोड ४५ लाख ६८ हजार ५ सय रुपियाँ राजस्व संकलन गरेको थियो।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रमहरूलाई पनि निरन्तर अघि बढाइरहेको छ। चैत महिनामा मात्रै ट्राफिक प्रहरीले विभिन्न व्यक्ति, संघसंस्थाको समन्वयमा ३१ भन्दा बढी कार्यक्रम गरेको छ। यी कार्यक्रमहरूलाई आगामी दिनमा पनि निरन्तरता दिइने ट्राफिक प्रमुख पन्तले बताए।

# प्रशासनकै मिलेमतोमा खोलामा 'क्रसर'

मोतीराम तिमल्सिना, सुनकोशी, काभ्रे

स्थानीय सरकार र प्रशासनको अनुमतिमा खोलामै क्रसर गाडिएको छ। सुनकोशी खोलामा गाडिएको क्रसर मापदण्डविपरीत छ।

पाँचखाल नगरपालिका र भुम्लु गाउँपालिकाको सीमानामा पर्ने बरको बोटमा सुनकोशी खोलामै क्रसर शुरू गरिएको छ। जनप्रतिनिधि निर्वाचित भइसकेको अवस्थामा कानुन नबनेको र अधिकार स्थानीय सरकारलाई प्राप्त भइनसकेको संक्रमणकालीन फाइदा उठाउँदै खोलामै क्रसर शुरू गरिएको छ। जिल्ला समन्वय समितिले सुनकोशी, ईन्द्रावतीलगायतका विभिन्न क्षेत्रमा प्राकृतिक स्रोत दोहन भइरहेको गुनासो आएपछि गठन गरेको अनुगमन टोलीले उक्त क्रसर मापदण्डविपरीत सुनकोशी किनारमै शुरू गरेको फेला पारेको हो।

'सुनकोशी खोलाको वातावरणी मूल्यांकन भएको क्षेत्रको सामग्री उत्खनन गर्ने गरी समानान्तर रोडा ढुंगा उद्योग शुरू गरेको फेला परेको छ', जिल्ला समन्वय समिति काभ्रेकी उपप्रमुख मञ्जु गौतमले भनिन्- 'उक्त उद्योगका बारेमा अनुसन्धान हुनेछ।' घरेलु तथा साना उद्योग कार्यालयमार्फत दर्ता भएको भनिएको समानान्तर उद्योगले खोलामै लाइसेन्स कसरी प्राप्त गर्‍यो? रहस्यको विषय बनेको छ। स्थानीयले उक्त खोलामा क्रसरले प्राप्त गरेको लाइसेन्स डन, धन र गनका आधारमा भएकाले मापदण्डविपरीत हुँदा पनि प्राकृतिक स्रोतको उत्खनन भइरहेको बताइएको छ।

जिल्ला विकास समितिले बोलपत्र आह्वान गर्दा ५७ लाख/५७ लाखका बोलपत्र दर्ता नभएको भुल्लु ७ फलाँटेको सुनकोशी खोलाका दुई स्थानबाट बालुवा अवैद्य रुपमा निकासी भइरहेको छ। जिल्ला विकास समितिले बोलपत्र आह्वान गर्दा नलागेका उक्त क्षेत्रबाट दैनिक बालुवा निकासी हुँदा पछिल्ला समय वडा कार्यालयले प्रतिटिप १ हजार रुपियाँ लिने गरेको छ। ठेक्का लागेको अवस्थामा बिक्री करबापत १ हजार, निकासी करबापत १ हजार, बाटो करबापत ३ सय ५० र १३ प्रतिशत राजस्व करबापत प्रतिटिप १ हजार ५ सय रुपियाँ संकलन हुने गरेको थियो।

त्यति धेरै राजस्व संकलन हुने अवस्थामा जिल्ला विकास समितिले पुनः मूल्यांकन गरी बोलपत्र आह्वान नगर्दा १ करोड १४ लाखको राजस्व त गुमेकै छ त्योभन्दा धेरै प्राकृतिक स्रोतको दोहन मनलाग्दीरूपमा गरिएको छ। जिल्ला विकास समितिबाट जिल्ला समन्वय समिति भई जनप्रतिनिधि आउँदासमेत उक्त क्षेत्रको विषयमा ध्यान दिन नसक्दा ईन्द्रावती र सुनकोशी खोलाबाट बालुवा चोरी निकासी हुने क्रम रोकिएको छैन।



भुम्लु गाउँपालिका ६ कलाँतीमा रहेको सुनकोशी खोलाबाट दैनिक २० ट्रकभन्दा धेरै बालुवा चोरी निकासी भइरहेको छ। छिमेकी देश भारतका मजदुर राखी राति-राति स्काभेटर प्रयोग गरेर उक्त स्थानको बालुवा चोरी भइरहेको छ। वातावरणीय मूल्यांकनसमेत नगरेको उक्त क्षेत्रको बालुवा चोरी हुँदा प्रशासन मौन छ। जनप्रतिनिधिले उक्त क्षेत्रबाट प्रतिट्रक १ हजार रुपियाँ कर लिएर बालुवा पठाउने गरेको भए पनि कानुनीरूपमा उसले प्रक्रिया पुऱ्याएको छैन।

पाँचखालको कोशीदेखा, तेमालको सरमथली, भुम्लुको दोलालघाट, मण्डनदेउपुरको इन्द्रावतीलगायतका क्षेत्रमा पछिल्लो समयमा भएको प्राकृतिक स्रोतको दोहनमा जनप्रतिनिधि प्रशासनको असहयोगका कारण रमिते बन्न बाध्य भएका छन्। जनप्रतिनिधिले भूकम्पपीडितका लागि १ हजार रुपियाँ राजस्व लिएर बिक्री गरेको बालुवा २१ हजार रुपियाँमा बिक्री भइरहेको छ।

भुम्लु गाउँपालिका र साँगाचोक गढी नगरपालिकाको सीमानामा अवैद्यरूपमा सिन्धुपाल्चोका क्रसरहरूले काभ्रेको सिमानामा स्काभेटर सञ्चालन गरिरहेका छन्। 'सिन्धुपाल्चोकका क्रसरहरूले उता सीमानामा गएको पानीको बहाव परिवर्तन गरी काभ्रेतर्फ पठाएर खोलामै स्काभेट राखेर सामग्री उत्खनन गरिरहेका छन्', स्थानीय दण्ड कुँवरले भने- 'त्यही कामका लागि काभ्रेको तर्फबाट स्काभेटर खोलामा पुग्दा साँचो खोसिन्छ। काभ्रेमा प्रयोग गर्न नपाएको स्काभेटर सिन्धुपाल्चोकको क्रसरले प्रयोग गरिरहेको छ।' इन्द्रावती खोलामा सिन्धुपाल्चोक क्षेत्रका क्रसरहरूले दादागिरी देखाउँदै खोलामा स्काभेटर प्रयोग गर्दा सुनकोशी र इन्द्रावती धमिलो भएको छ। धमिलो खोलाका कारण खोलामा पाइने माछा मर्न थालेका छन्। काभ्रेपलाञ्चोक जिल्लाको सीमानामा पर्ने प्राकृतिक स्रोतको दिनदहाडै दोहन भइरहेको छ।

२०७५, वैशाख
सोमबार
३




देवीस्थान, शंकरपोखरी, बाच्छा, कार्कीनेटालगायतमा १० परिवारका दरले १ सय घर निर्माणको चरणमा थिए। सबै किस्ता रकम नपाएपछि सबै घर अहिलेसम्म अधुरै छन्।



आदिवासी समुदायको सिरुवा पर्वको दोस्रो दिन कादो (हिलो) खेलेर मनाउँदै स्थानीय। *तस्वीर : उत्तम नेपाल, भद्रपुर*

# सामाजिक सुरक्षा भत्ताको बेरूजु रकम बढ्यो

**सञ्जय कार्की, रौतहट**

रौतहटमा २ गाउँपालिकासहित १८ वटा नगरपालिका रहेका छन्। सिंहदरबारको अधिकार गाउँको तल्लो तहसम्म पुऱ्याउने उद्देश्यले स्थानीय सरकारको कल्पनासहित सरकारी निकायका विषयगत कार्यालयसमेत स्थानीयतहमा समाहित भएका छन्।

स्थानीयतहले निर्माण गरेको नीति, कार्यक्रम र विनियोजित बजेटको परिधिमा स्थानीयतहका नागरिक समृद्ध हुँदै जाने विश्वास लिइएको छ तर सामाजिक सुरक्षा भत्ता वितरणमा रौतहटका स्थानीय तहमा भने ६ करोड, ७५ लाख, ३ हजार ४ सय २० रुपियाँ बेरुजु रहेको छ। राष्ट्रका असहाय, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, बृद्ध तथा अशक्त व्यक्तिहरूको सुरक्षाका लागि उचित पुनःस्थापना, रोजगारी र सुरक्षाको व्यवस्था गरी देश विकासको कार्यमा सरिक गराउने उद्देश्य रहेको छ। राज्यले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति अबलम्बन गरे पनि स्थानीय तहका कारण लक्षित समूहसम्म नपुग्ने अवस्था रहेको पाइएको छ।

बेरुजु रहनुमा तत्कालीन सचिवले रकम हिनामिना गर्नु, कागज मिलान नहुनुलगायतका कारण हुनसक्ने औंल्याइएको छ। महालेखा परीक्षकको कार्यालय डोरमुकाम रौतहटबाट आर्थिक वर्ष ०७३/७४ मा रौतहटको स्थानीय तहको स्रेस्ता परीक्षण हुँदा सामाजिक सुरक्षा कार्यक्रमको रकम बेरुजु रहेको छ। रौतहटको दुर्गाभगवती गाउँपालिकाको ७६ लाख ६६ हजार ४ सय, गडीमाई नगरपालिकाको ९८ हजार ७७ हजार ६ सय, गुजरा नगरपालिकाको ७४ लाख १३ हजार १ सय ७० रकम बेरुजु रहेको छ। त्यसै गरी कटहरिया नगरपालिकाको १७ लाख ७८ हजार ४ सय, मौलापुर नगरपालिकाको ७३ लाख ९२ हजार ८ सय, बौदिमाई नगरपालिकाको ८७ लाख ८२ हजार ४ सय १, इसानाथ नगरपालिकाको २, करोड ६० लाख ४० हजार बेरुजु रहेको छ।

त्यसै गरी राजपुर नगरपालिका ३७ लाख ४६ हजार ४ सय, परोहा नगरपालिका ६७ लाख ४४ हजार, फतुवाबिजयपुर नगरपालिका ५४ लाख २३ हजार २ सय, माधवनारायण नगरपालिका ५२ लाख ७२ हजार, दवाही गोनाही नगरपालिका ६२ लाख ९१ हजार २ सय, वृन्दावन नगरपालिका ३८ हजार ४ सय, गौर नगरपालिका १ करोड २५ लाख २६ हजार ४ सय र गरुडा नगरपालिकाको ६१ लाख, ४२ हजार ४ सय बेरुजु रहेको छ। जिल्ला समन्वय समिति गौरका जिल्ला समन्वय अधिकारी आत्मराम सत्यालले बेरुजु रकम फछ्र्यौट गर्न सम्बन्धित स्थानीय तहलाई ताकेता गरिएको बताउनुभयो।

# बुद्ध जयन्तीमा १ सय ७ विद्यार्थी दीक्षित हुने

**नेपाल समाचारपत्र**

बुटवल

लुम्बिनी बौद्ध विश्व विद्यालयले पहिलो पटक दीक्षान्त समारोह गर्ने भएको छ। स्थापना भएको १२ वर्ष र शैक्षिक अध्यापन शुरू गरेको ४ वर्षपछि विश्व विद्यालयले दीक्षान्त समारोह गर्न लागेको हो।

२५६२औं बुद्ध जयन्तीका अवसरमा यही वैशाख १६ गते लुम्बिनीमा पहिलो पटक दीक्षान्त समारोह आयोजना गर्ने आइतबार लुम्बिनीमा पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। विश्वविद्यालयले स्नातकोत्तर र विद्यावारिधि उत्तीर्ण गरेका विद्यार्थीलाई पहिलो पटक दीक्षित गर्न लागेको रजिस्टार तिलक आचार्यले बताउनुभयो।

रजिस्टार आचार्यले स्नातकोत्तर उत्तीर्ण ९१ जना र विद्यावारिधि उत्तीर्ण १६ जना गरी १ सय ७ जनालाई बुद्ध जयन्तीका अवसरमा दीक्षित गरिने बताउनुभयो। तीमध्य १ जना भारतीय नागरिक रहेका छन् भने अरू सबै नेपाली नागरिक रहेका छन्।

दीक्षान्त समारोहमा श्रीलंका विश्वबिद्यालयका उपकुलपति प्राडा गल्ल्याले सुमन सिरी थेरोलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिएको कार्यक्रममा विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओली, सहकुलपति तथा शिक्षामन्त्री गिरिराजमणि पोखरेललगायतको उपस्थिति रहनेछ।

सोही अवसरमा सारदा वज्राचार्य स्मृति पुरस्कारबाट गोल्ड मेडल, प्राडा रजना इन्जिनियर भक्तानान्द पुरस्कारबाट स्वर्ण पदक तथा साल्ट टेड्रिङको नगद ५० हजार रुपियाँका ३ वटा पुरस्कार पनि वितरण गरिने लुम्बिनी बौद्ध विश्वविद्यालयका निमित्त डीन माणिक रत्न शाक्यले बताउनुभयो।

२०६१ सालमा स्थापना भएको लुम्बिनी बौद्ध विश्वविद्यालयमा २०६९ सालदेखि मात्रै पठनपाठन शुरू भएको थियो। यस विश्वविद्यालयमा अहिले स्नातकदेखि विद्यावारिधिसम्म ४ सय ४७ विद्यार्थी अध्ययनरत रहेका छन्।

# विद्यार्थी भर्ना अभियानमा सांसद

**हिक्मत नेपाली, दैलेख**

प्रतिनिधिसभा सदस्य पार्वती कुमारी विशुन्केसहितको टोली आइतबार बिहानै दैलेख सदरमुकामनजिकै रहेको दलित बस्तीमा पुग्यो। नारायण नगरपालिका वडा नं. ३ मा रहेको प्युसेमा रहेको दलित बस्तीमा पुगेको टोलीले स्थानीय समुदायसँग छलफल गरेको छ। उक्त दलित बस्तीमा रहेका बालबालिका, अभिभावकहरूसँग विद्यार्थी भर्ना अभियानलगायतका विषयमा छलफल गरेको थियो। छलफलका क्रममा स्थानीयवासीले खानेपानीको समस्या र बेरोजगारीलगायतका समस्या सांसदसमक्ष राखेका थिए।

उक्त समुदायमा रहेका बालबालिका विद्यालय नजाने, गए पनि बीचैमा विद्यालय छोड्ने गरेको वडा नं. ३ का वडा सदस्य हर्कबहादुर नेपालीले जानकारी गराएका थिए। उक्त बस्तीमा ५० प्रतिशत बालबालिका अहिले पनि विद्यालय बाहिर रहेको बताइएको छ। छलफलमा सांसद विशुन्केले दलित बस्तीमा सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नुपर्नेमा जोड दिइन्। उनले बस्तीमा खानेपानीको समस्या, बेरोजगारीको समस्यालाई समाधान गर्नका लागि आफूले पहल थाल्ने बताइन्। कार्यक्रममा समाजसेवी सविना विक, पत्रकार अमर सुनार, हिक्मत नेपालीले विद्यालय भर्ना अभियानका विषयमा समुदायलाई जानकारी गराएका थिए।

उक्त समुदायमा गरिएको छलफलपश्चात् टोली नारायण नगरपालिका वडा नं. ३ को प्युसेमा रहेको श्री जनजागृती आधारभूत विद्यालयमा पुगेको थियो। सोही समुदायका विद्यालय बाहिर रहेका ३ जना बालबालिकालाई विद्यालयमा भर्नासमेत गरिएको छ। विद्यालयनजिकै रहेको दलित बस्तीका तुल्छा नेपाली र धर्मराज नेपालीलाई सांसद विशुन्केले कक्षा १ मा भर्नासमेत गरेकी छन्। यस्तै सोही विद्यालयमा अध्ययनरत सुमित्रा रेग्मीलाई कक्षा ६ मा भर्ना गरिएको छ। सुमित्राका आमा र बुबा नभएकाले सांसद विशुन्केले शैक्षिक सामग्रीसहित विद्यालयमा भर्ना गरेकी हुन्। विद्यालयमा भर्ना गरिएका ३ न जना बालबालिकालाई सांसद विशुन्केले झोला, कापी र कलमलगायतका सामग्री प्रदान गरेकी हुन्।

विद्यार्थी भर्ना अभियानअन्तर्गत जिल्लामा पहिलो पटक जनजागृती आधारभूत विद्यालयमा आयोजित कार्यक्रममा बोल्दै सांसद विशुन्केले कोही पनि बालबालिका विद्यालय जानबाट वञ्चित नहून् भन्नका लागि सरकारले विद्यालय भर्ना अभियान सञ्चालन गरेको बताइन्। 'आर्थिक अवस्था कमजोर भएर होस् या अन्य कारणले बालबालिकाहरूलाई विद्यालय जानबाट वञ्चित गराइनु हुँदैन', उनले भनिन्- 'अहिलेका बालबालिका भविष्यका कर्णधार हुन्।' सरकारले चलाएको अभियानलाई शिक्षक, अभिभावक तथा स्थानीय समुदायले समेत सहयोग गर्नुपर्ने सांसद विशुन्केको भनाइ थियो। सरकारले वैशाख १ गतेदेखि विद्यार्थी भर्ना अभियान शुरू गरेको थियो।

यसअघि शिक्षा मन्त्रालय, शिक्षा विभाग र शिक्षासँग सम्बन्धित निकायको पहलमा शुरू हुने अभियान प्रधानमन्त्री केपी शर्मा ओलीले राराबाटै शुभारम्भ गर्नुभएको थियो। विपन्नताका कारण विद्यालयमा जान नपाएका बालबालिकालाई लक्षित गरी भर्ना अभियान शुरू गरिएको हो। यस पटक 'हामी सबैका इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा' भन्ने नारा तय गरिएको छ।

## मतदाता नामावली संकलन कार्य शुरू

बैतडी, (नेस)

बैतडीमा आइतबारदेखि फोटोसहितको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य शुरू भएको छ। १६ वर्ष पूरा भई नागरिकता प्रमाणपत्र लिएका योभन्दा अगाडि मतदाता नामावलीमा नाम नभएका नागरिकले जिल्ला निर्वाचन कार्यालय बैतडीमा आफ्नो नाम गर्दा गराउन सक्ने जिल्ला निर्वाचन अधिकारी माधव फुयाँलले जानकारी दिनुभयो।

१६ वर्ष पुगेपछि दर्ता भए पनि १८ वर्ष पुगेपछि मात्रै निर्वाचनमा मतदान गर्न पाउने प्रावधान रहेको छ। यसअघि नामावली दर्ता गराएका तर नामावलीमा त्रुटि देखिएका, विदेशमा बसोवास गरिरहेका, बसाइँ सराई, मृत्यु आदि कारणले अद्यावधिक गर्नुपर्ने र नयाँ नागरिकता लिएका मानिसहरूले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउने उद्देश्यले उक्त कार्य गरिएको बताइएको छ।

## कोकको बोतलमा लागूऔषध ल्याउने दुई पक्राउ

भद्रपुर, (नेस

पेय पदार्थको बोतलभित्र हालेर ल्याउँदै गरेको २१ थान लागूऔषधसहित २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। भारतको गलगलियाबाट भद्रपुरतर्फ आउँदै गरेका भद्रपुर १० का १८ वर्षीय उदय राजवंशी र सोही स्थान र वर्षका विशाल लिम्बुलाई नियन्त्रणमा लिएको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ।

भद्रपुर-५ मेची किनारमा प्रहरीले राखेको चेक पास्टमा आउँदै गरेका उनीहरूलाई शनिबार बेलुका शंका लागि बोतल नियन्त्रणमा लिएर हेर्दा मजा र कोकको झोलमा डुबाएर राखिएको अवस्थामा डाइजोपाम र फेनारगन गरी २१ थान लागूऔषध फेला पारिएको वडाका इन्सपेक्टर प्रकाश जवेगूले बताए।

उनीहरू बोतलको बाहिर छोपिएको लेबलसम्म झोल राखेर बोतल हल्लाउँदै आउँदै गरेका थिए। घटनापछि उनीहरूलाई बरामद सामानसहित आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको इन्सपेक्टर जवेगूले जानकारी दिए।




## शारीरिक अपांगता भएकालाई ह्वीलचियर

बर्दिया, (नेस)

राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका शारीरिक अपांगता भएका ३६ जनालाई ह्वीलचियर र ट्राइसाइकल वितरण गरिएको छ।

शुक्रबार नेपाल रेडक्रस सोसाइटी उपशाखा राजापुरको समन्वयमा एक भव्य कार्यक्रमबीच निःशुल्करूपमा उक्त ह्वीलचियर र ट्राइसाइकल वितरण गरिएको राजापुर नगरपालिकाका स्थानीय रोशन ज्ञवालीले जानकारी दिनुभयो। राजापुर नगरपालिकाका नगरप्रमुख शिवप्रसाद थारुको प्रमुख आतिथ्यता र सहयोगी संस्था राष्ट्रिय अपांग पुनःस्थापना समाज अनामनगर काठमाडौंका निर्देशक सुगम पोखरेलको विशेष आतिथ्यतामा कार्यक्रम भएको थियो।

कार्यक्रममा ह्वीलचियरका लागि पहल गर्ने समाजसेवी हर्कबहादुर शाह, सूर्यप्रकाश शेर्पाइलीलगायतको विशेष उपस्थिति रहेको थियो। ह्वीलचियरको सहयोगबाट दैनिक जीवनमा सहज हुने भन्दै आयोजकले यो कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लैजाने जनाएको छ।

## स्वास्थ्यचौकीको शिलान्यास

महोत्तरी, (नेस) । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-११ स्थित स्वास्थ्यचौकी भवनको शिलान्यास गरिएको छ। पिगौनास्थित स्वास्थ्यचौकीको शिलान्यास जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेशप्रसाद सिंह र जलेश्वर नगरपालिकाका प्रमुख रामशंकर मिश्रले संयुक्तरूपमा गरेका हुन्।

शिलान्यास कार्यक्रममा नगरप्रमुख मिश्रले सीडीपीप्रति सहृदय आभार व्यक्त गर्दै बाढीले क्षति भएका सम्पूर्ण भौतिक संरचनाको पुनर्निर्माण गर्न एक्लै नगरपालिकालाई ठूलो बोझ भएको हुँदा सो स्वास्थ्यचौकीमा गर्नुपर्ने लगानी अब अर्को प्राथमिकतामा खर्च गर्न सकिने भएकाले यो योजनाको महत्त्व दर्शाए।

जिसस प्रमुख सिंहले सीडीपीका जिल्लाभरि विभिन्न विषयगतअन्तर्गत सञ्चालित कार्यक्रमहरू असाध्यै सान्दर्भिक रहेको प्रशंसा गर्दै सीडीपीजस्ता कार्यक्रम जिल्लामा सञ्चालन गर्न प्रदेश तथा केन्द्रमा पहल गर्ने जानकारी दिए।

# रुकुममा अझै दुई प्रतिशत बालबालिका विद्यालय बाहिर

**नेपाल समाचारपत्र**

रुकुम

सरकारले भर्ना अभियानको औपचारिक शुरुआत गरी सबै विद्यालय जान सक्ने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना गराउने अभियान थालेको भए पनि रुकुमका कुना कन्धरामा भने अझै पनि विद्यालय जान सक्ने उमेरका बालबालिका बिद्यालयबाहिर रहेका छन्।

आर्थिक अवस्था कमजोर भएका तथा अझै पनि बालबालिकालाई विद्यालयमा भर्ना गराउनुपर्छ भन्ने चेतनाको अभावका कारण बालबालिका शिक्षाबाट वञ्चित भएका छन्। यति मात्र होइन रुकुम पूर्व र रुकुम पश्चिम जिल्लाका ग्रामीण भेगका बालबालिका शिक्षा र स्वास्थ्यबाट वञ्चित भएको बालबालिकासँग काम गर्ने निकायले बताएका छन्।

बालविवाह, बाल श्रमशोषण र बालयौन दुर्व्यवहार पनि कायम रहेको पाइएको छ। बालबालिकाको समस्यालाई समाधान गर्न बालबालिकासँग काम गर्ने सरकारी तथा गैरसरकारी निकायले पहल थाल्नुपर्नेमा बालबालिकाको जोड छ। आफूहरूका आधारभूत आवश्यकता पूरा गर्नतर्फ सरोकारवाला अग्रसर हुनुपर्ने बालबालिकाको भनाइ छ।

ग्रामीण भेगका बालबालिकालाई लक्षित गरी स्थानीय तहले कार्यक्रम ल्याउनुपर्नेमा उत्तिकै जोड दिइएको छ। गरिवी, विद्यालय दुरी टाढा तथा अशिक्षाको कारण पनि बालबालिका शिक्षाबाट वञ्चित रहेको जिल्ला बालअधिकार अधिकृत मानवीर ओलीले बताउनुभयो। जिल्ला शिक्षा कार्यालय रुकुमका अनुसार रुकुम पूर्व र रुकुम पश्चिमका समेत गरी जम्मा २ प्रतिशत बालवालिका विद्यालयबाहिर रहेकोले उनीहरूलाई विद्यालयमा भर्ना गराउन विभिन्न चेतनामूलक कार्यक्रम अभियान सञ्चालन गरिएको छ।

जिल्ला शिक्षा अधिकारी कर्णबहादुर कुँवरले विद्यालयबाहिर रहेका सबै बालबालिकालाई भर्ना गराउन सबै स्थानीय तहसँग समन्वय गरेर अभियान सञ्चालन गरिएको बताउनुभयो। विद्यालयबाहिर रहेका बालबालिकालाई यस वर्ष विद्यालयमा भर्ना गराई सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनका लागि सामुदायिक विद्यालयले पनि उत्तिकै तदारुकता देखाएका छन्। यस शैक्षिक सत्रदेखी रुकुम पूर्व र रुकुम पश्चिमका सबै विद्यालयले बालमैत्री वातावरणमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने भएका छन्।

शिक्षाको क्षेत्रमा क्रियाशील रुकुमका अन्य सरोकारवाला निकायले पनि ग्रामीणस्तरमा रहेका शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउनका लागि पहल थाल्न आवश्यक देखिएको बताएका छन्।

# बजेट अभावमा जनता आवास कार्यक्रम अधुरै

**नेपाल समाचारपत्र**

पर्वत

जनता आवास कार्यक्रममार्फत सञ्चालन भएको विपन्न परिवारका लागि आवास निर्माण कार्यक्रम बजेट निकासा नहुँदा अधुरै भएको छ। दुई वर्षअघि देउवा सरकारले ल्याएको 'जनता आवास' कार्यक्रममार्फत पर्वतका तत्कालीन १० गाविसका १ सय विपन्न परिवारका घर बनाउन शुरू गरिएको थियो।

फलेवास-६ देवीस्थानका लोकबहादुर माझीका अनुसार अघिल्लो वर्ष निर्माण हुन लागेका सबैजसो घर अधुरै छन्। कार्यक्रम सञ्चालन भएपछि अघिल्लो वर्ष भवन डिभिजन कार्यालयले देवीस्थानका १० माझी परिवारको घर बनाइदिन सम्झौता गरेको थियो। 'सरकारले घर बनाइदिने भनेपछि देवीस्थानका माझी परिवार जति खुसी थिए, अहिले उत्तिकै निराश बनेका छन्। तत्कालीन समय सम्झौताबमोजिमको पहिलो किस्ता रकम पाएर घरको पर्खाल लगाइसकिएपछि घर निर्माणको काम अहिलेसम्म पूरा भएको छैन। ३ किस्तामा गरी ३ लाख रकम पाउने आशमा बसेका माझी परिवारले तेस्रो किस्ता रकम अझै नपाएपछि निराश भएका हुन्।

छानो हाल्ने र शौचालय बनाउने रकम नपाएपछि देवीस्थानसहित १० गाउँका विपन्न परिवार अझैसम्म निराश छन्। 'दुई किस्तामा पाएको २ लाखले घरको जग हालेर ब्लकको गाह्रो लगाउँदा सकियो। घरको छानो अझै हालिएको छैन' -लोकबहादुरले भन। 'झ्याल ढोका पनि हाल्ने काम बाँकी छ। अरू रकम नपाए आउँदो बर्खा पनि झरीमै रुझेर बित्छ' -स्थानीय सरस्वती माझीले भनिन्।

सरस्वतीको परिवार २०७२ को विनाशकारी भूकम्पमा घर भत्किएपछि अहिलेसम्म बाँसका खपेटाले टालेको टहरोमा छ। सरकारले नयाँ घर बनाइदिने भनेपछि प्रफुल्लित उनको परिवार अहिले निराश छ। 'अन्तिम किस्ता आएपछि त्यसैले छानो हालेर ढुक्कले बसौंला भन्ने आश थियो', गजेन्द्र माझीले भने- 'अघिल्लो असारभित्रै आउने भनेको पैसा अझै पाइएको छैन। अब पैसा पाउने-नपाउने केही टुङ्गो छैन।'


देवीस्थान, शंकरपोखरी, बाच्छा, कार्कीनेटालगायतमा १० परिवारका दरले १ सय घर निर्माणको चरणमा थिए। सबै किस्ता रकम नपाएपछि सबै घर अहिलेसम्म अधुरै छन्।

कार्यक्रमले लोपोन्मुख माझी, कुमाललगायत अतिविपन्न वर्गमा सूचीकृत दलित परिवारको लगत संकलन गरी त्यस्ता समुदायका घर निर्माण गर्ने कार्यक्रम रहेको जोशीले बताए। अन्तिम किस्ताको रकम नपाएपछि नयाँ घरमा बस्ने सपना अधुरै रहेको शंकरपोखरीका प्रेमबहादुर परियारले गुनासो गरे।

# विश्व

2018, APR
Monday
16

**भेला**
अमेरिकाको इस्ट कोस्टमा देखिएका एक बास्किङ सार्क। उक्त तटीय क्षेत्रमा करिब १ हजार ४ सय बास्किङ सार्क समूहमा देखिएको बताइएको छ। यो विश्वमा दोस्रो सबैभन्दा ठूलो माछा हो।



**कब्जा**
कुर्दको कब्जामा रहेको सिरियाको उत्तरी हिस्सालाई नियन्त्रण लिए तुर्केली सेना र ट्यांक आफ्नो देशको फहराउँदै।



विश्व २ मिनेट

## चीन

### विमानमा समस्या

बेइजिङ, (एजेन्सी)

एयर चाइनाको एक उडानमा रहेको विमानमा एक जना पुरुष यात्रीले चालक दलका एक सदस्यलाई बन्धक बनाएपछि विमानले पूर्वनिर्धारित माग परिवर्तन गर्नुपरेको चिनियाँ अधिकारीहरूले जानकारी दिएका छन्। आइतबार भएको उक्त घटनामा चीनको नागरिक उड्डयन प्रशासन (सीएएसी)का अनुसार यात्रीले चालक दलका सदस्यलाई नियन्त्रणमा लिन पेनको प्रयोग गरेका थिए। उक्त विमान बिहान हेनान प्रान्तका झेंगझु स्थित सिनझेंग अन्तर्राष्ट्रिय हवाइ अड्डामा अवतरण गरेको हो। सुरक्षाकर्मीले स्थितिमा नियन्त्रणमा लिइसकेको र विमानका सबै यात्रु तथा चालकदलका सदस्यहरू सुरक्षित रहेका बताइएको छ।

## पाकिस्तान

### शान्तिपूर्ण समाधान सम्भव

इस्लामाबाद, (एजेन्सी)

पाकिस्तानका सैन्यु प्रमुख जनरल कमर जावेद बाजवाले भारत र पाकिस्तानको विवादित मुद्दाहरू अर्थात काश्मीर समस्यालगायतलाई वार्ताका माध्यमबाट सल्टाउन सकिने बताएका छन्। यसलाई पाकिस्तानी सेना प्रमुखबाट आएको नरम बयानका रूपमा लिएको छ। काकुलमा पाकिस्तान मिलिटरी एकेडमीका जवानहरूको सैनिक परेडका क्रममा पाक आर्मी प्रमुखले उक्त कुरा राखेका हुन्। उनले भारत र पाकिस्तानको विवादको शान्तिपूर्ण समाधान निस्कने आफ्नो मान्यता रहेको उनले बताए। यो ब्यापक र सार्थक वार्ताबाट सम्भव भएको उनले थपे।

## अस्ट्रेलिया

### झाडीमा आगलागी

सिडनी, (एजेन्सी)

सयौं अस्ट्रेलियाली अग्निनियन्त्रक दक्षिणी उपनगर सिडनीको झाडीमा लागेको डरलाग्दो आगलागी निभाउने कार्यमा व्यस्त रहेका छन्। यस आगलागीबाट त्यहाँका घरहरू प्रभावित भएको प्रहरीले जनाएको छ। न्यु साउथ वेल्स ग्रामीण अग्नि नियन्त्रण सेवा (आरएफएस ) ले हावामा उडिरहेको आगाको झिल्काले थप समस्या ल्याउने चिन्ता भएको जनाएको छ। स्थानीय प्रशासनले सो क्षेत्रका वासिन्दालाई अन्यत्र सुरक्षित गन्तव्यमा जाने सल्लाह दिइसकेको छ। अहिले दक्षिण पूर्वीअस्ट्रेलियाको मौसम बिनाकारण निकै तातो हुँदै गइरहेको छ।

## स्विडेन

### गुप्तचरलाई कारवाही

स्टकहोम, (एजेन्सी)

एकजना तिब्बती नेताले निर्वासित तिब्बतीहरूको बारेमा चीन सरकारलाई सूचना दिने गुप्तचरहरूलाई कारबाही गरेर उदाहरणीय कार्य गरेको र यस कार्यको विश्वका अन्य मुलुकहरूले पनि अनुशरण गर्नुपर्ने बताएकी छिन्। स्विडेनले केही दिनअघि मात्र दोर्जी ग्यान्सान नामक एक व्यक्तिलाई जासुसीको अभियोग लगाएको थियो। आफ्नै तिब्बती साथीहरूबारे सूचना दिएबापत उनलाई चीनले तलब दिने गरेको बुझिएको छ। तिब्बती समुदायका नेता ज्याम्यांग छोयदोनले यस कार्यका लागि स्विडेनी सरकारको सरकारको प्रशंसा गरेकी हुन्। उनले स्विडेनमा दलाइ लामाको योगदानलाई प्रचारप्रसार गरिरहेकी छिन्।

# पुनः आक्रमण गर्न सक्ने अमेरिकाको चेतावनी

वासिङ्टन, (एजेन्सी)







सिरियाविरुद्ध अमेरिका, बेलायत र फ्रान्सको क्षेप्यास्त्र हमलाको भर्त्सना गर्न रुसको आग्रहमा बोलाइएको संयुक्त राष्ट्र परिषद्मा उक्त प्रस्तावको पारित गर्न पर्याप्त समर्थन जुटाउन असफल रह्यो।

सिरियाको डुमामा गत हप्ता संदिग्ध रासायनिक आक्रमको जवाफमा पश्चिमा शक्तिको क्षेप्यास्त्र हमलालाई रुसी राजदूत वसिली नेबोजियाले 'गुन्डागर्दी' को संज्ञा दिएको छ।

रुसी राजदूतले सिरियामा भएको उक्त क्षेप्यास्त्र हमलाले अन्तर्राष्ट्रिय कानुनको घोर उलंघन भएको पनि आरोप लगाए।

सिरियाको गुटाको डुमामा भएको रासायनिक हमलाको अन्तर्राष्ट्रिय जाँच शुरु हुनुअगाडि नै क्षेप्यास्त्र हमला गरेकोमा पश्चिमी शक्तिमाथि आक्रोश व्यक्त गर्दै रुसी राजदूतले भने- 'यो सबै कुरा सुनियोजित तरिकाबाट भइरहेको छ। यो मामिला उक्साउनका लागि गरिएको हो, आफैंले झुठो आरोप लगाइएको छ र फैसला सुनाएर सजाय पनि दिएको छ। के सबै अन्तर्राष्ट्रिय मामिलाको अब यसै गरी समाधान खोज्ने हो। यो अन्तर्राष्ट्रिय मामिलामा गुन्डागर्दी हो। अनि यो पनि थाहा छ, हामी २ परमाणु शक्ति यस बारेमा कुरा गरिरहेका छौं।'

तर संयुक्त राष्ट्रमा अमेरिकी राजदूत निक्की हेलीले रासायनिक हतियारको प्रयोगलाई रोकनका लागि आवश्यक परेमा अमेरिका पुनः हमला गर्न तयार रहेको बताइन्।

शनिबारको सैन्य कारबाहीमा अमेरिकाको सन्देश एकदम प्रष्ट भएको उनले बताए। अमेरिका, असद सरकारलाई रासायनिकहतियारको प्रयोग गर्न दिँदैन। गत राति हामीले ठूलो परिमाणमा हत्याका लागि ठूलो परिमाणमा हतियार एसेम्बल गर्न प्रयोग भइरहेको सोध केन्द्रलाई नष्ट गरिदियौं। सिरियाली शासनले यदि पुनः यो विषाक्त ग्यासको प्रयोग गरेमा अमेरिका त्यसको जवाफ दिनका लागि पूर्ण रूपमा तयार रहेका राष्टपति ट्रम्पको प्रतिबद्धता रहेको छ।

सुरक्षा परिषद्को उक्त आपतकालीन बैठकमा सिरियाका राजदूत बसर जाफरीले अमेरिका, बेलायत र फ्रान्सलाई फटाह र आडम्बरी भएको बताउँदै कडा आलोचना गरे। उनले आफ्नो देशमाथि हमला गर्न उनीहरूको सरकारले संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय समुदायसँग जनादेश लिएको थियो, भन्ने प्रश्न राखेका थिए।

उनले भने- 'अमेरिका फ्रान्स र बेलायतका मेरा मित्रहरूले दाबी गरिरहेका छन् कि उनीहरूले सिरियामा रासायनिक हतियार बनाउने स्थानहरूमा खसालेका छन्। यदि तीनै देशको सरकारलाई सही ठेगाना या ती ठेगानाको भूमिकाका बारेमा यति धेरै जानकारी थियो त उनीहरूले यो जानकारी ओपीसीडब्ल्यु (अर्गनाइजेसन फर प्राहिबियसन अफ केमिकल वेपन्स) सँग किन साझा नगरेको हो। उनीहरूले यो हमलापूर्व ती जानकारी दमस्कसमा फ्याक्ट फाइन्डिग मिसनसँग साझा किन गरेनन्।'

यसैबीच संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेजले यो सम्पूर्ण घटनाक्रमलाई 'खतरनाक स्थिति' बताउँदै संयम राख्न अपिल गरेका छन्।

# बालिका बलात्कार तथा हत्या भयावह घटना : गुटरेज

वासिङगटन, (एजेन्सी)



संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेजले भारतको काश्मिर घाँटी कठुआमा आठ वर्षीय बालिकाको बलात्कार र उसको हत्याको मामिलालाई भयावह घटना भएको बताए।

उनले उक्त जघन्य अपराध गर्ने व्यक्ति आरोपीलाई कानुनको दायरामा ल्याउने अपेक्षा गरे। खानाबदोश बकरवाल मुश्लिम समुदायकी एक बालिका जनवरी १० मा आफ्नै घर नजिकबाट हराएकी थिइन्। एक हप्तापछि उनको शव सोही इलाकामा फेला परेको थियो। ८ वर्षकी ती बालिकालाई गाउँकै उक मन्दिरमा एक हप्तासम्म ६ जनालाई सामुहिकबलात्कार गरेका थिए। पीडित बालिकाको हत्या गर्नु अगाडि नशालु पदार्थ दिइएको र पटक पटक बलात्कार गरेको थियो। उक्त घटनालाई लिएर भारतभरि आक्रोश व्यक्त गरिएको थियो।

गुटेरेजका प्रवक्ता स्टिफन डुजारिकले भने- 'मैले कुनै बालिकासँग बलात्कारको यस्तो जघन्य अपराधको समाचार हेरेको छैन। हामी अपेक्षा गर्छौं, अधिकारी अपराधीलाई कानुनको दायरामा ल्याउने छौं र बालिकासँग बलात्कार तथा उसको हत्याको मामिलामा उनीहरूलाई सजाय दिऊन्।

बालिका बलात्कार र उसको हत्याको मामिलामा महासचिवको प्रतिक्रियाका बारेमा सोधिएको प्रश्नको जवाफमा डुजारिकले उक्त बयान दिएका हुन्।

**बैंकबाट निस्कासित**

केरलको कोच्ची स्थित एक निजी बैंकले कठुआमा अवोध बालिकामाथि भएको सामुहिक बलात्कार र हत्यालाई सही ठहऱ्याउने आफ्ना एक सहायक प्रबन्धकलाई सेवाबाट निकालेको छ। आरोपी प्रबन्धक विष्णु नन्दकुमारले फेसबुकमा उक्त घटनाको समर्थनमा पोष्ट गरेका थिए , राम्रो भयो मरेको, नत्र भोली उ भारत विरुद्ध बम बोकेर आउन सक्थे।

उक्त पोस्टमा कसैको नाम वा घटनाको उल्लेख गरेको छैन तर अरूले नन्दकुमारको पोस्टको आलोचना सुरु गरे। यसमा कयौंले आरोपी काम गर्ने कोटक महिन्द्रा बैंकको सामाजिक मिडिया पेजमा पनि टिप्पणी गर्न थाले। उनीहरूले अबोध बालिका माथि भएको अपराधलाई सही ठहर्‍याउने प्रबन्धकलाई बयान लिन र उ विरुद्ध कारवाही गर्न बैंकसँग माग गरेका थिए। उक्त मामिलामा अपराध शाखका एक विशेष जाँच दलको गठन गरिएको छ। अहिलेसम्म प्रहरी अधिकारीसहित ८ जनालाई पक्राउ गरिसकेको छ।

भारतीय प्रधानमन्त्रीले यस घटनालाई लिएर आफनो असन्तुष्टि व्यक्ति गर्दै त्यसलाई देशकै लागि लज्जाजनक भएको बताएका थिए।

# किम जोङद्वारा चिनियाँ वरिष्ठ अधिकारीको स्वागत



प्योङयाङ, (एजेन्सी)

उत्तर कोरियाका सर्वोच्च नेता किम जोंग उनले व्यक्तिगत तवरमा आइतबार राजधानी प्योंगयांगमा एकजना वरिष्ठ चिनिया अधिकारीलाई स्वागत गरेको सरकारी समाचार निकाय केसिएनएले जनाएको छ।

प्रमुख गठबन्धन राष्ट्र चीनसंगको सम्बन्ध अझै सुमधु बन्दै गइरहेको वर्तमान समयमा उत्तर कोरियाको भ्रमणमा आएका चिनिया कमयुनिस्ट पार्टीको अनतर्राष्ट्रिय विभागको प्रमुख सोंग ताओलाई प्योंगयांग र बेइजिंगबिचको सम्बन्ध अझै मजबुत बनाउँदै लानुपर्ने बताएका छन्। केहि समयअघि उत्तर कोरियाको विवादस्पद आणविक तथा क्षेप्यास्त्र कायृक्रमलाई लिएर संयुक्त राष्ट्र संघको सुरक्षा परिषदले उत्तरमाथि लगाएको नाकावनिको समर्थन गरेपछि प्योंगयांग चीनसंग रिसाएको थियो। त्यतिवेला चीनले उत्तर कोरियालाई दिँदै आएको पेटोलियम आपुर्तिमा कटौति गरेको थियो। गत महिना मात्र किम जोंगले चीनको गोप्य र ऐतिहासिक भ्रमण गर्दा चीनका राष्ट्रपति सि जिन्पिगले किम दम्पतीको भव्य स्वागत गर्दै तिनीहरूलाई बहुमुल्य उपहारहरूसमेत दिएका थिए। अहिले सोंग ताओ प्योंगयांगमा आयोजना हुने वसन्त महोत्सवका लागि एक कलाकार टोलिको नेतृत्व गर्दै आएका हुन्। विदेशी कुटनीतिमा सरकारत्मक परिवर्तन देखाएका उत्तर कोरियाका किमले दक्षिण कोरियाका राष्ट्रपति मून जाय इन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसंग प्रत्यक्ष भेटवार्ता गर्ने कायृक्रम पनि रहेको छ। दक्षिण कोरियामा भएको हिउादे ओलम्पिक्समा आफ्ना खेलाडी र कलाकार टोलि पठाएर उत्तरले मित्रतापुर्ण व्यवहारको शुरुवात गरेको थियो।

# हंगेरीमा सरकारविरुद्ध विशाल जनप्रदर्शन

बुडापेस्ट, (एजेन्सी)

हंगेरीको राजधानी बुडापेस्टमा शनिबार दशौं हजार प्रदर्शनकारीले त्यहाँका प्रधानमन्त्री भिक्टोर ओर्वान्को सरकार विरुद्ध मार्च गरेका छन्। तर राजनीतिक विश्लेषकहरूले यस प्रदर्शको कारण सरकार थप क्रुर र अनुदारवादी बन्न सक्ने अनुमान गरेका छन्।

गत आइतबार मात्र ओर्वानको कटर दक्षिणपन्थी, राष्ट्रवादी पार्टी फिडेस्जले अत्यधिक बहुमतसहित संसदिय चुनाव जितेको थियो। संसदमा दुई तिहाय बहुमत हासिल गरेको फिडेस्जले अहिले राष्ट्रको संविधानसमेत परिवर्तन गर्न सक्ने अधिकार पाएको छ।


युरोपस्थित सुरक्षा तथा सहयोगका लागि एक संस्थाले उक्त चुनावमा व्यापक धाँधली, संचारको पक्षपाति तथा आर्थिक दुरूपायोग भएको आरोप लगाएको थियो। चुनवी अभियान दौरान ओर्वान आप्रवासी विरुद्ध देखिएका तथा उनी सरकारलाई होच्याउन विदेशीहरू सक्रिया रहेको धारणाबाट उनी मुक्त हुन नसकेको आभाष मिलेको छ।

प्रधानमन्त्री ओर्वानले अमेरिकी - हँगेरी अर्बपति जर्ज सोरोसलाई चुनावी अभियानमा सहजकर्ताको रूपमा प्रयोग गरेका थिए। विपषी राजनीतिक समुहहरू ओर्वानले अब प्रजातान्त्रिक संघसंस्थाहरू र निजामती समाजमाथि आक्रमण गर्ने संभावना रहेको भन्दै चिन्ता व्यक्त गरेका छन्।

निर्वाचनको परिणाम घोषणा भए लगत्तै विपक्षी समुहको मुखपत्रको रूपमा रहेको एउटा अंग्रेजी भाषामा निस्कने अखवार प्रकाशक आफैले बन्द गरेको थियो।



# पहिलो रोहिंग्या परिवार स्वदेश फिर्ता



याँगुन, (एजेन्सी)

म्यान्मारले बंगलादेशमा शरण लिएर बसेका रोहिंग्या मुश्लिमहरूको पहिलो परिवार स्वदेश फर्काइएको आइतबार जानकारी दिएको छ। संयुक्त राष्ट्र संघले भने ती शरणार्थीका लागि म्यानमार अझै सुरक्षित भइनसकेको भन्दै चेतावनी दिँदै आएको थियो।

गत वर्षको अगष्टमा म्यान्मारको रखाइन राज्यमा सरकारी सेनाबाट भएको व्यापक दमनको कारण करिब ७ लाख रोहिाग्या भागेर सिमापारिको बंगलादेशमा शरण दिन पुगेका थिए। संयुक्त राष्ट्र संघले म्यानमार सरकार जातिय सफायामा लागि परेको आरेप लगाएको थियो।

तर म्यानमारले भने सा आरोप अस्वीकार गर्दै आएको छ। म्यानमार सरकारले शनिबार सुपुर्दगी शिविरमा आइपुगेका एउटा परिवारका पाँचजना सदस्यलाई आवश्यक दैनिक उपभोग्य वस्तु र परिचय पत्र उपलब्ध गराइएको जानकारी पत्रकारहरूलाई दिएको छ।

म्यान्मार सरकारले रखाइन राज्यका रोहिांग्या लडाकुहरूविरुद्ध आफूले न्यायोचित अभियान थालेको दाबी गरिरहेको छ। यसै महिनाको शुरुमा मात्र सरकारले दसजना रोहिाग्या पुरुषलाई मारेको आरोपमा ७ जना सैनिकलाई कारवास सजाय तोकेको थियो।

हाल छिमेकी मुलुक बंगलादेशमा शरण लिएर बसेका रोहिाग्याहरूले सेनाबाट आम हत्या, बलात्कार र आगजनीका घटना हुने गरेको बताउने गरेका छन्। म्यानमारक अल्पमत मुश्लिम समुदायका रोहिग्यालाई राज्यले मान्यता दिन अस्विकार गरेको छ। तिनीहरू अवैध ढंगले बंगलादेशबचाट आप्रवासीको रूपमा म्यान्मार प्रवेश गरेको भन्दै तिनीहरूलाई नागरिकता पनि दिइएको छैन।

'प्रधानमन्त्री ओलीले कर्णाली प्रदेशको बिकट भूगोलका कारण अहिले कै अवस्थामा सबै जनतालाई विकाशका पूर्वाधार पुऱ्याउन मुस्किल भएकाले आधुनिक ढंगले बस्ती बिस्तार गर्नुपने ' बताउनुभएको हो।

# कर्णालीको विकासका लागि बस्ती विकास गर्नुपर्छ : प्रम ओली

नेपाल समाचारपत्र

सुर्खेत

प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णालीको समग्र विकासका लागि यहाँको बस्ती आधुनिक ढंगले बिस्तार गर्नुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री ओलीको सम्मानमा मध्यपश्चिम विश्वविद्यालयले आइतबार आयोजना गरेको स्वागत तथा शुभकामना आदानप्रदान कार्यक्रममा प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले कर्णाली प्रदेशको बिकट भूगोलका कारण अहिले कै अवस्थामा सबै जनतालाई विकाशका पूर्वाधार पुऱ्याउन मुस्किल भएकाले आधुनिक ढंगले बस्ती बिस्तार गर्नुपर्ने बताउनुभएको हो।

कर्णाली प्रदेशको सिमाना दक्षिणी छिमेकीसँग नजोडिएकाले उत्तरी छिमेकसँग जोडिएका सबै नाका खोल्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'कर्णाली प्रदेश दक्षिणी मित्रराष्ट्रसँग जोडिएको छैन' प्रधानमन्त्री ओलीले भन्नुभयो- 'त्यस कारण उत्तरी छिमेकीसँगका नाका खोल्नुपर्छ।'

प्रधानमन्त्री ओलीले कर्णाली प्रदेशबाटै समृद्धिको यात्रा शुरु गरिने स्पष्ट पार्नुभएको छ। आफ्नो ३ दिने कर्णाली भ्रमणका



क्रममा यहाँको भूगोल, जनजीवन, सम्भावना, चुनौती आदि पक्षका बारेमा प्रत्यक्ष जानकारी लिन पाएको बताउनुभएको छ। 'समृद्ध कर्णाली बनाउन जनप्रतिनिधिहरूले अगुवाइ गर्नुहोस्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'यहाँको कृषि, जडिबुटी, पर्यटन, उर्जालाई प्रयोग गरेर समृद्धिको यात्रालाई अघि बढाउनुपर्दछ।'

मध्यपश्चिम विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री ओलीले विश्वविद्यालयलाई पाठ्यक्रममा ७० प्रतिशतभन्दा बढी प्राविधिक जनशक्ति उत्पादन गरी समायोजन गर्न सुझाव दिनुभएको छ। कार्यक्रममा रक्षा मन्त्री ईश्वर पोखरेल, विश्वविद्यालयका सहकुलपति एवं शिक्षा मन्त्री गिरीराजमणि पोखरेल, पर्यटन मन्त्री रविन्द्र अधिकारीलगायतको उपस्थिति थियो।

## सर्वोच्चको सुस्ताएको वेब साइड द्रूत

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले वेब साइडमा राखिने सूचनाहरू छिनछिनमा अद्यावधिक गर्न शुरु गरेको छ। बिगतमा लामो समयको अन्तरालमा वेब साइडमा सूचना तथा समाचार अद्यावधिक हुँदै आएकोमा पछिल्लो समय सिघ्र रूपमा सूचनाहरू अद्यावधिक गरिएको देखिएको हो। अहिले सेवाग्राहीहरूलाई सूचना प्राप्तीमा सहजीकरण भएको छ।

यसैबीच सर्वोच्च अदालतले न्याय सम्पादन तथा काम कारबाहीका बारेमा दैनिक पत्रकार सम्मेलन गर्ने तयारी थालेको छ। अदालतभित्र भएका गतिविधिहरूको बारेमा जानकारी गराउने उद्देश्यले पत्रकार सम्मेलन गरिने भएको हो।

अदालतबाट भएका गतिविधि बारे जानकारी गराउने उद्देश्यले आइतबारदेखि बिहीबारसम्म साँझ ५ बजेदेखि साढे ५ र शुक्रबार साढे ३ बजेदेखि ४ बजेसम्म पत्रकार सम्मेलन गरिने सर्वोच्चका प्रवक्ता नारायणप्रसाद पन्थीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। सर्वोच्चबाट दैनिक हुने न्याय सम्पादन बारे सञ्चार माध्यममा पहुँच पुऱ्याउनका लागि पत्रकार सम्मेलन गर्न लागिएको सर्वोच्चको विज्ञप्तीमा उल्लेख छ।

## 'कर्मचारी अभाव १५ दिनभित्रै अन्त्य हुन्छ'

नुवाकोट, (नेस)

स्थानीय निकायमा भएको कर्मचारी अभावको समस्या १५ दिनभित्र अन्त्य हुने संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले बताउनुभएको छ।

नुवाकोटको विदुर नगरपालिकामा स्थानीय तह सञ्चालनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यशाला गोष्ठीमा बोल्दै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री पण्डितले उत्त धारणा व्यक्त गर्नुभएको हो। उहाँले अबको १५ दिनभित्र सबै प्रदेश र स्थानीय तहमा आवश्यक कर्मचारी परिचालन गरी स्थानीय निकायलाई कर्मचारीको अभाव हुन नदिने बताउनुभएको हो। मन्त्री पण्डितले कर्मचारी अभावले सरकार सञ्चालनमा तथा स्थानीय निकायमा कर्मचारी अभावले काम गर्न समस्या परेको भन्दै चाँडै समस्या समाधान गरिने बताए।

कर्मचारीलाई उनीहरूकै रोजाइमा काहाँ काम गर्नै हो त्यो उनीहरूलाई नै रोज्न दिने र रोजाइकै आधारमा १५ दिनभित्रै पठाउन लागिरहेको उहाँले बताउनुभयो। सरकारले कर्मचारीहरूलाई रोजेको स्थानमा पठाउने नीति लिएकाले कर्मचारीले नाइनास्ती भन्नु गलत भएको भन्दै पाण्डेले तोकिदिएको ठाउँमा नगए सधैंको लागि बिदा गरिने बताउनुभयो। कर्मचारी र जनप्रतिनिधिलाई विशिष्ट कूटनीतिक भ्रमणबाहेक सबै भ्रमण रोकेको बताउँदै मन्त्रि पाण्डेले सरकारी अनुमति नलिई कोही पनि कुनै बाहनामा विदेश जान नपाउने बताउनुभयो।

## विकासले तिव्रता लिने पूर्वाधार मन्त्रीको दाबी

वीरगन्ज, (नेस)

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले पूर्वाधार र यातायात क्षेत्रको विकासका लागि गम्भिर ढंगले काम भइरहेको बताएका छन्।

उनले राष्ट्रिय राजमार्गमा सानो पनि खाल्डो नहोस् भन्ने निर्देशन आफूले मातहतका निकायलाई दिइसकेको जानकारी दिएका छन्। वीरगन्जबाट प्रसारण हुने आवाज एफएम ८८ मेगाहर्जको दोस्रो वाषिकोत्सव समारोहमा मन्तव्य व्यक्त गर्दै उनले वर्तमान सरकारले प्रदेश नं २ को विकासका लागि कुनै कसर बाँकी नराख्ने बताए। भारत भ्रमणको क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षीसँग प्रदेश नं २ को विकास र समृद्धिका लागि विशेष कुरा उठाएको उनको भनाइ छ।

वार्षिकोत्सवका क्रममा एफएम परिसर वीरगन्ज महानगरपालिका वडा नम्बर ११ श्रीपुरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। एफएमका अध्यक्ष श्याम बन्जाराको अध्यक्षता भएको कार्यक्रममा १४ महिलासहित ८८ जनाले गरेका छन्।

रक्तदान गर्नेहरूमा लालबाबु यादव, रबि गुप्ता, रविन्द्र श्रेष्ठ, पुष्पा कुशवाहा, राजेन्द्र सिंह, अनिल वर्मा, आनन्द पटेल, सञ्जीव मिश्रा, रञ्जित पाण्डे, राकेश गुप्ता, वासिम हुसेन, आकाश गुप्ता, अजय साह, अकलेश साह, राकेश साह, रश्मिराज भण्डारी, दिनानाथ साहलगायत रहेका छन्। रक्तदान कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर विजय सरावगी, उपमेयर शान्ति कार्की, सशस्त्र प्रहरी उपरीक्षक शान्तिकुमार कार्की, प्रहरी नायब उपरीक्षक मानबहादुर राई, एमाले नेता चिरञ्जीवी आचार्य, बालगोपाल थापा, ब्लडडोनर्स एसोसियसन पर्साका सचिव अरबिन्द सिंह, राष्ट्रिय जनता पार्टीका सहमहासचिव नेजामुद्दिन समानी, तरुण दल बाराका अध्यक्ष लुकेस सिंह, वीरगन्ज युवा समाजका अध्यक्ष कमल चौलागाईं, पत्रकार महासंघ पर्साका उपाध्यक्ष अनुप तिवारी, समाजसेवी मुकेस सरावगिलगायतको सहभागिता थियो।

## माओवादी अध्यक्ष प्रचण्ड सुकुटेमा

काठमाडौं, (नेस)

पार्टी एकतामा शंका उपशंका उत्पन्न भएपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेकपा (एमाले) का अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट नगरी आराम गर्न सिन्धुपालचोकको चर्चित रिसोर्ट सुकुटेबीच पुग्नुभएको छ।

वैशाख ९ गते पार्टी एकता गर्ने घोषणा दुवै पार्टीले गरेको भए पनि पछिल्लो केही हप्तादेखि दुवै शीर्ष नेता संवादसमेत हुन छाडेको छ। माओवादीले औकातभन्दा बढी भाग खोजेको भन्दै एमालेले समेत औपचारिक अनौपचारिक वार्ताबाट टाढा हुँदै आएको एमालेका एक नेताले नेपाल समाचारपत्र बताए।

## नेपाल रेडक्रस सोसाइटी अब नयाँ संरचनामा

काठमाडौं, (नेस)

नेपाल रेडक्रस सोसाइटीको विराटनगरमा सम्पन्न केन्द्रीय सभाको ४७औं महाधिवेशन विधान संशोधनसहितको निर्णय गरी सम्पन्न भएको छ। सभाले रेडक्रसको मूल मर्मअनुरूप सुरक्षित पहुँचका ८ तत्वहरूको पालना गर्दै संस्थाको उचाइ बढाउने गरी कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्न निर्देश गरेको छ।

सोअनुसार रेडक्रसलाई उत्कृष्ट मानवीय संस्थाको रूपमा विकसित गर्दै रेडक्रसका सिद्धान्तअनुसारका कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्नेलगायत ११ वटा प्रस्तावहरू पारित गरिएको प्रस्ताव छानबिन समितिका संयोजक शशि पन्थीले घोषणा गर्नुभयो। ती प्रस्तावमा सिद्धान्तअनुरूप कार्यक्रम सञ्चालन, जिल्लाका रक्तसञ्चार सेवालाई थप प्रभावकारी बनाउने, पारदर्शिता, जवाफदेहीताका लागि सार्वजनिक लेखा परीक्षणजस्ता प्रभावकारी औजारहरू प्रयोग गर्ने, प्रत्येक निर्णायक तहमा महिला सहभागिता बढाउने, र दक्ष जनशक्तिको बढोत्तरी गर्दै जानेलगायतका विषयहरू रहेका छन्।

'देशमा हालको संविधानले निर्दिष्ट गरेबमोजिम मुलुक संघीयतातर्फ अगाडि बढिरहको सन्दर्भमा नेपाल रेडक्रसको संगठनात्मक संरचना पनि विधानत: सोहीअनुरूप अनुकुल बनाउन यो अधिवेशन सफल भएको जनाएको छ। अब रेडक्रस नयाँ ऐतिहासिक चरणमा प्रवेश गरेको छ' -महाधिवेशन समापन समारोहलाई सम्बोधन गर्दै नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सञ्जीव थापाले भन्नुभयो।

यसैबीच नेरेसोको संशोधित विधानअनुसार अब नेपाल रेडक्रस सोसाइटीका केन्द्र, प्रदेश, जिल्ला र स्थानीय स्तरमा सांगठनिक निकायहरू रहनेछन्। प्रत्येक प्रदेशमा प्रदेश सभाको गठन हुने नयाँ व्यवस्था गरिएको छ।

त्यस्तै रेडक्रसका सेवा प्रभावकारी बनाउन सबै सांगठनिक तहमा व्यवस्थापन समितिको गठन हुनेछ। नेपाल रेडक्रसलाई समावेशी हिसाबले सञ्चालन गर्न केन्द्रीय तहमा कम्तिमा ४, प्रदेश र जिल्ला तहमा कम्तिमा ३ जना महिला कार्यसमितिमा रहने व्यवस्था गरिएको छ।

### वैशाख...

एकता संयोजक समितिको बैठकले नै ३ विषयको समाधान गरेर पार्टी एकताको बाटो खोल्ने बताइएको छ। नेता पौडेलले भन्नुभयो- संयुक्त रूपमा निर्वाचन लडेका हौं, साठी र चालिसको आधारमा होइन समानताको आधारमा पार्टी एकता हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।'

कार्यदलले तयार गरेको प्रतिवेदनअनुसार ३ सय ९९ सय सदस्यीय केन्द्रीय समिति बनाउने प्रस्ताव गरिएको छ। माओवादी केन्द्रले प्रतिशतभन्दा समानताको आधारमा एकता गर्नुपर्ने अडान राखेको छ।

माओवादी केन्द्र प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यशैलीप्रति सशङ्कित बनेका छन्। सरकार सञ्चालनमा प्रधानमन्त्री ओलीले एकलौटी निर्णय गरेर अगाडि बढ्न खोजेपछि माओवादी केन्द्रका मन्त्रीहरूले असन्तुष्टि जनाएका छन्। सरकार सञ्चालनको सुरुआतमै ओलीले माओवादी केन्द्रसँग परामर्श नै नगरी एकै पटक ठूलो संख्यामा सचिवहरूको सरुवा गरेपछि माओवादी केन्द्र झस्किएको छ। प्रधानमन्त्री ओलीले अहिलेकै कार्यशैली हो भने काम गर्न कठिन हुने निष्कर्ष माओवादीका मन्त्रीहरूले प्रचण्डलाई अवगत गराइसकेका छन्।

२ दलबीच देखिएको विवादको अन्तिम छिनोफानो एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र माओवादीका अध्यक्ष प्रचण्डले समाधान गर्दै आउनुभएको छ। तर भारत भ्रमणपछि दुई नेताबीच पनि पर्याप्त छलफल हुन सकेको छैन्। एकता संयोजक समितिको बैठक बस्न नसक्दा प्रतिवेदनमाथि छलफल नै हुन सकेको छैन्। नेकपा एमालेका वरिष्ठ नेता एवं एकता संयोजक समितिका सदस्य झलनाथ खनालले पचास/पचासको आधारमा नभई पार्टीको हैंसियतअनुसार पार्टी एकता हुने बताउनुभयो। उहाँले धेरै विषय टुंगो लागिसकेकाले केही मिल्न बाँकी विषय बैठकले टुंगो लगाएर पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने दावी गर्नुभयो।

### को को...

विभागका अनुसार देवकुमारी गुरागाईंले सानोठिमी, जनक शिक्षा सामग्रीका प्रबन्ध सञ्चालक महेश्वर तिमल्सिनाले महोत्तरी, रामशरण सापकोटाले हेटौंडा, बलराम तिमल्सिनाले काभ्रे र कृष्णप्रसाद काप्रीले गोरखाका विद्यालयमा यो अभियान सञ्चालन गर्नुहुनेछ।

अभिभावक संघका अध्यक्ष केशव पुरी, राष्ट्रिय अभिभावक संघका अध्यक्ष धर्मदत्त देवकोटा र अन्य विभिन्न क्षेत्रका २९ जना व्यक्तिले भर्ना गर्ने कार्यक्रम छ।

हरिवंश आचार्य, राजाराम पौडेल समता, सीताराम कट्टेल, बद्री पंगेनी, प्रदीप वम्जन, पूर्वसचिव जनार्दन नेपाल, शिक्षक महासंघका अध्यक्ष बाबुराम थापा, निजी पुस्तक व्यावसायी दीपक भण्डारी पनि यो अभियानमा सहभागी हुनुहुने छ।

यसै अभियानका क्रममा प्रधानमन्त्री ओली यही ५ गते सिराहा जाने कार्यक्रम तय भएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले बालबालिकालाई अनिवार्य रूपमा विद्यालय पठाउनुपर्ने बाध्यकारी व्यवस्था आउन लागेकाले यो वर्ष सबै बालबालिकालाई भर्ना गराउन अभिभावकहरूलाई आग्रह गर्नुभयो।

यो वर्ष भर्ना गरेपछि अर्को वर्षदेखि सरकारले नै खर्च बेहोर्ने गरी अनिवार्य र नि:शुल्क शिक्षा ऐन लागू हुने उहाँले जानकारी दिनुभयो।

### सरकारी...

३५ वर्षदेखि काम गर्दै आउनुभएका कार्यालय सहायक हीराकाजी महर्जनले भन्नुभयो- 'कार्यालय पनि राम्रो देखिएको छ, सौन्दर्यले गर्दा काम गर्ने वातावरण छ।' केन्द्रले कार्यालयलाई हराभरा बनाउन आँगनमा बोटबिरुवा रोप्ने र प्रत्येक सिँढीमा कार्यक्रमका तस्वीरहरू राखिएका छन्।

केन्द्रमा भएका कार्यक्रमका तस्वीर खिच्न गइरहने फोटो स्टुडियो सञ्चालक हेम भण्डारी पनि केही दिन यो व्यवस्था देखेर अलमलमा परे। 'पहिले त के यस्तो गरेको होला झन्झट भन्ने लागेको थियो, प्रयोग गर्दै जाँदा सही रहेछ भन्ने बुझें' -भण्डारीले भन्नुभयो। केन्द्रमा सुविधासम्पन्न ३ वटा तालिम हल रहेका छन्। सूचना अधिकारी लुइँटेलले १ तलामाथि पनि तालिमका लागि हल रहेको र त्यहाँ जाँदा पनि तलको जस्तै जुत्ता चप्पल खोलेर जानुपर्ने व्यवस्था गर्न लागिएको जनाउनुभयो।

### सरकारी...

खारेजीमा परेका कार्यालयहरूको चलअचल सम्पत्ति र दायित्व हस्तान्तरण गर्न ७७ वटै जिल्लामा जिससको संयोजकत्वमा समिति बनाइएको छ। समितिमा विषयगत कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालयका अधिकृत र जिल्ला समन्वय अधिकारी रहनुभएको छ।

समितिले सम्पति, दायित्व तथा बजेटसम्बन्धी आवश्यक व्यवस्था जनशक्ति, सम्पतिको लगत संकलन गरिसकेको छ। समिति मार्फत जिल्लास्थित स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढिरहेको छ।

'कतिपय कार्यालय प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्न पर्याप्त कानुनी आधार समस्या आएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। जिल्लास्तरका कार्यालयको व्यवहारिक खारेजीका लागि अप्रर्याप्त कानुनलाई पूर्णता दिने गृहकार्य भइरहेको मन्त्रालयले जनाएको छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation

**Alternative Energy Promotion Centre (AEPC)**

Khumaltar Height, Lalitpur, Nepal
Tel: +977-1-5539390/5539391, Fax: +977-1-5542397, 5539392
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

**Invitation for Sealed Quotations**

Date of Notice Publication: 16 April 2018

1. The Alternative Energy Promotion Centre (AEPC) invites Sealed Quotations (SQ) from registered eligible Service Providers (Bidders) for the task **"Installation of Institutional Solar Power System"** as mentioned in the below table and Bid Document (SQ). Bidding is open to all eligible National Service Providers (Bidders).

| Package | Contract Identification Number | Districts to be covered | No. of ISPS to be installed (±15%) | Minimum Bid Security Amount (NRs.) | SQ Opening Date & Time |
|---|---|---|---|---|---|
| 1 | AEPC/SESC/S/SQ/2074/75-01 | Sindhupalchowk | 65 | 35,000.00 | 3 May 2018, 12.30 P. M. |
| 2 | AEPC/SESC/S/SQ/2074/75-02 | Dolakha, Ramechhap & Okhaldhunga | 73 | 40,000.00 | 3 May 2018, 1.00 P. M. |
| 3 | AEPC/SESC/S/SQ/2074/75-03 | Kavrepalanchowk, Bhaktapur & Sindhuli | 83 | 45,000.00 | 3 May 2018, 1.30 P. M. |
| 4 | AEPC/SESC/S/SQ/2074/75-04 | Gorkha & Lamjung | 67 | 35,000.00 | 3 May 2018, 2.00 P. M. |
| 5 | AEPC/SESC/S/SQ/2074/75-05 | Nuwakot & Rasuwa | 37 | 20,000.00 | 3 May 2018, 2.30 P. M. |

2. Interested eligible Service Providers (Bidders) may obtain further information and inspect the Sealed Quotation (SQ) documents in English at the office of AEPC, Khumaltar Height, Lalitpur Nepal during office hours.
3. Complete set of Bidding Documents (SQ) in English may be purchased by eligible Service Providers (Bidders) **16 April 2018** onwards on the submission of a **Written Application**, copies of C**ompany/Firm Registration** and **VAT Registration** certificates and upon payment of a non-refundable fee of NRs. 1,000.00 for each package/task. The Sealed Quotation Documents shall be available for sale up to office hours till **2 May 2018**.
4. Sealed Quotation must be submitted to the office of AEPC, Khumaltar Height, Lalitpur, Nepal on or before **12.00 Noon** on **3 May 2018.** Documents received after this deadline shall not be accepted.
5. Bids (SQ) must be valid for a period of 45 days, counting from the day of SQ opening and must be accompanied by bid security, amounting to minimum **as mentioned in the table above**, which shall be valid for minimum 30 days beyond the bid validity period **(i.e. Valid up to minimum 16 July 2018)**. The bid security in the form of Bank Guarantee shall confirm to the standard format as specified in the bid document.
6. If Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in AEPC's Office Code 28-331-01 and Account Name DTCO, Lalitpur, Bank Account No. 16856 KHA 3 at Nepal Bank Ltd., Gabahal, Lalitpur Branch and submit the original receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. Received Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at **as mentioned in the table above** at the office of AEPC, Khumaltar Height, Lalitpur, Nepal. But nothing shall bar the opening of Sealed Quotations by the reason only that any Bidder or its agent is not present. Bidder's representative should bear the authorization letter duly signed by the authority of firm at the time of bid opening.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. AEPC shall not be responsible for any costs or expenses incurred by Bidders in connection with the preparation or submission of bid (SQ). The Bidders are advised to visit and assess the actual site conditions before submitting their Bid (SQ).
10. AEPC reserves the right to accept or reject, wholly or partly any or all the Bids (SQs) without assigning any reason, whatsoever.

# अर्थ

मन्त्री यादवले बजार अनुगमनका विषयमा कर्मचारी नेताजस्तै बोल्दै हिँडेकाले पनि बजार अनुगमनका विषयमा धेरै भ्रम उत्पन्न भएको बताउनुभयो। बोल्नको लागि मन्त्रालयले प्रवक्ता तोकेको छ उहाँहरूको काम बोल्ने नै हो उहाँहरू बोल्नुपर्छ।

# मातातीर्थ औंसीमा टेलिकमको अफर

नेपाल समाचारपत्र
काठमाडौं

आमाको मुख हेर्ने दिन (मातातीर्थ औंसी) को अवसरमा नेपाल टेलिकमले जीएसएम तथा सीडीएमएका प्रिपेड, पोष्टपेड मोबाइलमा 'ह्याप्पी सोसल मिडिया प्याक' उपलब्ध गराउने भएको छ। ह्याप्पी सोसल मिडिया प्याकअन्तर्गत फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप चलाउन सकिने छ।

उक्त अफर वैशाख ३ गतेदेखि वैशाख १८ गतेसम्म लागू हुने कम्पनीले जनाएको छ। ह्याप्पी सोसल मिडिया प्याकअन्तर्गत २१ रुपियाँमा २ सय ५० एमबी डाटा प्राप्त हुनेछ। सो प्याक विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म प्रयोग गर्न सकिने छ। सो प्याक ७ दिन अवधिसम्म प्रयोग गर्न सकिने छ। ह्याप्पी सोसल मिडिया प्याक चलाउँदा वेब ब्राउजर नभई सम्बन्धित सोसल मिडियाको एप्स नै प्रयोग गर्नु आवश्यक हुन्छ।

त्यस्तै कम्पनीले एसईई परीक्षा दिएका र उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि विद्यार्थी अफर उपलब्ध गराउने भएको छ। सो अफर पनि वैशाख ३ गतेदेखि उपलब्ध हुनेछ। विद्यार्थीलाई ५० रुपियाँ टक भ्यालु भएको सिम नि:शुल्क उपलब्ध गराउने कम्पनीले जनाएको छ। सो रकममध्ये १० रुपियाँमार्फत् कल गर्न, डाटा खरिद गर्न वा एसएमएस गर्न जस्ता सबै सुविधा उपयोग गर्न सकिने छ। बाँकी ४० रुपियाँमार्फत् ४० मिनेट कल गर्न, ६० एमबी डाटा खरिद गर्न र २० वटा एसएमएस गर्न सकिने छ। यी सबै सुविधा ३० दिनभित्र उपभोग गरिसक्नुपर्नेछ। विद्यार्थीहरूलाई ६ महिनासम्म बोनसको रूपमा प्रतिमहिना ४० मिनेट भ्वाइस कल गर्ने, ६० एमबी डाटा चलाउने र २० वटा एसएमएस पठाउने सुविधासमेत उपलब्ध गराइने छ। यो सुविधा उपभोग गर्ने समयावधि ७ दिनको हुनेछ।

त्यसैगरी सो अफरअन्तर्गत रजिष्टर गरिएका सिममा ५० रुपियाँ वा सोभन्दा बढी रकम रिचार्ज गर्दासमेत १ वर्षसम्म प्रत्येक रिचार्जमा बोनस उपलब्ध गराइने छ। ५० रुपियाँ रिचार्ज गर्दा बोनसअन्तर्गत १० मिनेट भ्वाइस कल गर्न र ५० एमबी डाटा खरिद गर्न सकिने छ। रिचार्ज गरिसकेपछि यो सुविधा ३ दिनभित्र उपभोग गरिसक्नु पर्नेछ। अफरअन्तर्गत उपलब्ध भ्वाइस कल र एसएमएस नेपाल टेलिकमकै नेटवर्कभित्रका नम्बरका लागि मात्र उपलब्ध हुनेछ।

आगामी ३ महिनासम्म विद्यार्थी अफर उपलब्ध गराइने छ। अफरअन्तर्गत प्राप्त प्याकेज भने सिम एक्टिभ भएको ६ महिनासम्म उपलब्ध हुनेछ भने रिचार्जमा प्राप्त बोनस एक वर्षसम्म उपलब्ध हुनेछ। एसईई, उच्च मावि र सोभन्दा माथिल्लो तहका विद्यार्थीलाई विद्यार्थी अफरको सिम उपलब्ध गराइने छ। एसईई परीक्षा दिएका विद्यार्थीले सो सिम लिनका लागि विद्यालयको आईडी कार्ड वा परीक्षाको एडमिट कार्ड, फोटो र आफ्नो अभिभावकको नागरिकताको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ।

त्यसैगरी उच्च मावि र सोभन्दा माथिल्लो तहका विद्यार्थीहरूले आफ्नो नागरिकताको प्रमाणपत्र, फोटो र उच्च मावि वा कलेजको परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ। टेलिकमले हाल नयाँ वर्षको अवसरमा उपभोक्ताको थप सुविधाका लागि ह्याप्पी विकेन्ड प्याक, अनलिमिटेड जीएसएम, सीडीएमए नाइट डाटा प्याक, एडीएसएल भोलुम बेस्ड प्याकेज र एडीएसएल अनलिमिटेड प्याकेजसमेत उपलब्ध गराउने कम्पनीले जनाएको छ।

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८८.३५ | ८७.३५ | ८९.८५ | ८८.८५ | ८५.८५ | ८८.३५ | ८८.१५ | ९७.७२ |
| बीरगंज | ८६.४५ | ८५.४५ | ८७.९४ | ८६.९५ | ८३.९५ | ८६.४४ | ८६.२५ | ९५.९२ |
| विराटनगर | ८६.९५ | ८५.९५ | ८८.४४ | ८७.४५ | ८४.४५ | ८६.९४ | ८६.७५ | ९६.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी
NS:191

RHINO GUARANTEED DUCTILITY 500D
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८९।९० | ८६।९० | ८९।९० | ८९।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।५० | ८७।५० | ९०।५० | ९०।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९०।५० | ८७।५० | ९०।५० | ९०।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |
| पोखरा, स्याङ्जा | ९१।५० | ८८।५० | ९१।५० | ९१।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

# पुष्प मेला ५५ लाखको कारोबार

काठमाडौं, (नेस)

पुष्प व्यवसायको व्यावसायिक प्रवर्द्धनका लागि राजधानीमा शुरू भएको फ्लोरा एक्स्पोको तेस्रो दिनसम्ममा ५५ लाख रुपियाँभन्दा बढीको कारोबार भएको छ। साथै एक्स्पो ४७ हजारले दर्शकले अवलोकन गरेका छन्।

'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने नाराका साथ शुक्रबारदेखि भृकुटीमण्डपमा २१औं फलोरा एक्स्पो शुरू भएको हो। शनिबार एकै दिन २५ लाख रुपियाँ हाराहारीको कारोबार भएको मेला आयोजक फ्लोरिकल्चर एसोसिएसनले जनाएको छ। मेलामा १० वटा अफिसियल स्टल, ६५ व्यावसायिक स्टल, ४ वटा ल्यान्डस्केपिङ २ वटा फुडस्टल र एउटा प्रतियोगितात्मक स्टल राखिएका छन्।

त्यसैगरी मौसमी फल, आलंकारिक बोट बिरुवा, कट फ्लावर, ड्राइफ्लावर, सुनाखरी, कम्पोष्ट मल, फूलको गानो, बीउविजन प्रदर्शनी तथा बिक्रीमा राखिएको मेला संयोजक तथा एसोसिएसनका उपाध्यक्ष रामजी तिमिल्सिनाले जानकारी दिनुभयो। पुष्प व्यवसायका लागि आवश्यक ग्रीन हाउस, कृषि औजार, उपकरण, प्याकेजिङका सामग्री, सुक्ष्म तथा थोपा सिँचाइ प्रविधि र विषादीका प्रदर्शनी तथा बिक्रीसँग परामर्श सुविधा पनि उपलब्ध गराएको उहाँले बताउनुभयो।

सोमबार समापन हुने मेला अवधिभर ७० लाख रुपियाँका हाराहारीको कारोबार हुने एसोसिएसनको अनुमान छ। पुष्पखेतीको व्यावसायिक उत्पादन काठमाडौं उपत्यका सहित धनगढी, पोखरा, नारायणगढ, हेटौंडा, बुटवल, विराटनगर, धरान, झापालगायतका स्थानमा विस्तार भएको बताइएको छ। पछिल्लो अवधिमा विभिन्न २१ जिल्लाका ६ सय ७८ स्थानमा व्यावसायिक पुष्पखेती शुरू भएको एसोसिएसनले जनाएको छ।

SAUDI ARABIA मा रोजगारको अवसर
१. कम्पनी: TAIBA PAPER & PLASTIC PRODUCTS FACTORY
पूर्वस्वीकृती मिति : 2018/04/13 चलानी नं. ६०१२९९६६ LT No: 209064

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब सुविधा SR | मासिक तलब सुविधा ने.रु | न्यूनतम योग्यता | प्रतिदिन काम गर्नेघण्टा | हप्तामा काम गर्नेदिन | ओ.टी.हुने या नहुने / वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 1200/- | 33,444/- | सम्बन्धित काममा दक्ष | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | SR 300 | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने वीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफै | नदिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | १०,०००/- |

नोट १) छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले जान नचाहेमा भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ।
२) उमेर २१ देखि ४५ वर्ष भित्रको हुनु पर्नेछ।
३) अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्नेछ।

लागत खर्च = रू १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाइ अनिवार्य रूपमा लिनुहोला । * आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोकको सम्पर्क र फोन नं साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ।* यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनु होला । *विदेश जानु अघि अभिमुखीकरण वा इडक्सन तालिम अनिवार्य दिनुहोला । *विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को एक प्रति आफूसंग राख्नुहोला । काममा विदेश जान नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । *यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, तीनकुनेमा सम्पर्क राख्नुहोला ।

GOC श्रम इजाजत नं. २६/०४८/०४९
गल्फ ओभरसिज कन्सलटेण्ट
भगवान वहाल, ठमेल, काठमाण्डौं, नेपाल
फोन नं. ४४२३४२९ / ४४२३०३० / ४४१८६९७

## उन्नतिशील बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.जि.का.म.न.पा. वडा नं. १५ स्वयम्भु, काठमाडौं ।
फोन नं. ०१४०३३५४९

**धितोमा रहेको अचल सम्पति लिलाम विक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७५/०१/०३

यस सहकारीमा तपशिल बमोजिमका ऋणीले यस सहकारीसँग गरेको संझौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई सहकारीसंग गरेको सर्त बन्देजहरु उलंघन गर्नु भएको र सहकारीको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखितरुपमा ताकेता गर्दा समेत कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएको हुँदा यस संस्थाको कर्जा निती तथा प्रचलित सहकारी ऐन नियमावली अनुसार ऋणीको फोटो सहितको सूचना राष्ट्रिय दैनिक नेपाल समचारपत्रमा पटक ,पटक प्रकाशित गरी कर्जा बुझाउन अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ नलागेको हुदाँ ऋणिले यस सस्थालाई लेखिदिएको तपशिल बमोजिमको धितो जहाँ जे अवस्थामा छ सोहि अवस्थामा डाँक बढाबढबाट लिलाम बिक्रि गरी सहकारीको लेना रकम असुल उपर गनुपर्ने भएको हुदाँ यो धितो लिलाम सम्वन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएका छ ।

**तपशिल**

| ऋणीको तिनपुस्ते विवरण | ऋणीको फोटो | धितो विवरण |
|---|---|---|
| नाम : गोपाल राम बासुकला<br>बाबु : गोपाल बासुकला<br>बाजे : जसनारायण बासुकला<br>ठेगाना : भक्तपुर जिल्ला<br>भ.न.पा.वडा नं. १०, यालाछे<br>ना.प्र.प.नं. २७१० |  | का.जि. शेषनारायण गा.वि.स. वडा नं. ७ कि.नं. ३३५ का क्षे.फ. १-७-०-०<br>भ.पु.जि झाखेल ल.गा.वि.स. वडा नं. ८ च कि नं. १५१,१७६,१८१ को क्षे.फ. क्रमश : ०-२-०-०, ०-१३-०-०, ०-१-२-० |
| जमानी बस्नेको विवरण<br>नाम : सुमन सितिखु<br>बाबु : भक्त बहादुर सितिखु<br>बाजे : न्छुछे बहादुर सितिखु<br>ठेगाना : भक्तपुर जिल्ला<br>भ.न.पा.वडा नं. ५ |  | |
| नाम : आश्लक्ष्मी बासुकला<br>पति : गोपालराम बासुकला<br>ससुरा : गोपाल बासुकला | | |

**लिलाम विकीका सर्तहरु**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्यक्तिले आफुले कवोल गरेको कुल रकमको १०% हुन आउने रकम नगद धरौटि वापत यस संस्थामा तत्काल जम्मा गर्नु पर्ने छ ।

२. लिलाम सकार गर्ने व्यक्तिले स्वकृतपत्र पाएको मितिले ७ दिन भित्र कवोल गरेको सम्पुर्ण रकम नवुझाएमा धरौटि रकम स्वत जफत हुने छ ।

३. धितो सुरक्षणमा रहेको अचल सम्पति लिलाम विकीमा सकार गरि लिने ले अचल सम्पति दाखिल खारेज दर्ता गर्दा लाग्ने शुल्क दस्तुर वापतको रकम सबै आफैले व्यहोर्नु पर्ने छ ।

४. सूचना प्रकाशित भएको ३६औं दिनको ठिक ११ बजे लिलाम कार्य हुने र सो दिन बिदा पर्न गएमा सो को भोलिपल्ट लिलाम हुने छ ।

५. अचल सम्पति लिलाम विकी गर्दा सबैभन्दा बढी अङक बोल्ने लाई धितो सुरक्षणको अचल सम्पति दिइने छ , त्यसमा विवाद उठेमा दिने वा नदिने अधिकार सस्थामा सुरक्षित रहने छ ।

६. लिलाम हुने धितो हेर्न चाहेमा आफ्नो खर्चमा अचल सम्पति रहेको स्थानमा गई डाँक बोल्नु पूर्व सरोकारवालाहरुले हेर्न सक्नु हुने छ ।

७. जग्गा धनि वा निजको प्रतिनिधि लिलाम विकी हुने समयमा उपस्थित हुनु पर्ने छ तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिकी गर्न बाधा पुग्ने छैन ।

८. धितो लिलाम विकी हुदाँ डाँक बढाबढ मा कसैले भाग नलिएमा संस्था आफैले सो धितो र सो को लिगलगापात समेत सकार गरि लिन सक्नेछ ।

## बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि.
नागार्जुन -०४ सितापाइला सोल्टी दोबाटो
(प्रकाशित मिति २०७५/०१/०३ गते तेस्रो पटक प्रकाशित)

यस **बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि** नागार्जुन -०४ सितापाइला सोल्टी दोबाटो काठमाण्डौबाट तपसिलमा उल्लेखित व्यक्तिले लिनु भएको कर्जा पटक-पटक लिखित, मौखिक एवं ३५ दिने र १५ दिने कर्जा तिर्न आउने बारे पत्र पठाईएकोमा समेत कर्जा चुक्ता गर्न नआउनू भएकोले कर्जाको सुरक्षण वापत लेखी दिएको तपशिलमा उल्लेखित चल अचल सम्पत्ति डाक बढाबढबाट लिलाम बिक्रीगरि संस्थाको कर्जाको सांवा, व्याज, हर्जाना दैदस्तुर समेतको जम्मा रकम रु.१७,२५,४७५/–(अक्षरुपी सत्र लाख पच्चीस हजार चार सय पचहत्तर मात्र) असुल उपर गरिने हुंदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणीले संस्थाबाट कर्जा लिंदा कर्जाको सुरक्षाको लागि संस्थामा धितो रहेको अचल सम्पत्ति जेजस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिन इच्छुक महानुभावहरुबाट यो सूचना समाचार पत्र दैनीक प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालयमा कार्यालय समय भित्र डाक बढाबढ फाराम लिनू हून सूचित गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा (सो दिन बिदा परे लगत्तै कार्यालय खुलेको दिन) संस्थाको केन्द्रिय कार्यालय का.जि. नागार्जुन -०४ सितापाइला सोल्टी दोबाटो स्थित **बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि.**को **केन्द्रीय** कार्यालयमा दिनको २:०० बजे लिलाम बढाबढ गरिने हुंदा बोलपत्रवाला स्वयंम् वा निजको आधिकारिक प्रतिनिधी तोकिएको मिति, समय र स्थानमा उपस्थित भई डाक बढाबढ कार्यबाट सहभागी हुन समेत सूचित गरिन्छ । डाक लिलाम फाराम संस्थाको केन्द्रिय कार्यालयमा **रु ५००/-**बुझाई खरिद गर्न सकिने छ । डाकलिलाम सम्बन्धी अन्यशर्त तथा नियमहरु संस्थाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ । परेका बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**तपसिल**

| ऋणीहरुको नाम, थर, वतन र तीन पुस्ते | फोटो | ऋणीहरुको धितोको बिवरण |
|---|---|---|
| १. श्री रबिन्द्र लामा<br>स्थायी ठेगानाः जिल्लाः रौतहट जुडिबेला–०९<br>पिताः दल बहादुर तामाङ<br>बाजेः शिंह लाल तामाङ<br>हाल नार्गाजुन न.पा. वडा नं.–५ |  | क) जग्गाको ठेगाना :<br>का.जि. सितापाइला वडा नं. ७<br>कि. नं. ६५ क्षे.फ. २९४/०५ ब.मि.<br>मध्ये आधा हिस्सा मात्र |

**लिलामका शर्तहरु**

१.डाकलिलाम बडाबढ गर्ने दिन ऋणी वा ऋणीका प्रतिनिधी उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ ।
२.उल्लिखित अचल सम्पत्तिको धितो मञ्जुरीनामा दिनेलाई यसै सूचनाबाट सूचना प्राप्तभएको मानिने छ ।
३.धितो लिलाम बिक्रीबाट संस्थाको लेना रकम असुल उपर नभएमा ऋणीको अन्यजायजेथा बाट तथा धन जमनिको चल अचल सम्पतिबाट समेत असुलउपर गरिने छ ।
४.धितोको विस्तृत विवरण संस्थाको सूचनापाटीमा टांस गरिएको छ ।
५.धितो लिलामबिक्री सम्बन्धी बोलपत्रका अन्यशर्त वा धितो लिलामबिक्री गरिने सम्पत्तिको अन्य आवश्यक कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले संस्थामा कार्यालय समयभित्र हेर्न सक्नुहुनेछ ।
६.लिलाम डाकबढाबढ हुंदा सबैभन्दा बढी डाक बोल्नेको स्वीकार गरिनेछ ।
७. आफुले कबुल गर्न चाहेको रकमको १० प्रतिशत धरौटी रकम डाकबढाबढ फारम सँगै अग्रिम दाखिला गर्नुपर्ने छ, साथै धितो लिलाम बिक्री गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहने छ ।

**बहुआयामिक कृषि वचत तथा ऋण सहकारी संस्था लि.**
नागार्जुन न.पा.– ०४, सितापाइला सोल्टी दोबाटो, काठमाडौं
सम्पर्क नं. ०१–४२७३८०७ Email: bahuaayamik@gmail.com

# लघु जलविद्युत् विकास संस्थामा नयाँ नेतृत्व

काठमाडौं, (नेस)

नेपाल लघु जलविद्युत् विकास संस्थाको २५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। उक्त साधारणसभाले नयाँ कार्यसमिति समेत चयन गरेको छ।

नयाँ कार्यसमितिमा अध्यक्ष कृष्णप्रसाद देवकोटा, निवर्तमान अध्यक्ष सुरेन्द्रभक्त माथेमा, प्रथम उपाध्यक्ष शिवपसाद अधिकारी, द्वितीय उपाध्यक्ष प्रेम शाक्य, महासचिव तेजनारायण ठाकुरलाई रहेका छन्।

त्यस्तै सचिवमा श्रीराम अधिकारी, कोषाध्यक्षमा बसन्त लामिछाने तथा सदस्यहरूमा प्रकाशविक्रम बस्नेत, अर्चना सिंह, राजन घिमिरे, गणेश खरेल, श्रीराम देवकोटा र प्रेम ताम्राकार चयन गरिएको एसोसिएसनले जनाएको छ।




# बुद्धत्व झल्कने प्रवेशद्वार बनाइने

बुटवल, (नेस)

नेपाल-भारत सीमानाका बेलहियामा नेपालको चिनारीसहित बुद्धत्व झल्कने आकर्षक प्रवेशद्वार बनाइने भएको छ। सिद्धार्थनगर नगरपालिकाले १ करोड ५० लाख लगानीमा उक्त द्वार बनाउन लागेको हो। सिद्धार्थनगरको बेलहिया नाका स्थलमार्ग हुँदै सबैभन्दा बढी पर्यटक भित्रिने नाका हो।

यहाँ नेपालको दोस्रो ठूलो भन्सार कार्यालय पनि छ। यो नाका हुँदै भारतलगायत तेस्रो मुलुकका लाखौं पर्यटक लुम्बिनीमा भ्रमणमा आउँछन्। लुम्बिनी आउने अधिकांश पर्यटकले बुद्धजन्मस्थल प्रवेश गऱ्यौं भन्ने पत्तो समेत पाउँदैनन्।

> विद्युत् चुहावट २०७१/७२ मा ९ अर्ब ९८ करोड ३० लाख, २०७२/७३ मा ११ अर्ब २७ करोड ५ लाख र २०७३/७४ मा १४ अर्ब १८ करोड ६७ लाख बराबर रहेको हुँदा व्यवस्थापकीय पक्षमा सुधार गरी नियन्त्रण गर्नुपर्दछ।२०७४ जेठ दोस्रो हप्तादेखि नेपालभर गार्हस्थ्य वर्गमा लोडसेडिङ नभएको र औद्योगिक ग्राहकको हकमा साँझ ३ घण्टामात्र लोडसेडिङ हुँदै आएको छ।

## यामाहाको अर्को अफर आयो

काठमाडौं, (नेस)

नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले यामाहाका हरेक स्कुटरको खरिदमा अभुतपूर्व 'रिसेल प्रोमिस' अर्थात् 'पुनर्विक्रिय बाचा' घोषणा गरेको छ।




यो योजनाअनुसार यामाहा स्कुटर खरिद गर्ने ग्राहकले एक वर्षभित्रमा यामाहा मोटरसाइकल वा स्कुटरसँग एक्सचेन्ज गर्न चाहेमा पुरानो स्कुटरको मूल्यांकन खरिद मूल्यको ७५ प्रतिशत पक्का पाउनुहुनेछ। यसका साथै स्कुटर किनेको १२ महिनादेखि १८ महिनाको अवधिमा एक्सचेन्ज गर्न चाहने ग्राहकले पुरानो स्कुटरको मूल्यांकन पहिलेको खरिद मूल्यको ७० प्रतिशत पाउनेछ।

त्यसैगरी १८औं महिनादेखि २४औं महिनामा यामाहाका दुईपांग्रेसँग एक्सचेन्ज गर्न चाहने स्कुटरधनीले ६५ प्रतिशत मूल्यांकन पाउनेछन्। यामाहाको 'रिसेल प्रोमिस' चैत १ गतेदेखि स्कुटर खरिद गर्ने सबै ग्राहकले पाउनेछन् भने यो योजनाको वैधता तीन वर्षसम्म हुनेछ।

'भर्खरै भएको एक अध्ययनले यामाहाका स्कुटरहरू स्टाइल र कम्फर्टमा सबैभन्दा बढी रुचाइएको देखाएको थियो। ग्राहकको रोजाइमा पर्नु गर्वको कुरा हो। उहाँहरूप्रति कृतज्ञता व्यक्त गर्न हामीले यो अभुतपूर्व योजना ल्याएका हौं,' एमएडब्लु इन्टरप्राइजेज यामाहा डिभिजनका मार्केटिङ हेड प्रदिप पोखरेलले भन्नुभयो-'अब यामाहाका स्कुटर स्टाइलिस र कम्फर्टेबल मात्र छैन, रिसेल प्रोमिस ग्यारेन्टी गरिएको पनि छ।'

नेपालमा अहिले यामाहाको फेसिनो, रेजी, रे जेडआर र अल्फा गरी चार मोडेलका स्कुटर उपलब्ध छन्। यामाहाले नयाँ वर्ष २०७५ को अवसरमा 'आमन्त्रण' नामको ग्राहक योजना ल्याएको थियो। यो योजनामा यामाहा ब्रान्डका मोटरसाइकल र स्कुटर खरिद गर्ने ग्राहकले एउटा स्क्र्याच बुक पाउनेछन्। जसमा उहाँले ५ हजार रुपियाँदेखि ५० हजार रुपियाँसम्म 'स्योर सट डिस्काउन्ट' र सय प्रतिशतसम्म 'क्यास ब्याक' पाउनुहुनेछ।

## महिन्द्रा टु ह्वीलको परासीमा नयाँ शोरुम

काठमाडौं, (नेस)

नेपालको लागि महिन्द्रा टु ह्वीलको आधिकारिक बिक्रेता अग्निमोटो इन्कको आधिकारीक डिलर वारिस अटोमोबाइल्सले सेल्स, सर्भिस र स्पेयर पार्टस्हरूको सेवा प्रदान गर्ने उद्देश्यसहित परासी बजारमा आफ्नो शाखा शोरुमको समुद्घाटन गरेको छ।

शोरुमको शुभारम्भपछि यस क्षेत्र तथा आसपासका ग्राहकले सर्वसुलभ एवं सहज तरिकाबाट महिन्द्रा टु ह्वीलको सेल्स, सर्भिस र स्पेयर पार्टस् सम्बन्धी गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने छन्।

कम्पनी केवल सवारी बिक्री गर्नेतर्फ मात्र केन्द्रित नभई ग्राहमुखी सेवा, चुस्त सर्भिस तथा स्पेयर पार्टस्हरूको सर्वसुलभतातर्फ पनि विशेष ध्यान केन्द्रित रहेको छ। चाहिएको बेला सर्वसुलभ तरिकाबाट बाइक तथा स्कुटर खरिद, सर्भिसिङ तथा समयमै ग्राहकरुलाई स्पेयर पार्टस्हरू उपलब्ध गराई ग्राहकलाई सन्तुष्टि दिनु यस सेन्टरको प्रमुख उद्देश्य रहेको जानकारी वारिस अटोमोबाइल्सका सञ्चालक इरफान वारिसले गराएका छन्।

## कानुन संशोधन गरेर बजार अनुगमन गरिने

काठमाडौं, (नेस)

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले जनताको प्रत्यक्ष सरोकार रहेको बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउने दाबी गर्नुभएको छ। मातहतको संयन्त्रलाई व्यवस्थित र सक्षम बनाएर बजार अनुगमन गर्ने प्रक्रियामा मन्त्रालय रहेको मन्त्री यादवको भनाई रहेको थियो।

मन्त्री यादवले आइतबार पत्रकार सम्मेलन गर्दै विगतमा अनुगमन गर्दा विभागको पर्याप्त तयारी पनि नरहेको र कानुनी रूपमा पनि कमजोर रहेकाले कानुन परिमार्जन गरी अनुगमन प्रभावकारी बनाउने योजना रहेको बताउनुभयो।

मन्त्री यादवले भन्नुभयो-'२०३० सालदेखिका पुराना ऐन कानुन रहेको छ, यसलाई नै परिमार्जन गर्दै बजार अनुगमन प्रभावकारी बनाइने छ।' साना-ठूला व्यवसायीलाई एकै दायरामा ल्याउने छौं। बजारमा गड्बड गर्नलाई छुट नहुने भन्दै मन्त्री यादवले विभागले सानालाई भन्दा पनि ठूला व्यवसायीबाट अनुगमन थालिने बताउनुभयो। मन्त्रीको भनाइ थियो-'ठूलालाई लाइनमा ल्याउन सकेकमा साना व्यवसायी आफैं नियमनमा आउँछन्।'

विभागको महानिर्देशक किन सरुवा गरियो भन्ने प्रश्नमा मन्त्री यादवले विगतका महानिर्देशकले जनताको अनुकुल काम नगरेकोले सरुवा गरिएको बताउनुभयो।

## विद्युत् महशुल बक्यौता ११ अर्ब

काठमाडौं, (नेस)

नेपाल विद्युत् प्राधिकरणको विद्युत् महशुल बक्यौता १२ दशमलव ३७ प्रतिशतले वृद्धि भई ११ अर्ब १८ करोड ६८ लाख ४० हजार रुपियाँ पुगेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ।

महालेखाको ५५औं वार्षिक प्रतिवेदनअनुसार उक्त बाहेक लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको ५६ करोड ७० लाख रुपियाँ यो वर्ष जिम्मेवारीमात्रै सारेको तर रकम उठाउन कुनै प्रयास गरिएको छैन। महशुल बक्यौताअन्तर्गत अस्थायी जडानबापत ९२ लाख १० हजार, आन्तरिक खपतबापत ५० लाख ३० हजार र सडक बत्तीबापत ३ अर्ब १५ करोड १ लाख ९० हजार रहेको छ।

त्यस्तै कालोसूचीमा परेका ग्राहकबाट असुल हुनुपर्ने ६७ करोड ७६ लाख ८० हजारको विवरण उपलब्ध नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी प्राधिकरणको विद्युत् चुहावट विगत वर्षभन्दा १ दशमलव ३४ प्रतिशतले वृद्धि भई २५ दशमलव ७८ पुगेकोमा २०७३/७४ मा २ दशमलव ८८ प्रतिशतले सुधार भई २२ दशमलव ९० प्रतिशत रहेको छ।

## हिमालयन बैंक र आईएफसीबीच सम्झौता

काठमाडौं, (नेस)

हिमालयन बैंक र विश्व बैंक समूहअन्तर्गतको इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आईएफसी)बीच महिला उद्यमीहरूको साना तथा मझौला व्यवसायमा लगानी गर्ने सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौतापत्रमा हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शम्शेर राणा र आईएफसीका आवासीय प्रतिनिधि एम रेहान रसिदले हस्ताक्षर गर्नु भएको छ। उक्त सम्झौताअनुसार आईएफसीले हिमालयन बैंकलाई आवश्यक कोष कर्जा स्वरूप उपलब्ध गराउने छ। महिला उद्यमीहरूको साना तथा मझौला व्यापार स्थापना, सञ्चालन र प्रवर्द्धन गर्नु उक्त सम्झौताको मुख्य उद्देश्य हो। हिमालयन बैंकले प्राप्त गरेको उक्त रकम नेपाली महिला उद्यमीको साना तथा मझौला व्यवसायलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने प्रयोग गर्नेछ।

## मुक्तिनाथ विकास बैंकमा नयाँ डीसीईओ

काठमाडौं, (नेस)। मुक्तिनाथ विकास बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त तारा मानन्धरले आइतबारदेखि पदबहाली गर्नु भएको छ। त्रिभुवन विश्वविद्यालयबाट एमबीए गरेका मानन्धर यसअघि प्रभु बैंकको नायव प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीमा रहेनुभएको थियो। मानन्धरको विभिन्न वाणिज्य बैंकमा १७ वर्ष लामो कार्य अनुभव रहेको छ।






# आर्मीको विजयी शुरूआत

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल आर्मी 'ए' ले प्रथम मनमोहन स्मृति खुला बास्केटबल प्रतियोगिताको पुरुषतर्फ आइतबार विजयी शुरूआत गरेको छ।

चण्डोलस्थित विशाल मिलन केन्द्रको कोर्टमा आर्मीले युनिभर्सललाई ८२-३३ ले सहजै पराजित गर्‍यो। आर्मीको जितमा रविन खत्रीले ३३ अंक योगदान गरे। पहिलो क्वाटरमा १८-१२ को अग्रता लिएको आर्मी 'ए' ले अन्तिमसम्म अग्रतालाई कायम राख्दै क्रमश: १५-२, ३३-९ र १६-१० अंक जोड्यो।

नेपाल खेलकुद महासंघ (नेकोस), काठमाडौं ४ द्वारा आयोजित प्रतियोगिताको पुरुषमै जेभियर इन्टरनेसनल र एसडीसी हाउन्ड्स विजयी भए। जेभियरले आयोजक (नेकोस) लाई ५०-४१ ले हरायो। जेभियरका अनिश मगरले १६ स्कोर गरे। शुरूआतमा ८-११ ले पछि परेको जेभियरले अन्य क्वाटरमा अग्रता बनाउँदै जित हात पार्न सफल भयो। जेभियरले दोस्रोमा १३-११, तेस्रोमा १२-९ र चौथोमा १७-१० को प्रदर्शन गर्‍यो।

हाउन्ड्सले साउथ साइडर्सको चुनौती ५७-५२ ले पन्छायो। हाउन्ड्सका सरोज श्रेष्ठले २५ अंक जोडे। हाउन्ड्स पनि शुरूको क्वाटरमा १३-१९ ले पछि रह्यो। बाँकीमा अग्रता लिन सफल हाउन्ड्ले दोस्रोमा १८-१४, तेस्रोमा १३-७ र चौथोमा १३-१२ अंक जोड्यो।

महिलामा साइपाल एकेडेमीले नेकोसमाथि ६२-१६ को सहज जित दर्ता गर्‍यो। साइपालका लागि रोशनी श्रेष्ठले १२ अंक जोडिन्। साइपालले पहिलोमा १६-६, दोस्रोमा २२-३, तेस्रोमा १८-२ र चौथोमा ६-५ अंक बनायो।

प्रतियोगिताको प्रदेश सांसद नारायण सिलवालले एक कार्यक्रमबीच उद्घाटन गरेका थिए। ९ टिम सहभागी पुरुषमा विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार पाउने छन्। 'मोस्ट भेलुएबल प्लेयर' र सर्वाधिक स्कोरकर्तालाई १०-१० हजार नगद पुरस्कार प्रदान गरिनेछ।

# राष्ट्रिय खुला पुरुष भलिबल हुने

**नेपाल समाचारपत्र**

काठमाडौं



द युथ पावर नेपालको आयोजनामा ओखलढुंगामा दोस्रो खुला राष्ट्रिय पुरुष भलिबल हुने भएको छ। पर्यटन, शिक्षा र सामाजिक विकासका लागि खेलकुद भन्ने नाराका साथ लिखु गाउँपालिकास्थित गाम्नाङटारमा वैशाख ६ देखि ८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा १२ टिमको सहभागिता रहने प्रतियोगिता संयोजक युवराज थापाले जानकारी गराएका छन्।

प्रतियोगितामा हालसम्म पश्चिमाञ्चल, नमुना दिप, हिमगंगा, खिजिदेम्बा, जनजाग्रित युवा क्लब, रानीवन युवा क्लब र रमाइलो बस्तीको सहभागिता निश्चित भएको संयोजक थापाले जानकारी गराए। लिगकम नक आउटका आधारमा सञ्चालन हुने प्रतियोगिताको बिजेता टिमले १ लाख ५५ हजार ५ सय ५५ रूपयाा प्राप्त गर्नेछ। दोस्रो हुनेले ७७ हजार ७ सय ७७ तथा तेस्रोले ४४ हजार ४ सय ४४ नगद प्राप्त गर्नेछन्। प्रतियोगिताको उत्कृष्ट खेलाडीले ५ हजार ५ सय ५५ रूपयाँ नगद प्राप्त गर्नेछन्। विधागत उत्कृष्टले पनि जनही १५ सय नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ।

## धरहरा

### जानकारी पाऊँ



काठमाडौं उपत्यकामा विरोध र प्रदर्शनका कार्यक्रम कहिलेकाहीं निकै बाक्लै हुन्छन्। सानो कुरा चित्त नबुझोस् या ठूलो निस्कियो सडकमा, अनि शुरू गर्‍यो विरोध। सडकमा विरोध भएन भने सरकार र सम्बन्धित निकायले नसुन्ने भएपछि अन्यत्र जाने कुरै पनि त भएन।

वर्तमान सरकार विगतका सरकारभन्दा केही फरक भयो क्यार विरोध कार्यक्रम राम्रैसँग सुन्न थालेछ। सरकारले सार्वजनिक कार्यक्रमस्थल र विरोध प्रदर्शनस्थल नै तोक्या छ। काठमाडौंको खुलामञ्च, तीनकुने खुला चौर, भुइँखेल चौर, पेप्सीकोला खेल मैदान, सानो गौचरण, लैनचौर खुला स्थान, सिफल चौर यही प्रयोजनका लागि तोकिएको रे।

वैशाख १६ गतेदेखि लागू हुने गरी ती क्षेत्रबाट मात्रै विरोध प्रदर्शन गर्न पाइने धरहराले बुझ्यो। जिल्ला प्रशासन कार्यालय काठमाडौंले सार्वजनिक गरेको सूचनामा 'उल्लेखित क्षेत्रबाहेक अन्यत्र विरोध कार्यक्रम भएको खण्डमा सुनुवाइ हुने छैन, माग पूरा गरिनेछैन' भन्ने वाक्यांश लेख्न छुट्या हो कि ? अन्यत्र गरिने विरोध र धर्नालाई अवैध पो भन्न खोज्या हो कि ? लौन, यसबारेमा जानकारी पाऊँ।

# बार्सिलोनोको कीर्तिमान



लन्डन, (एजेन्सी)

बार्सिलोनाले ला लिगामा उच्च प्रदर्शनलाई जारी राख्दै अपराजित हुने नयाँ कीर्तिमान कायम गरेको छ।

शनिबार भएको खेलमा जित हात पार्दै बार्सिलोनाले ला लिगामा ३९ खेलमा अपराजित रहँदै नयाा कीर्तिमान बनाएको हो। भ्यालेन्सियाविरुद्ध भएको उक्त खेल २-१ ले जितेसँगै बार्सिलोनाले नयाँ कीर्तिमान राखेको हो। बार्सिलोनाले उक्त कीर्तिमान राख्ने क्रममा यसअघि सन् १९७८/७९ र १९७९/८० को सिजनमा रियल सोसिडाडले बनाएको ३८ खेलको अपराजित कीर्तिमानलाई तोडेको हो।

घरेलु मैदानमा लुइस स्वारेजको गोलबाट बार्सिलोनाले अग्रता लिएको थियो। खेलको ५१औं मिनेटमा उम्टिटीले गोल गर्दै बार्सिलोनाको अग्रता दोब्बर पारे। यता खेलको ८७ औं मिनेटमा डेनियल पारेजोले पेनाल्टीमा गोल फर्काउँदै भ्यालेन्सियाको गोलअन्तर कम गरे पनि हारबाट बच्न पर्याप्त भएन। जितपछि ३२ खेलपछि बार्सिलोना ८२ अंकसहित शीर्षस्थानमा यथावत रहेको छ।

### सिटी उपाधिनजिक

इंग्लिस प्रिमियर लिगअन्तर्गत शनिबार टोटेनह्याम हटस्परलाई हराउँदै म्यानचेस्टर सिटी उपाधि जित्नबाट एक खेल मात्र टाढा बनेको छ।

सिटीले टोटेनह्यामलाई ३-१ गोलअन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो।

गत साता च्याम्पियन्स लिगको यात्रा टुंग्याएको सिटी शनिबार उत्कृष्ट लयमा फर्केको थियो। खेलको २५ मिनेटभित्र नै सिटीले २-० को अग्रता लिन सफल भएको थियो। सिटीको जितमा ग्याब्रियल जेसस, इल्काए गुन्डोगन र रहिम स्टरलिङले एक-एक गोलको योगदान गरेका थिए। टोटेनह्यामका लागि क्रिस्टियन एरिक्सनले एक मात्र गोल फर्काएका थिए।

जितपछि सिटीको ३३ खेलबाट ८७ अंक भएको छ। दोस्रो स्थानमा रहेको म्यानचेस्टर युनाइटेडले ३२ खेलमा ७१ अंक जोडेका छन्। सिटी अब उपाधिबाट एक जित मात्र टाढा रहेको छ।

# विदेशी खेलाडीको अग्रता

काठमाडौं, (नेस)

काठमाडौं ओपन अन्तर्राष्ट्रिय जीएम चेस प्रतियोगितामा उच्च वरियाताका विदेशी खेलाडीहरूले अग्रता लिएका छन्।

प्रतियोगिताको छैटौं चरणका खेल सकिादा ७ जना ग्रान्डमास्टरसहित १४ जना खेलाडीले ५ अंकसहित संयुक्त अग्रता हासिल गरेका छन्। होमल्यान्ड स्पोर्टस क्लबको आयोजनामा बुढानीलकण्ठस्थित पार्क भिलेज रिसोर्टमा जारी प्रतियोगिताको छैटौं चरणमा भारतीय इन्टरनेसनल मास्टर हर्ष भाराथाकोटीले युक्रेनका ग्रान्डमास्टर तालेभ कन्सेन्टिनलेसँग बराबरी खेल्दै दुवैले ५ अंकका साथ संयुक्त अग्रता बनाएका छन्। पाँचौं चरणमा हर्षले रसियाली ग्रान्डमास्टर फोमिनी अलेक्जान्दरलाई हराएका थिए।

त्यस्तै भारतका ग्रान्डमास्टर श्रीराम झाले पनि अजरबैजानका ग्रान्डमास्टर मिर्जोभ अजरसँग बराबरी खेले। दुवै खेलाडी ५ अंकसहित संयुक्त शीर्ष स्थानमा छन्। पाँचौं चरणमा अजरले भारतीय खेलाडी जीवी हर्षबर्द्धन र झा ले आफ्नै देशका अनुप देशमुखलाई हराएका थिए।

बेलारुसका ग्रान्डमास्टर कास्पारोभ सर्गेइ र इजरायलका ग्रान्डमास्टर ग्रिनफिल्ड एलोनले पनि बराबरी खेले। दुवैको ५ अंक छ। पाँचौं चरणमा सर्गेइले युक्रेनका ग्रान्डमास्टर तार्लेभ कन्स्टेन्टिनसँग बराबरी खेलेका थिए भने एलोनले पनि भारतीय ग्रान्डमास्टर सन्दिपन चन्दासँग बराबरी खेलेका थिए। छैटौं चरणमा सन्दिपनले आफ्नै देशका प्रतीक पाटिललाई हराएर ५ अंक जोडेका छन्।

भारतीय ग्रान्डमाटर दीपसेन गुप्ताले आफ्नै देशका एन रामाराजुलाई हराउँदै ५ अंक जोडेका छन्। पाँचौं चरणमा उनले देशका इन्टरनेसनल मास्टर पी श्यामनिखिलसँग बराबरी खेलेका थिए। नेपाली फिडे मास्टर रूपेश जयसवालले भारतीय इन्टरनेसनल मास्टर हिमाल गोसाईंसँग पराजित भएपछि ५ अंकसहित संयुक्त अग्रता लिनबाट चुके। गोसाईंले पाँचौं चरणमा आफ्नै देशका निलेश साहसँग बराबरी खेलेका थिए।



अन्तर्राष्ट्रिय ग्रान्ड मास्टर बुद्धिचालमा नेपालका रिजेन्द्र राजभण्डारी प्रतिद्वन्द्वी विरुद्ध चाल चल्दै।

# प्रियालक्ष्मीलाई मञ्चको सहयोग

काठमाडौं, (नेस)

सगरमाथा आरोहणको तयारीमा रहेको प्रथम महिला पत्रकार टोलीकी सदस्य खेल पत्रकार प्रियालक्ष्मी कार्कीलाई नेपाल खेलकुद पत्रकार मञ्चले आर्थिक सहयोग गरेको छ।



शुभकामना कार्यक्रम आयोजना गर्दै आइतबार मञ्चका सदस्यहरू र अन्य खेल संस्था, खेल पदाधिकारीबाट संकलित १ लाख रुपियाँको चेक र मञ्चको झन्डा अध्यक्ष महेश आचार्यले कार्कीलाई हस्तारण गरका हुन्। मञ्चका प्रथम उपाध्यक्ष दुर्गानाथ सुवेदी (देवेन्द्र) ले एआइपीएस एसियाको, उपाध्यक्ष सञ्जिव शिल्पकारले एआईपीएसको झन्डा हस्तान्तरण गरे।

नेपाल फोटो पत्रकार क्लबका अध्यक्ष विकास कार्की, मञ्चका उपाध्यक्ष श्रीलोचन राजोपाध्याय र मञ्चका महासचिव प्रकाश तिमल्सिनाले खादा लगाई कार्कीलाई शुभकामना दिए। राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघको झन्डा उपमहासचिव डिल्ली काफ्लेले हस्तान्तरण गरे।




VACANCY
ANNOUNCEMENT

The Rolling Stones School is an English medium school that focuses on Early Childhood Development Programs and Arts & Music. The school emphasizes on practical teaching techniques led by highly professional educators.

We are looking to appoint dedicated, self oriented and dynamic professionals for the following posts:

**Secondary Level Teachers:**
(C. Math, Opt. Math, Computer, Social, English, Occupation)
No. of Vacancies: 6 (Full Time/Part Time)

**Lower Secondary Level Teachers:**
(English, Nepali)
No. of Vacancies: 2 (Full Time)

**Lower Secondary Level Teachers:**
(Science, English, Computer)
No. of Vacancies: 3 (Full Time)

JOB SPECIFICATION
- Must have Bachelors Degree
- Fluency in written and spoken English
- Minimum 2 years of work experience required
- Should be experienced, energetic and should be open to learning new things

JOB DESCRIPTION
- Prepare question papers
- Prepare academic plans
- Coordinate with School Incharge in developing the department and work in alliance with the other academic employees
- Other duties as assigned

SALARY
- Attractive Salary, negotiable with an educational degree and work experience

**Please drop in your CV & Cover Letter at hrkamana@gmail.com**

The Rolling Stones
ENGLISH MEDIUM SCHOOL
Maru Bhimsensthan, Kathmandu
Phone: 4261179, Email: hamroschool@gmail.com

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ